

शिवपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शेरावगर, नुवाकोट
बागमती प्रदेश, नेपाल

*"शिवपुरीको दीगो विकास र समृद्धिको आधारः शिक्षा, कृषि, पर्यटन र पूर्वाधार"*

# प्रथम आवधिक विकास योजना

(आ.व. २०७६/०७७-२०८०/०८१)

फोटो

फोटो

फोटो

फोटो

फोटो

शिक्षा, कृषि, पर्यटन र पूर्वाधार सम्बन्धी शिवपुरी गाउँपालिका भित्रका बिभिन्न फोटोहरु राख्दा राम्रो होला की ?

शिवपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शेरावगर, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७६

*"शिवपुरीको दीगो विकास र समृद्धिको आधारः शिक्षा, कृषि, पर्यटन र पूर्वाधार"*

# प्रथम आवधिक विकास योजना

(आ.व.२०७६/०७७ – २०८०/०८१)

## शिवपुरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शेराबजार, नुवाकोट

बागमती प्रदेश, नेपाल

२०७६

**दस्तावेज :** गाउँपालिकाको प्रथम आवधिक विकास योजना २०७६

**प्रकाशक :** शिवपुरी गाउँ कार्यपालिकाको कार्यालय, शेरावगर, नुवाकोट, बागमती प्रदेश
shivapuri.rmun@gmail.com

**सर्वाधिकार :** प्रकाशकमा

**प्राविधिक सहयोग :** सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि. काठमाडौ

**सहयोग :** पूर्णिमा : भूकम्प पश्चात्को पुनर्लाभमा वेलायती सहयोग नियोग

# शिवपुरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
शेराबगर, नुवाकोट
बागमती प्रदेश, नेपाल


## मन्तब्य

नेपालको संविधानले मूल संरचनाका रुपमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको परिकल्पना गरे अनुसार आफ्नो अधिकार क्षेत्रको विषयमा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी सबै तहमा रहेको छ। जनताको सबैभन्दा नजिकको सरकारका रुपमा गाउँपालिका र नगरपालिकाले संविधान र कानूनी तथा नीतिगत व्यवस्था बमोजिम स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ। यस्ता योजना तर्जुमा गर्दा दीगो विकास लक्ष्य र संघीय तथा प्रादेशिक योजनासँग तादम्यता कायम गर्नु जरुरी हुन्छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारले आफ्नो योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था गरको छ। सोही व्यवस्थाअनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरिबी निवारण, जीवनस्तर सुधार, रोजगारीका वृद्धी, उच्च जनसहभागिता, लक्षित वर्ग हित, दीगो विकास र भाषिक तथा साँकृतिक जगेर्ना जस्ता विषयलाई प्राथमिकता दिनुपर्ने कुरालाई जोड दिएको देखिन्छ।

विद्यमान कानुनी तथा नीतिगत आधार र गाउँपालिका स्वयम्को योजनावद्ध विकासको थालनी गर्ने प्रयास अन्तरगत शिवपुरी गाउँपालिकाले आवधिक विकास योजना तर्जुमा गर्ने कार्यक्रम तय गरेको थियो। योजनावद्ध विकास प्रयास कै सिलसिलामा गाउँपालिकाले सडक गुरु योजना समेत तयार पारिसकेको छ। आवधिक योजनाले निश्चित अवधिका लागि गाउँपालिकालाई आफुले चाहेको गन्तव्यतर्फ डोहोऱ्याउने काममा सहयोग पुऱ्याउने भएकोले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गरिएको छ। दीर्घकालीन महत्व राख्ने दस्तावेज भएकोले आवधिक योजना तर्जुमा गर्दा राजनैतिक दल, विभिन्न संघ-संस्था, नागरिक समाज, विद्वत वर्ग, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिले पनि सहभागिता सुनिश्चित गरी सबैको अपनत्व हुने गरी यो दस्तावेज तयार गरिएको छ।

योजना तर्जुमा र यसको कार्यान्वयन एक अर्काका परिपुरक हुने भएकोले यस दस्तावेजले निर्देश गरे अनुरुपको लक्ष हासिल गर्नु श्रोतसाधन र जनशक्ति ब्यवस्थापन लगायत विविध पक्षहरुबाट केही चूनौतीपूर्ण पनि छ। स्थानीय निकायमा धेरै वर्षको रिक्तता पश्चात भर्खरै स्थापित स्थानीय सरकारका आफ्नै ब्यवस्थापकीय चूनौतीहरु पनि छन्। यी सबैका बाबजुद आवधिक योजना कार्यान्वयनका लागि गाउँपालिकाले यथासम्भव प्रयत्न गर्ने नै छ।

अन्तमा, यो दस्तावेज तयार पार्न हरदम खट्नु हुने गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरु, योजना तर्जुमा कार्यशालामा सक्रिय सहभागिता जनाउनु हुने राजनैतिक दल र विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै यो दस्तावेज तयार पार्न आर्थिक तथा प्राविधिक सहयोग गर्नु हुने पूर्णिमा : भूकम्प पश्चात्को पुनर्लाभमा वेलायती सहयोग नियोगको सहयोग कार्यक्रम र दस्तावेज तयारीका सिलसिलामा सहजिकरण गरिदिनु हुने SDIC नेपालका सहजकर्ताहरुलाई पनि धन्यवाद दिन चाहन्छु।

**माघ २०७६**

**राम कृष्ण थापा**
अध्यक्ष

# शिवपुरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**शेराबगर, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

# प्रकाशकीय

वि. सं. २०७२ सालमा नेपालको संविधान जारी भए पश्चात संघीय शासन प्रणालीको नविनतम अभ्यास र फरक परिवेशमा जनताको सबैभन्दा नजिकको सरकारका रुपमा स्थानीय सरकार रहेको छ। यस दृष्टिले समृद्धि र सुशासनको जनआकांक्षालाई सम्बोधन गर्नु स्थानीय सरकारको ध्येय हुन जान्छ र यो ध्येय प्राप्तिको लागि तदनुरुपका प्रयत्नहरु शुरु देखिनै हुन जरुरी छ। स्थानीय निकायमा धेरै वर्षको रिक्तता पश्चात स्थापित स्थानीय सरकारका आफ्नै ब्यवस्थापकीय सवालहरु पनि छन् तथापि यी सबैको बावजुद समृद्धि र सुशासनको लक्ष हासिल गर्न योजनावद्ध विकासको प्रारुप तयार पारी सोही अनुकुल विकास निर्माणका गतिविधि अघि बढाउँदै लैजान जरुरी हुन्छ।

माथि भनिए अनुसार योजनावद्ध विकासको खाका तयार गर्न नीतिगत आधारहरु पनि रहेका छन्। संविधान र कानूनी तथा नीतिगत व्यवस्था बमोजिम स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ साथै यस्ता योजना तर्जुमाका क्रममा दीगो विकास लक्ष्य र संघीय तथा प्रादेशिक योजनासँग तादम्यता कायम गर्नु जरुरी हुन्छ। यिनै तथ्यहरुलाई मध्यनजर गरी गाउँपालिका क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गर्न गाउँपालिकाले आवधिक विकास योजना तर्जुमा गरेको हो।

आवधिक विकास योजना तर्जुमा गर्नु पूर्व संघीय सरकारबाट नमूनाको रुपमा उपलब्ध गाउँ/नगर वस्तुस्थिती विवरण तयारी कार्यविधि स्वीकृत गरी सो बमोजिम विषयगत सूचना तथा स्रोत नक्सा समावेश भएको गाउँ वस्तुस्थिती विवरण समेत तयार गरिएको छ। स्वीकृत कार्यविधि अनुसार गाउँपालिकाले तयार गरेको वस्तुस्थिति विवरण अनुसार आधाररेखा सूचनाको आधारमा गाउँ विकासको वर्तमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी शिवपुरी गाउँपालिकाको प्रथम आवधिक विकास योजना (२०७६/०७७-२०८०/०८१) तर्जुमा गरिएको छ। यो योजना गाउँपालिकाका सबै सम्वद्ध पक्षहरुको सक्रिय सहभागितामा तयार पारिएकोले यसको कार्यान्वयनमा पनि जागरुकता रहने नै छ भन्ने गाउँपालिकाको अपेक्षा रहेको छ।

यो योजनाको दस्तावेज तयार पार्न समय दिनु हुने गाउँपालिका पदाधिकारीज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै यो दस्तावेज र यो दस्तावेज तयारीका लागि आवश्यक गाउँ पार्श्वचित्र तयार पार्न मेहनत गर्नु हुने गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी, गाउँपालिकामा कार्यरत पूर्णिमा कार्यक्रमका कर्मचारी लगायत सबैलाई धन्यवाद दिन चाहन्छु। योजना तर्जुमा कार्यशालामा सक्रिय सहभागिता जनाउनु हुने राजनैतिक दल र विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु लगायत सबै प्रति आभारी छु। अन्तमा, यो दस्तावेज तयार पार्न आर्थिक तथा प्राविधिक सहयोग गर्नु हुने पूर्णिमा : भूकम्प पश्चात्को पुनर्लाभमा वेलायती सहयोग नियोगको सहयोग कार्यक्रम र दस्तावेज तयारीका सिलसिलामा सहजिकरण गरिदिनु हुने SDIC नेपालका सहजकर्ताज्यूहरुलाई पनि धन्यवाद दिन चाहन्छु।

**माघ २०७६**

**किसान न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत

# प्रथम आवधिक विकास योजनाको अवधारणा (सारांश)

**दीर्घकालिन सोच** : शिवपुरीको दीगो विकास र समृद्धिको आधार शिक्षा, कृषि, पर्यटन र पूर्वाधार

**ध्येय** : शिक्षा, कृषि, पुर्वाधर र पर्यटन क्षेत्रको प्रवर्द्धनः

**लक्ष्य** : हरित, विकसित र समृद्ध शिवपुरीको आधार तयार भएको हुनेछ।

**उद्देश्य** :

१. उत्पादन, रोजगारी, आयमा दीगो वृद्धि गर्ने।

२. स्वस्थ, आत्मनिर्भर र सुसंस्कृत मानव संशाधनको विकास गर्ने।

३. गुणस्तरीय तथा दीगो भौतिक पूर्वाधारको विकास गर्ने।

४. वन, जैविक विविधता, जमीन र जलश्रोतको दिगो उपयोग गर्ने।

५. सेवा प्रवाह, विकास व्यवस्थापन र जवाफदेहिताको स्तरमा बृद्धि गर्ने

**प्रतिफल** : **उद्देश्य १ सँग सम्बन्धित**

**प्रतिफल १.१ :** आधुनिक, व्यवसायिक, अर्गानिक एवं प्रतिस्पर्धी कृषि उत्पादनमा बृद्धि भएको हुनेछ।

**प्रतिफल १.२ :** खेतीयोग्य भूमीमा भरपर्दो एवं व्यवस्थित तवरले सिंचाई सुविधा पुगेको हुनेछ।

**प्रतिफल १.३ :** पशुपालन व्यवसायिक एवं आधुनिक भई पशुजन्य उत्पादनमा बृद्धि भएको हुनेछ।

**प्रतिफल १.४ :** उद्योगको स्थापना एवं प्रवर्द्धन भई रोजगारीमा वृद्धि भएको हुनेछ।

**प्रतिफल १.५ :** बैंक तथा वित्तीय सेवामा पहुँच वृद्धि भएको हुनेछ।

**प्रतिफल १.६ :** स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन भएको हुनेछ।

**प्रतिफल १.७ :** स्वस्थ, व्यवस्थित र आकर्षक पर्यटकीय पूर्वाधारको विकास भएको हुनेछ।

**उद्देश्य २ सँग सम्बन्धित**

**प्रतिफल २.१ :** पूर्व प्राथमिक तथा प्राविधिक शिक्षामा पहुँच तथा शैक्षिक गुणस्तरमा वृद्धी भएको हुनेछ।

**प्रतिफल २.२ :** आधारभूत तथा चिकित्सकिय स्वास्थ्य सेवामा पहुँच तथा गुणस्तर वृद्धि भएको हुनेछ।

**प्रतिफल २.३ :** स्वच्छ खानेपानीको सहज उपलब्धता र सरसफाइजन्य व्यवहारमा अभिवृद्धी भएको हुनेछ।

**प्रतिफल २.४:** लक्षित वर्गको निर्णय निर्माण प्रकृयामा सहभागिता, सामाजिक मर्यादा र आत्मनिर्भरतामा वृद्धी भएको हुनेछ।

**प्रतिफल २.५ :** युवाका लागि व्यवसायिकता तथा आत्मनिर्भरताका अवसर सृजना भएको हुनेछ।

**उद्देश्य ३ सँग सम्बन्धित**

**प्रतिफल** ३.१: यातायात नियमित र आवागमन थप सहज भएको हुनेछ।

**प्रतिफल** ३.२: व्यवस्थित तथा सुरक्षित आवास र वस्ती विकास भएको हुनेछ।

**प्रतिफल** ३.३: सूचना तथा संचार प्रविधिको पहूँचमा बृद्धि भएको हुनेछ।

**प्रतिफल** ३.४: स्वच्छ ऊर्जाको उपलब्धता र उपयोगमा वृद्धि भएको हुनेछ।

**प्रतिफल** ३.५: वैकल्पिक उर्जाको प्रवर्धन र विस्तार भएको हुनेछ।

**उद्देश्य ४ सँग सम्बन्धित**

**प्रतिफल** ४.१: वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन र उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुनेछ।

**प्रतिफल** ४.२: भू तथा जलाधार क्षेत्रको संरक्षण र भूक्षयमा न्यूनीकरण भएको हुनेछ।

**प्रतिफल** ४.३: जलवायु परिवर्तनको प्रभाव न्यून भएको हुनेछ।

**प्रतिफल** ४.४: विपद् जोखिम तथा विपद्जन्य क्षति न्यूनीकरण भएको हुनेछ।

**उद्देश्य ५ सँग सम्बन्धित**

**प्रतिफल** ५.१: सेवा प्रवाह तथा कार्यसम्पादन प्रक्रिया स्पष्ट, सहज र पारदर्शी भएको हुनेछ।

**प्रतिफल** ५.२: गाउँ कार्यपालिका र सेवा प्रदायक निकायको संगठन विकास र व्यवस्थापन क्षमतामा अभिबृद्धि भएको हुनेछ।

**प्रतिफल** ५.३: राजस्व तथा आन्तरिक र वाह्य श्रोत परिचालन क्षमतामा अभिबृद्धि भएको हुनेछ।

**प्रतिफल** ५.४: योजना तर्जूमा, कार्यान्वयन तथा अनुगमन सहभागितामूलक, नतिजामुखी र प्रभावकारी भएको हुनेछ।

**समष्टिगत रणनीति** :

१. कृषि उत्पादन वनजन्य तथा पर्यटकीय उपजको व्यवसायीकरण, विविधिकरण तथा औद्योगिकरण गर्ने

२. गुणस्तरीय तथा व्यवसायिक शिक्षा, स्वास्थ्य सेवा, स्वच्छ खानेपानी र सरसफाई, सामाजिक सुरक्षा तथा सशक्तिकरण प्रवर्धन गर्ने

३. व्यवस्थित यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधार विकास र विस्तार गर्ने

४. वातावरण तथा विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन, जैविक विविधता संरक्षण, समावेशीकरण तथा सुशासनलाई विकास प्रक्रियामा एकिकृत गर्ने

५. अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई सुद्धढ गर्ने

**प्राथमिकता** : शिक्षा, कृषि, पर्यटन र पूर्वाधार

**योजनाको अनुमानित रकम :**

| **विषय क्षेत्र** | **अनुमानित श्रोत (हजारमा)** | **प्रतिशत** |
|---|---|---|
| आर्थिक विकास | रू.३४५००० | ७.९६ |
| संस्कृती र पर्यटन | रू.१३५५०० | ३.१३ |
| सामाजिक विकास | रू.७३३२०० | १६.९१ |
| पूर्वाधार विकास | रू.२८४००२७ | ६५.५० |
| विद्युत तथा उर्जा | रू.८०००० | १.८५ |
| वन तथा वातावरण व्यवस्थापन | रू.६०००० | १.३८ |
| विपद् व्यवस्थापन | रू.४१६८० | ०.९६ |
| संस्थागत विकास र सुशासन | रू.१००४०० | २.३२ |
| **कूल जम्मा** | **रू.४३३५८०७** | **१००।००** |

# शब्द संक्षेप

| | | |
|---|---|---|
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| कि.मि. | : | किलोमिटर |
| के.जी. | : | किलोग्राम |
| गाविस | : | गाउँ विकास समिति |
| गापा | : | गाउँपालिका |
| नं | : | नम्वर |
| मे. टन | : | मेट्रिक टन |
| रु. | : | रुपैंयाँ |
| लि | : | लिटर |
| सा.ब. | : | सामुदायिक बन |
| हे. | : | हेक्टर |

# विषय सूची

**प्रकाशकीय**

**शब्द संक्षेप**

**विषय सूची**

**तालिका सूची**

**परिच्छेद १**

**परिचय**

१.१ पृष्ठभूमि ः

१.२ योजना तर्जूमाको उद्देश्य

१.३ कानुनी तथा नीतिगत ब्यवस्था

१.४ आवधिक विकास योजना तर्जूमा तथा प्रक्रिया

१.५ सीमा

**परिच्छेद २**

**योजनाको अवधारणा र प्रारूप**

२.१ गाउँपालिकाको दीर्घकालिन सोचः

२.२ मार्गदर्शक सिद्धान्त

२.२ लक्ष्य तथा उद्धेश्य

२.३ समष्टिगत रणनीतिहरू

२.४ प्राथमिकता क्षेत्र

२.५ नतिजा तालिका

**परिच्छेद ३**

**आर्थिक विकास योजना**

३.१ वस्तुस्थिति विश्लेषण

३.२ लक्ष्य

३.३ उद्देश्य

३.४ रणनीति तथा कार्यनीति

३.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

**परिच्छेद ४**

**संस्कृति तथा पर्यटन योजना**

४.१ वस्तुस्थिति विश्लेषण

४.२ लक्ष्य

४.३ उद्देश्य

३.४ रणनीति तथा कार्यनीति

४.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

**परिच्छेद ५**

**सामाजिक विकास योजना**

५.१ वस्तुस्थिति विश्लेषण

५.२ लक्ष्य

५.३ उद्देश्य

५.४ रणनीति तथा कार्यनीति

५.५ प्रमुख रणनीति कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

**परिच्छेद ६**

**पूर्वाधार विकास योजना**

६.१ वस्तुस्थिति विश्लेषण

६.२ लक्ष्य

६.३ उद्देश्य

६.४ रणनीति तथा कार्यनीति

६.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

**परिच्छेद ७**

**ऊर्जा विकास योजना**

७.१ वस्तुस्थिति विश्लेषण

७.२ लक्ष्य

७.३ उद्देश्य

७.४ रणनीति तथा कार्यनीति

७.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

**परिच्छेद ८**

**वन तथा वातावरण व्यवस्थापन योजना**

- ८.१ वस्तुस्थिति विश्लेषण
- ८.२ लक्ष्य
- ८.३ उद्देश्य
- ८.४ रणनीति तथा कार्यनीति
- ८.५ प्रमुख रणनीतिक कार्यक्रम/आयोजना (कार्यान्वयन योजना)

**परिच्छेद ९**

**विपद् व्यवस्थापन योजना**

- ९.१ वस्तुस्थिति विश्लेषण
- ९.२ लक्ष्य
- ९.३ उद्देश्य
- ९.४ रणनीति तथा कार्यनीति
- ९.५ प्रमुख रणनीतिक कार्यक्रम/आयोजना (कार्यान्वयन योजना)

**परिच्छेद १०**

**संस्थागत विकास तथा सुशासन योजना**

- १०.१ वस्तुस्थिति विश्लेषण
- १०.२ लक्ष्य
- १०.३ उद्देश्य
- १०.४ रणनीति तथा कार्यनीति
- १०.५ प्रमुख रणनीतिक कार्यक्रम/आयोजना (कार्यान्वयन योजना)

**परिच्छेद ११**

**कार्यान्वयन व्यवस्था**

- ११.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना
- ११.२ स्रोत अनुमान तथा प्रक्षेपण
- ११.३ विषयक्षेत्र अनुसार प्रस्तावित बजेट
- ११.४ श्रोत परिचालन रणनीति
- ११.५ आवधिक विकास योजना कार्यान्वयन
- ११.६ अनुगमन तथा मूल्याङ्कन

अनूसूची १ : प्रथम आवधिक विकास योजनाको एकीकृत नतिजा तालिका

अनुसूची २ : प्रति एकाई लागत अनुमान

अनुसूची ३ : एकीकृत वार्षिक योजना तर्जूमाको ढाँचा

अनुसूची ४ : योजना तयारी कार्यशा ला गोष्ठीका सहभागीहरू

अनुसूची ५ : दीर्घकालिन सोच निर्धारण तथा बस्तुस्थिति विश्लेषण कार्यशाला गोष्ठीका सहभागीहरू

अनुसूची ६ : योजना तर्जूमा कार्यशाला गोष्ठीका सहभागिहरू

अनुसूची ७ : प्रमाणिकरण कार्यशाला गोष्ठीका सहभागिहरू

अनुसूची ८ : सन्दर्भ सामग्री

# तालिका सूची


तालिका ३.१ : आर्थिक विकास क्षेत्रको रणनीति तथा कार्यनीति

तालिका ३.२ : आर्थिक विकास क्षेत्रको प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

तालिका ४.१ : संस्कृति तथा पर्यटन विकास क्षेत्रको रणनीति तथा कार्यनीति

तालिका ४.२ : संस्कृति तथा पर्यटन विकास क्षेत्रको प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

तालिका ५.१ : सामाजिक विकास क्षेत्रको रणनीति तथा कार्यनीति

तालिका ५.२ : सामाजिक विकास क्षेत्रको रणनीतिक कार्यक्रम तथा आयोजना

तालिका ६.१ : पूर्वाधार विकास क्षेत्रको रणनीति तथा कार्यनीति

तालिका ६.२ : पूर्वाधार विकास क्षेत्रको रणनीतिक कार्यक्रम तथा आयोजना

तालिका ७.१ : ऊर्जा विकास क्षेत्रको रणनीति तथा कार्यनीति

तालिका ७.२ : ऊर्जा विकास क्षेत्रको रणनीतिक कार्यक्रम तथा आयोजना

तालिका ८.१ : वन तथा वातावरण व्यवस्थापन विकास क्षेत्रको रणनीति तथा कार्यनीति

तालिका ८.२ : वन तथा वातावरण व्यवस्थापन विकास क्षेत्रको रणनीतिक कार्यक्रम तथा आयोजना

तालिका ९.१ : विपद् व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति

तालिका ९.२ : विपद् व्यवस्थापन क्षेत्रको रणनीतिक कार्यक्रम

तालिका १०.१ : संस्थागत विकास तथा सुशासन क्षेत्रको रणनीति तथा कार्यनीति

तालिका १०.२ : संस्थागत विकास तथा सुशासन क्षेत्रको प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

तालिका ११.१ : मानव संसाधन योजना

तालिका ११.२ : प्रक्षेपण गरिएको आवधिक/बार्षिक बजेट

तालिका ११.३ : विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट

तालिका ११.४ : विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट

तालिका ११.५ : आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया

परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि :

नेपालको संविधानले मूल संरचनाका रुपमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था गरेको छ। आफ्नो अधिकार क्षेत्रको विषयमा योजना तर्जूमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी सबै तहमा रहेको छ। जनताको सबैभन्दा नजिकको सरकारका रुपमा गाउँपालिका र नगरपालिकाले संविधान र कानूनी तथा नीतिगत व्यवस्था बमोजिम स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जूमा गर्नु पर्ने व्यवस्था रहेको छ। स्थानीय तहको योजना तर्जूमाका क्रममा दीगो विकास लक्ष्य र संघीय तथा प्रादेशिक योजनासँग तादम्यता कायम गर्नु जरुरी हुन्छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारले आफ्नो योजना तर्जूमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था गरको छ। सोही व्यवस्थाअनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरिबी निवारण, जीवनस्तर सुधार, रोजगारीका वृद्धी, उच्च जनसहभागिता, लक्षित वर्ग हित, दीगो विकास र भाषिक तथा साँकृतिक जगेर्ना जस्ता विषयलाई प्राथमिकता दिनुपर्ने कुरालाई जोड दिएको देखिन्छ।

संघीय शासन प्रणालीको नविनतम अभ्यास र फरक परिवेशमा जनताको सबैभन्दा नजिकको सरकारका रुपमा स्थानीय सरकारले समृद्धि र सुशासनको जनआकांक्षालाई दिशानिर्देश गर्न आवधिक योजनाको आवश्यकता रहेको छ। गाउँपालिका क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक विकास योजना हो। स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि गाउँपालिकालाई आफुले चाहेको गन्तव्यतर्फ डोहोऱ्याउने काम गर्दछ। नेपालको संविधान र कानुनमा व्यवस्था भएबमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जूमा गर्नुपर्दछ।

शिवपुरी गाउँपालिकाले गाउँ सभाबाट स्वीकृत ऐनमा सहभागितामूलक योजना तर्जूमा प्रक्रिया अनुसार आवधिक विकास योजना तर्जूमा गर्ने र सोको आधारमा वार्षिक योजना तथा बजेट तर्जूमा गर्ने व्यवस्था गरेको छ। यस कार्यलाई सहज र व्यवस्थित गर्न गाउँ कार्यपालिकाले संवैधानिक व्यवस्था, स्थानीय तहको अधिकार क्षेत्र तथा संघीय ऐन (स्थानीय सरकार सञ्चालन ऐन, २०७४) मा भएका प्रावधान तथा गाउँपालिकाको आर्थिक कार्यविधि ऐन २०७४ अनुसार योजनाबद्ध, एकीकृत तथा सहभागितामूलक विकासको अवधारणामा आधारित भई आवधिक विकास योजना तर्जूमा कार्यविधि तयार तथा स्वीकृत गरेको छ। आवधिक विकास योजना तर्जूमा गर्नु पूर्व संघीय सरकारबाट नमूनाको

रुपमा उपलब्ध गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि स्वीकृत गरी सो बमोजिम विषयगत सूचना तथा स्रोत नक्सा समावेश गाउँ वस्तुस्थिति विवरण तयार समेत गरिएको छ। जुन आवधिक योजनाको आधाररेखा सूचनाको रुपमा रहनेछ। स्वीकृत कार्यविधि अनुसार गाउँपालिकाले तयार गरेको वस्तुस्थिति विवरण अनुसार आधाररेखा सूचनाको आधारमा गाउँपालिकाको वर्तमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी शिवपुरी गाउँपालिकाको प्रथम आवधिक विकास योजना (२०७६/०७७-२०८०/०८१) तर्जूमा गरिएको छ।

## १.२ योजना तर्जूमाको उद्देश्य

गाउँपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई गाउँपालिकाको एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक गाउँ विकास योजना तर्जूमाको मुख्य उद्देश्य हो। योजना तर्जूमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहायअनुसार छन् ः

- गाउँपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने ।
- गाउँपालिका तथा स्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी गाउँपालिकाबासी तथा सरोकारवालाको चाहानाअनुसार सहभागितात्मक छलफलका आधारमा गाउँपालिकाको खाका तयार गर्ने ।
- गाउँपालिकाको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने ।
- गाउँपालिकाका प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरू तय गर्ने ।
- गाउँपालिका प्रयासहरूको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने ।

## १.३ कानुनी तथा नीतिगत ब्यवस्था

स्थानीय तहको आवधिक विकास योजना तर्जूमाका कानुनी तथा नीतिगत आधारका रुपमा नेपालको संविधान, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन २०७५ मुख्य रुपमा रहेका छन् । नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार स्थानीय योजना तर्जूमाको संवैधानिक आधारका रुपमा रहेको छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका आवधिक विकास योजना र वार्षिक योजना तथा बजेट स्वीकृतीसम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ६ दफा २४ उपदफा १ मा गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको

विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने कुरालाई स्पष्ट पारेको छ। संवैधानिक व्यवस्था तथा स्थानीय सरकार संचालन सम्बन्धी संघीय कानूनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जूमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत व्यवस्थालाई गाउँपालिकाका सन्दर्भमा उपयुक्त हुने विषयलाई स्थानीयकरण गरी आधारका रुपमा लिइएको छ :

- पन्ध्रौं योजना
- दिगो विकासका लक्ष्यहरू
- राष्ट्रिय भूउपयोग नीति, २०६९
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरू
- राष्ट्रिय योजनाबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- राष्ट्रिय तथा प्रादेशिक विषयगत योजनाहरू

## १.४ आवधिक विकास योजना तर्जूमा प्रक्रिया

शिवपुरी गाउँपालिकाको आवधिक विकास योजना तर्जूमा देहायको विधि तथा प्रक्रिया बमोजिम गरिएको छ।

### १.४.१ योजना तयारी कार्याशाला गोष्ठी

आवधिक विकास योजना तर्जूमाको पहिलो चरणमा गाउँ कार्यपालिकाको आयोजनामा कार्यपालिकाका पदाधिकारी, कर्मचारी र स्थानीय सरोकारवाला बीच आवधिक विकास योजना बारेमा साझा धारणा, बुझाई, योजना तर्जूमाा प्रक्रिया, कार्ययोजना तयार र स्वीकृत गर्न २०७६ साल वैशाख ०९ गते एक दिवसीय योजना तयारी कार्याशाला गोष्ठी आयोजना गरी कार्ययोजना तयार तथा स्वीकृत गरियो । गाउँ कार्यपालिकाका अध्यक्ष श्री रामकृष्ण थापाको अध्यक्षतामा संचालन भएको कार्यशालामा उपाध्यक्ष, वडा अध्यक्ष समेत कार्यपालिकाका सदस्य, गाउँ कार्यपालिका कार्यालयका शाखा प्रमुख, वडा सचिव तथा स्थानीय संघ/ संस्थाका प्रतिनिधि समेत ५३ जनाको सहभागिता रहेको थियो। यस कार्यशालका सहभागिहरूको विवरण **अनुसूची** ४ मा प्रस्तुत गरिएको छ । कार्याशालामा आवधिक विकास योजनाको अवधारणा, तर्जूमा विधि तथा प्रक्रिया, आधाररेखा सूचना, योजना तर्जूमाको कार्ययोजना बारे प्रस्तुती जानकारी, छलफल र कार्ययोजना स्वीकृत गरिएको थियो ।

### १.४.२ वस्तुस्थिति विश्लेषण विवरण तथा आधार सूचना तयारी

आवधिक विकास योजना तर्जूमाको महत्वपूर्ण आधारका रुपमा रहेको गाउँपालिकाको वस्तुस्थिति विवरणको अद्यावधिकरणका लागि गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि २०७५ अनुसारको संस्थागत सर्भेक्षण फारमको उपयोग गरी दुईजना तथ्याङ्क संकलकलाई

आवश्यक तालिम दिइ परिचालन गरियो । तथ्याङ्क संकलकले गाउँ कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्थाबाट संकलन गरी विश्लेषण गरियो । यसरी विश्लेषित तथ्याङ्कलाई गाउँ वस्तुस्थिति विवरण २०७५ को घरपरिवार सर्भेक्षणअनुसारको सूचनालाई समावेश गरी वस्तुस्थिति विवरण २०७५ को अद्यावधिक मस्यौदा तयार गरियो । अद्यावधिक मस्यौदालाई आवधिक योजना तर्जूमा सम्बन्धी दीर्घकालिन सोच निर्धारण र वस्तुस्थिति विश्लेषण सम्बन्धी कार्यशाला गोष्ठीमा प्रस्तुत गरी सुझाव संकलन गरियो । प्राप्त सुझावको आधारमा सूचनाको थप विश्लेषण गरी आवधिक योजनाको संभाव्य सूचक अनुसार विषय क्षेत्रगत आधार सूचना तयार गरियो । वस्तुस्थिति विश्लेषण विवरणमा गाउँपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषय क्षेत्र आधार सूचना समावेश गरिएकोछ ।

### १.४.३ दीर्घकालिन सोच निर्धारण तथा वस्तुस्थिति विश्लेषण कार्यशाला गोष्ठी

शिवपुरी गाउँपालिकाको आयोजनामा तथा एसडिआइसी प्राविधिक टोलीको सहजीकरण २०७६ साल बैशाख ३० र ३१ गते दीर्घकालिन सोच निर्धारण तथा वस्तुस्थिति विश्लेषणमा कार्यशलाा गोष्ठी सम्पन्न गरियो । कार्यशाला गोष्ठीमा समूह तथा वृहत समूह छलफलका माध्यमबाट दीर्घकालिन सोच (Vision), ध्येय (Mission) योजनाको समष्टिगत लक्ष्य (Goal), उद्देश्य (Objectives) तथा रणनीति (Strategies), विषय क्षेत्रगत संभावना तथा अवसर, समस्या तथा चूनौति र अवलम्बन गर्नु पर्ने विषय क्षेत्रगत रणनीति (Sectoral Strategies) तर्जूमा गरियो । गोष्ठीमा गाउँ कार्यपालिकाका पदाधिकारी, विषयगत योजना समितिका पदाधिकारी, विषयगत शाखा र सेवा केन्द्र तथा इकाईका प्रमुख तथा सम्बन्धित कर्मचारी, गाउँपालिका क्रियाशिल गैसस, समुदायमा आधारित संस्था तथा स्थानीय विषय क्षेत्र विज्ञ, अगुवा, लक्षित वर्ग समुदाय तथा स्थानीय राजनीतिक दलका प्रतिनिधि र समाजसेवी सहित ७२ जनाको उपस्थिति रहेको थियो । दीर्घकालिन सोच निर्धारण तथा वस्तुस्थिति विश्लेषण कार्यशाला गोष्ठीका सहभागिहरूको विवरण **अनुसूची ५** मा प्रस्तुत गरिएको छ ।

### १.४.४ आवधिक विकास योजना तर्जूमा कार्यशाला गोष्ठी

शिवपुरी गाउँ कार्यपालिकाको नेतृत्व तथा विषय क्षेत्रगत योजना तर्जूमाा समितिहरूको संयोजनमा २०७६ साल जेष्ठ १३ र १४ गते गाउँपालिका स्तरीय वृहत योजना तर्जूमा कार्यशाला गोष्ठीको आयोजना गरियो । गोष्ठीमा वस्तुस्थिति विवरण, आधार सूचना तथा विषयगत वस्तुस्थिति विश्लेषण कार्यशालाबाट प्राप्त विवरणको आधारमा योजनाको नतिजा तालिका (नतिजा श्रृंखला तथा सूचक, आधाररेखा सूचना, भौतिक लक्ष्य, पुष्ट्याइका आधार), कार्यान्वयन योजना (अपेक्षित नतिजा हासिल गर्न आवश्यक नविन तथा प्रमुख आयोजना कार्यक्रम, भौतिक लक्ष्य, आवश्यक स्रोत अनुमान र स्थानगत तथा कार्यक्रमको विवरण), विषय क्षेत्रगत अपेक्षित प्रतिफल हासिल गर्न अवलम्बन गर्ने कार्यनीति) तर्जूमा गरियो । यसका

साथै कार्यशालामा आवधिक योजनाको अवधिमा गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समेत अन्य विभिन्न स्रोतबाट प्राप्त विगतको स्रोतको आधारमा आगामी ५ बर्षको उपलब्ध हुन सक्ने श्रोत समेत अनुमान तथा प्रक्षेपण गरियो ।

योजनाको वित्तीय विश्लेषणमा जनसमुदाय, नीजि क्षेत्र, गैसस तथा समुदायिक संस्था, संघ तथा प्रदेश सरकारबाट सिधै कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा हुने लगानी समेत विश्लेषण गरी अपुग श्रोत परिचालन रणनीति समेत तय गरिएको छ । साथै कार्यशालामा योजनानको नतिजा खाकामा आधारित भई प्रस्तावित प्रमुख आयोजनाको प्रक्रिया अनुगमन, प्रतिफल, असर तथा प्रभावको नतिजा अनुगमन तथा लेखाजोखाको खाँका समेत प्रस्तुत तथा छलफल गरिएको थियो । यस वृहत कार्याशाला गोष्ठीमा कार्यपालिकाका पदाधिकारी, सबै विषय क्षेत्र योजना तर्जूमा समिति पदाधिकारी, कर्मचारी, स्थानीय विषय विज्ञ अगुवा, समाजसेवी बुद्धीजिवि, लक्षित वर्ग तथा समुदाय, राजनीतिक दल, गैसस र समुदायिक संस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो । यस कार्यशालाका सहभागिहरूको विवरण **अनुसूची ६** मा उल्लेख गरिएको छ । कार्यशालामा मस्तिष्क मन्थन, समूह कार्य, वृहत समूह प्रस्तुती तथा छलफल आदी जस्ता विधिको प्रयोग गरिएको थियो ।

### १.४.५ योजना दस्तावेज तयारी

आवधिक विकास योजना तयारी कार्यशाला गोष्ठी तथा वडास्तरीय तथा लक्षित समूह परामर्श गोष्ठीबाट आएका सूचना तथा अपेक्षालाई विषय विज्ञहरूसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा नतिजामूलक योजनाको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिवद्ध गरी दस्तावेज तयार गरियो । योजना दस्तावेज मुख्य ९ परिच्छेदमा विभाजन गरिएको छ । जसअनुसार योजनाको परिचय, योजना अवधारणा तथा प्रारुप, आर्थिक विकास योजना, संस्कृति तथा पर्यटन योजना, सामाजिक विकास योजना, पूर्वाधार विकास योजना, उर्जा विकास योजना, वन तथा वातावरण व्यवस्थापन योजना, विपद् व्यवस्थापना योजना, संस्थागत विकास तथा सुशासन योजना र कार्यान्वयन व्यवस्था रहेका छन् । सन्दर्भ सामग्रीको रुपमा विगतका योजना, साविकका गाविसहरूका आवधिक, एकीकृत तथा विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई उपयोग गरिएको छ । साथै योजनामा योजनाविद् तथा विषयविज्ञहरूको सुझाब लिई योजना तर्जूमा प्राविधिक सहयोग टोलीद्धारा आवधिक विकास योजना दस्तावेज लेखन तथा दस्तावेज नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका सवै विषय एवं प्राविधिक पक्षहरूलाई तर्कपूर्ण एवं वस्तुनिस्ठ ढंगबाट प्रस्तुत गरी प्रथम आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरियो ।

### १.४.६ मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

स्थानीय तहको आवधिक योजना तर्जूमा दिग्दर्शन, सहभागितामूलक कार्यशाला तथा परामर्श, विषयविज्ञको सुझाब र परामर्शका आधारमा तयार गरेको योजनाको दस्तावेजलाई यस क्षेत्रका

विकासका सरोकारवालमाझ प्रस्तुत गरी सुझाब संकलन गर्न भाद्र १० गते कार्यशालाको आयोजना गरी आवधिक विकास योजनाको दस्तावेजलाई प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरियो। कार्यशालामा दस्तावेजको प्रस्तुती, विषय क्षेत्र समूह तथा वृहत समूह छलफल र परामर्श गरी आवधिक योजनालाई पूर्ण बनाउन आवश्यक सुझाव प्राप्त गरियो। यस कार्यशालाका सहभागिहरूको विवरण **अनुसूची** ७ मा प्रस्तुत गरिएको छ। कार्यशाला तथा सरोकारवालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी गाउँपालिकाको प्रथम आवधिक विकास योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको छ।

## १.५ सीमा

यस आवधिक विकास योजना तर्जूमा विद्यमान अभ्यास तथा उपलब्ध ढाँचा, श्रोत साधन, सूचना र समय भित्र तयार गरिएको छ। यसका सीमाहरू देहायअनुसार रहेका छन्।

- आवधिक विकास योजना तर्जुमा प्रक्रियामा क्रममा तयार गरिएको गाउँ वस्तुस्थिति विवरणलाई वस्तुस्थिति बिश्लेषणको लागि आधार सूचना तथा विवरणको श्रोतको रुपमा उपयोग गरिएको छ। गाउँ वस्तुस्थिति विवरण तयारीका लागि गरिएको घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क, वडागत छलफल तथा र संस्थागत सूचनालाई आधार बनाउने अधिकतम प्रयास गरिएको छ। योजना तर्जूमा प्रक्रियामा बिषय क्षेत्र तथ्याङ्क तथा उपलब्ध आधार सूचनामा कुनै दुविधा उत्पन्न भएको अवस्थामा कार्यशालाको क्रममा नै सहभागितामूलक छलफलबाट सहमति बनाई सोही आधारमा विश्लेषण गरिएको छ। यसका साथै संघ, प्रदेशका प्रकाशन तथा दस्तावेज लगायत अन्य सूचना समेतलाई आधार बनाइएको छ।
- बागमती प्रदेशमा प्रदेश सरकारले पहिलो प्रादेशिक आवधिक योजना तर्जुमाको क्रममा रहेको हुँदा प्रादेशिक र संघीय सरकारका विषय क्षेत्रभित्रका साझा अधिकारका क्षेत्रभित्र पर्ने योजना तथा कार्यक्रम यकिन गर्न सकिने अवस्था भइनसकेको हुँदा यो आवधिक योजनाले समेटेको छैन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइनसकेको हुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी पूर्ण हुन सकेको छैन र आगामी बर्षमा यसलाई पूर्णता दिइने छ।
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा सोही अनुसार श्रोत साधनको अनुमान तथा प्रक्षेपण संभाव्य श्रोत आँकलन गरिएको छ।
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापन यथार्थ बनाउन सकिएको छैन।

परिच्छेद २

# योजनाको अवधारणा र प्रारूप

## २.१ गाउँपालिका विकासको दीर्घकालिन सोचः

गाउँ कार्यपालिकाले तयार गरेको दीर्घकालीन सोचलाई आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागीहरू बीचको छलफल, विषयविज्ञको सुझाब तथा परामर्शका आधारमा विकासका संभावना, अग्रणी क्षेत्र, गाउँवासीले चाहेको अवस्थालाई मध्यनजर गर्दै पुनः परिमार्जन सहित देहाय बमोजिम तयार गरिएको छ।

**"शिवपुरीको दीगो विकास र समृद्धिको आधार**
**शिक्षा, कृषि, पर्यटन र पूर्वाधार"**

प्रारम्भिक बाल विकास तथा प्राविधिक शिक्षामा सहज पहुँच र माध्यामिक एवं उच्च शिक्षामा गुणस्तर अभिबृद्धी गरी प्रतिस्पर्धी तथा क्षमतावान मानव संशाधन विकास हुने, कृषि उत्पादनका दृष्टिले माछापालन, अमिलो प्रजातिका फलफुल, तरकारी खेती, पशुपालन र माहुरीपालनमा आधुनिकीकरण तथा व्यवसायीकरणका माध्यमबाट उत्पादन, आम्दानी र रोजगारीका अवसरमा वृद्धि हुने तथा पर्यटकिय संभावना बोकेको शिवपुरी बाघद्धार, कुम्भेश्वर गुफा, शिवालय त्रिवेणीधाम, थर्पेलिङ गुम्बा लगायत नेपालको प्रमुख सुईरेचौर, चिसापानी, अल्छे पर्यटकीय गन्तव्यका रुपमा रहेको ककनी, शिवपुरी राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज, हेलम्बुसँगको सामिप्यताका साथै निर्माणाधिन राष्ट्रिय गौरबको मध्य पहाडी लोकमार्गले श्रृजना गरेका अवसरबाट शिवपुरी गाउँपालिकाको मानविय विकास सहित सामाजिक, आर्थिक, पर्यावरणीय तथा भौतिक विकासको अवस्थामा व्यापक सुधार भइ दीगो विकास र समृद्ध शिवपुरी हासिल हुने परिकल्पना गरिएको छ।

## २.२ मार्गदर्शक सिद्धान्त

दीर्घकालिन सोचलाई मुर्त रुप दिनका लागि शैक्षिक क्षेत्र, कृषि, पर्यटन र पूर्वाधारमा विशेष प्राथमिकता सहित राष्ट्रिय योजना र नीतिका मुलभुत पक्षलाई स्थानीयतामा आन्तरिकिकरण गर्दै देहायअनुसार विकासको निर्देशक सिद्धान्त तय गरिएको छ।

- उपलब्ध श्रोतको अधिकतम परिचालन तथा तीब्र आर्थिक वृद्धि
- गुणस्तरीय, विपद् उत्थानशिल तथा दिगो पूर्वाधार निर्माण
- वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलन
- दक्ष तथा सृजनशिल जनशक्ति
- सामाजिक समावेशीकरण तथा विकासको प्रतिफलको न्यायोचित वितरण
- प्रभावकारी सेवा प्रवाह तथा नतिजामा आधारित विकास व्यवस्थापन
- सहकारी, गैर सरकारी, निजी तथा सामुदायिक क्षेत्रसँग साझेदारी तथा सहकार्य

- सुशासन तथा सदाचार प्रवर्द्धन

"**शिक्षा, कृषि, पुर्वाधर र पर्यटन क्षेत्रको प्रवर्द्धन**" लाई गाउँपालिकाको समग्र विकासको लागि तय गरिएको दीर्घकालिन सोच हासिल गर्ने मूल ध्येयको रुपमा लिइएकोछ।

## २.२ लक्ष्य तथा उद्देश्य

गाउँपालिकाको समष्टिगत विकासका लागि हरित, विकसित र समृद्ध शिवपुरीको आधार तयार हुने मुख्य लक्ष्य निर्धारण गरिएको छ। साथै यस योजनाले निर्धारित विकास लक्ष्य प्राप्त गर्न देहायअनुसारको उद्देश्य निर्धारण गरेको छ ः

१. उत्पादन, रोजगारी, आयमा दीगो वृद्धि भएको हुनेछ।

२. स्वस्थ, आत्मनिर्भर र सुसंस्कृत मानव संशाधनको विकास भएको हुनेछ।

३. गुणस्तरीय तथा दीगो भौतिक पूर्वाधारको विकास भएको हुनेछ।

४. वन, जैविक विविधता, जमीन र जलश्रोतको दिगो उपयोग भएको हुनेछ।

५. सेवा प्रवाह, विकास व्यवस्थापन र जवाफदेहिताको स्तरमा बृद्धि भएको हुनेछ।

## २.३ समष्टिगत रणनीतिहरु

शिवपुरी गाउँपालिका क्षेत्रको समिष्टगत विकासका लागि प्रथम आवधिक योजनाले देहायअनुसारका रणनीति अवलम्बन गरिनेछः

१. कृषि उत्पादन वनजन्य तथा पर्यटकीय उपजको व्यवसायीकरण, विविधिकरण तथा औद्योगिकरण गर्ने

२. गुणस्तरीय तथा व्यवसायिक शिक्षा, स्वास्थ्य सेवा, स्वच्छ खानेपानी तथा सरसफाई र सामाजिक सुरक्षा तथा सशक्तिकरण प्रवर्धन गर्ने

३. व्यवस्थित यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधार विकास र विस्तार गर्ने

४. वातावरण तथा विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन, जैविक विविधता संरक्षण, समावेशीकरण तथा सुशासनलाई विकास प्रक्रियामा एकिकृत गर्ने

५. अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाज बीचको समन्वय, साझेदारी र सहकार्यलाई सुद्धृढ गर्ने

## २.४ प्राथमिकता क्षेत्र

शिवपुरी गाउँपालिकाको प्रमुख प्राथमिकताको क्षेत्र शिक्षा, कृषि, पर्यटन र पूर्वाधार रहेको छ।

## २.५ नतिजा तालिका

गाउँपालिका विकासका प्रयासलाई ध्येयतर्फ अग्रसर गराउन तथा लक्ष्य प्राप्त गर्न नतिजामूलक योजनाको ढाँचामा एकीकृत स्वरुपको प्रथम आवधिक विकास योजना तर्जूमा गरिएको छ। नतिजामूलक ढाँचा परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको छ। योजनामा स्थानीय तहको अधिकार क्षेत्रलाई आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन तथा वातावरण र संस्थागत विकास र सुशासन क्षेत्रहरूमा एकीकृत गरिएको छ। परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको गाउँपालिकाको समष्टिगत विकासको एकीकृत नतिजा तालिकालाई अनुसूची १ मा प्रस्तुत गरिएको छ।

परिच्छेद ३

# आर्थिक विकास योजना

## ३.१ वस्तुस्थिति विश्लेषण

### पृष्ठभूमि

वर्तमान संविधानले राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तरगत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा दिगो आर्थिक विकास गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्यका रुपमा लिएको छ। संविधानले मौलिक हक अन्तरगत रोजगारी, व्यवसाय सञ्चालन तथा खाद्य सुरक्षाको हक समेतलाई समावेश गरेको देखिन्छ। नेपालले लिएको दिगो विकास लक्ष्य र वर्तमान १५ औं राष्ट्रिय योजनाले गरिवी निवारण, खाद्य सुरक्षा, सम्मानित रोजगारी र आर्थिक वृद्धि सहितको दिगो विकासलाई महत्व दिइएको छ। स्थानीय सरकारले संघ तथा प्रदेशको कानून, नीति, योजना र लक्ष्यको आधारमा योजनाबद्ध प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ। संघीय तथा प्रादेशिक नीति मध्यनजर गरी शिवपुरी गाउँपालिकाको समग्र विकासको अग्रणी क्षेत्र तथा उत्पादन, रोजगारी र आयको संभाव्य स्रोतका रुपमा रहेको कृषि, पर्यटन, आद्योगिक विकासका विषय क्षेत्रमा गाउँपालिकामा भएका सम्भावना, अवसर र विद्यमान अवस्था सहित समस्या तथा चूनौति पहिचान गरिएको छ।

### ३.१.१ कृषि तथा पशुपालन र खाद्य सुरक्षा

**विद्यमान अवस्था, संभावना तथा अवसर**

नेपालको संविधानले सबै नेपालीलाई खाद्यको अधिकार प्रत्याभूत गरेको छ। दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य लिएको सन्दर्भमा संघीय सरकारले वि.सं. २०७७ भित्र खाद्यान्नमा आत्मनिर्भर हुने घोषणा गरेको एवम् पाँच वर्षभित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्धता जनाएको छ। हाल मुलुक कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले १५ वर्षीय कृषि विकास रणनीति कार्यान्वयनको चरणमा छ। यसका साथै जैविक खेतीको विकासका निम्ति प्रविधि विकास, सामुदायिक तथा सहकारी संस्थाहरूको क्षमता विकासका कामहरू भइरहेका छन्।

संघीय राजधानी काठमाडौंसँग जोडिएको र राष्ट्रिय महत्वको संरक्षण क्षेत्र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको रुपमा रहेको लिखुखोला, स्याल्पिङ खोला लगायतको खोलानालाले सिंचित उर्वर कृषि भूमि यस गाउँपालिकाको आर्थिक विकासको प्रमुख स्रोत मध्ये एक हो। यस गाउँगालिकाका करिब ४० प्रतिशत घरपरिवार अझ पनि कृषि तथा पशुपालन पेशामा निर्भर रहेका छन्। धेरैजसो कृषि जमीनमा सिंचाईको सुविधा उपलब्ध रहेकोमा ६० प्रतिशत क्षेत्रमा वाह्रै महिना सिंचाईको सुविधा उपलब्ध रहेको छ। निर्वाहामुखी

परम्परागत कृषि तथा पशुपालन बाट व्यवसायिक कृषि उत्पादनमा यहाँका कृषकहरू फड्को मारिरहेको अवस्थामा हाल यस गाउँपालिकामा, ११ वटा कृषि फर्म, ३२ वटा व्यवसीयक पशुपालन फर्म, १५ वटा सहकारी संस्थाहरू (कृषि सहकारी समेत) संचालनमा रहेका छन् । यस गाउँपालिकामा ३३ वटा कृषक समूह, ७ वटा पशुपालन समूहमा ८०४ कृषक आवद्ध भई कृषिमा व्यावसायिकरण अभ्यास गरिरहेको र सो मध्ये ९० जना अगुवा कृषकहरू रहेका छन् । हाल मिनि तथा पावर टिलर, थ्रेसर, आलु ड्याम र खन्ने मेशिन, ग्रास कटर, इलेक्टिक स्प्रेयर आदी जस्ता यन्त्रको प्रयोगमा वृद्धीसँगै कृषिमा यान्त्रिकीकरण पनि शुरुवात भएको छ । खाद्यान्न तर्फ धान, गहुँ, मकै, कोदो तथा आलु जस्ता वाली, दलहन अन्तरगत मास, भट्टमास तथा सिमी, नगदेवालीमा अदुवा तथा वेसार, तरकारीमा काउली, वन्दा, सिमि, बोडी उत्पादन हने गर्दछ । पशुजन्य उत्पादनमा उन्नत तथा स्थानीय जातका गाई तथा भैंसीबाट दुःध उत्पादन, बाख्रा तथा भेडा, कुखुरा, हाँसबाट मासु उत्पादन हुने गरेको छ पछिल्लो समय व्यवसायीक माछापालन पनि अभ्यासमा रहेको छ । व्यवसायिक कृषि, साना उद्यम, होटल र पर्यटनमा रोजगारीको आकर्षण बढ्दै गएको छ ।

**समस्या तथा चूनौति**

कृषि तथा पशुपालन क्षेत्रमा उपलब्ध विशिष्ट संभावनाको बाबजुद यस गाउँपालिकामा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेको हुँदा एक प्रमुख समस्याको रुपमा बाँदरबाट बालीनालीको नोक्सान रहेको छ । यसबाट साना कृषक तथा कृषि व्यवसायमा नकारात्मक असर परिरहेको छ । अधिकांश कृषकहरूमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थाकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी रहेको छ । फलस्वरुप बाली सरंक्षण र भण्डारण तथा बढी उत्पादनको लागि मलखाद र विषादीको समोचित प्रयोग हुन सकेको छैन । प्रति इकाई जग्गाको मूल्य उच्च रहेको यस गाउँपालिकामा भूउयोग नीति पालना र योजनाको कमी आदी लगायतका कारणले कृषियोग्य जमीनको खण्डीकरणमा बृद्धि भइरहेको हुँदा कृषिमा यान्त्रिकीकरण गर्न कठिन हुँदै गएको छ ।

गाउँपालिकामा स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातीका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको वोट विरुवा प्राप्त सकेका छैन । रैथाने बीउ विजनको उपलब्धता र संरक्षण नहुँदा वाह्य तथा आनुबांशिक जातिय शुद्धता र गुणस्तर कम हुने बीउविजनको प्रयोग गर्नु पर्ने वाध्यता रहेको छ । सो बीउ विजन समेत समयमा उपलब्ध हुन सकिरहेको अवस्था छैन । जलवायु परिवर्तनको असरका कारण वालीका लागि हानीकारक झार तथा किराहरूको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा बृद्धि भइरहेको छ ।

गाउँपालिकाका क्षेत्रमा पानीको स्रोत प्रशस्त रहेको भएता जग्गा र वालीको किसिम, पूर्वाधार र प्रविधिको कमी तथा उपयुक्त वितरण प्रणालीको व्यवस्थापन हुन नसक्दा उपलब्ध सिंचाई सुविधाको उपयोग समेत न्यायपूर्ण रहेको छैन । यसका साथै रोजगारी, अवसर र सेवा सुविधा

उपयोग लगायतका विभिन्न कारणले युवाहरूको शहरी क्षेत्र र विदेश पलायनले गर्दा कृषिमा श्रमशक्तिको समेत कमी रहेको छ।

विकासको पूर्वाधारको विस्तारसँगै पशुपालनको लागि चरन क्षेत्र ज्यादै न्यून रहेको तथा घाँसपात र आहारको उपलब्धतामा कमी रहेको छ। जलवायु परिवर्तनको प्रकोप, घाँसपात र आवश्यक पोषणको कमी र उपचार सेवाको कमीको कारण पशुपक्षीको रोगव्याधी पनि बढ्दो क्रममा देखिएको छ। उन्नत नश्लको साँढे, रागा, बोकाको उपलब्धता र कृत्रिम गर्भाधान सेवा पनि यस गाउँपालिकामा उपलब्ध हुन सकेको छैन। उत्पादित कृषि, पशपंक्षी, माछा, मौरी र जडीबुटीजन्य उपजहरूको संकलन, भण्डारण, चिस्यान र बजारीकरणको पूर्वाधार, संयन्त्र, सूचना र मुल्य श्रृंखलाको समेत कमी रहेको छ।

## ३.१.२ सिंचाई

**विद्यमान अवस्था संभावना तथा अवसर**

यस गाउँपालिकामा अन्तर्गत वर्षैभरी वहने ३ वटा र वर्षातको समयमा वग्ने ५ भन्दा बढी नदिहरू रहेका छन्। सिक्रे, लिखु, स्याल्पिंगजस्ता खोला र अन्य श्रोतबाट समेत गाउँपालिकाभित्र १०० भन्दा बढी सिंचाई कूलो तथा पोखरीहरू संचालनमा रहेका छन्। वडा नं ५ कल्लेरीमा रहेको सार्वजनिक पोखरी सिंचाईबाट समेत करीव २०० घरपरिवार लाभान्वित हुने गरेको देखिन्छ।

**समस्या तथा चुनौति**

गाउँपालिकाको माथिल्लो भूभागहरूमा हिउँदको समयमा सिंचाई गर्नुपर्ने खालका कृषिजन्य वस्तुको उत्पादन गर्न निकै असुविधा रहेको देखिन्छ। संचालित सिंचाई योजनाहरूको नियमित मर्मत सम्भार हुन नसक्नुले पनि सिंचाई कार्यक्रम प्रभावकारी हुन सकिरहेको छैन। बैकल्पिक तथा आधनिक सिँचाइका अभ्यास यथोचित रुपमा हुन सकेका छैनन्।

## ३.१.३ उद्योग, व्यापार तथा व्यवसाय

**विद्यमान अवस्था, संभावना तथा अवसर**

औद्योगिक विकासको लागि नेपालको संघीय राजधानी काठमाण्डौको एक संभाव्य विस्तारित क्षेत्रको रुपमा यस गाउँपालिका रहेको छ। गाउँपालिका क्षेत्रमा यातायात पूर्वाधारका साथै उर्जाको पहुँच रहेको छ। यस गाउँपालिकामा हाल एक चिज उद्योग, एक ईट्टा उद्योग २८ वटा साना फर्निचर उद्योग, ५६ वटा विभिन्न क्षेत्रका घरेलु उद्योग, २ वटा ह्याचरी र ३३ वटा कुखुरा फार्म संचालनमा रहेका छन्। राष्ट्रिय आर्थिक सर्वेक्षण अनुसार यस गाउँपालिकामा ३५२ व्यवसाय संचालनमा रहेका छन् र यसमा १,१७५ रोजगार रहेको देखिन्छ र जसमध्ये महिलाको अनुपात ४६.५ प्रतिशत रहेको छ। करिब २०० जना व्यक्तिले उद्यम सिर्जना र विकास तथा उद्यमशीलता सम्बन्धी तालिम प्राप्त गरेका छन्। यस गाउँपालिकामा विशेष गरी कृषि, पशु, माछा र जडिबुटीको उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको संभावना रहेको छ।

कृषि, पशुपंक्षी, माछा, जडिबुटी उत्पादनको लागि आवश्यक प्रविधि, सामग्री र वस्तु सेवा र स्थानीय उत्पादन बजारीकरण सम्बन्धी व्यापार व्यवसायमा पनि क्रमिक बृद्धि हुँदै गईरहेको छ।

**समस्या तथा चुनौति**

यस गाउँपालिकामा औद्योगिक विकासको संभावनाका बाबजुद औधोगिक ज्ञान, सीप र अनुभवमा कमी रहेको छ। यहाँको उद्यम र व्यवसाय निर्वाहामुखी उत्पादन र व्यापार भन्दा माथि उठ्न सकेको छैन। औद्योगिक क्षेत्रको निर्धारण, उद्यमशिलता विकास, ठूला औद्योगिक प्रतिष्ठान र उद्योगपतीसँगको संचार र छलफलमा कमी रहेको छ। उद्योग सिर्जना र विकासको लागि वैकिङ्ग तथा वित्तीय सेवाको कमी रहेको छ। स्थानीय समुदायमा औद्योगिक चेतनाको कमी रहेको छ।

### ३.१.४ बैंक, वित्तीय संस्था एवं सहकारी

**विद्यमान अवस्था, संभावना र अवसर**

वित्तीय पहुँच तथा सेवाको लागि गाउँपालिकामा हालमात्र १ वटा वैंक शाखा र २ लघु वित्त संस्था तथा १५ वटा सहकारी संचालनमा रहेका छन् भने आमा समूह, सामुदायिक संस्था लगायत बचत समूहबाट समेत वित्तिय सेवा उपलब्ध रहेको छ। वित्तीय क्षेत्रको लगानी उत्पादनशिल क्षेत्रमा केन्द्रित रहेको छ। कर्जा प्राप्तिका लागि वित्तीय संस्थासँगको पहुँच सहज हुँदै गएको छ।

**समस्या तथा चूनौति**

संघीय राजधानीसँग छोटो दुरीमा रहेको र सडक लगायत पूर्वाधारको विकास भएता पनि गाउँपालिका तथा संभाव्य स्थानीय व्यक्ति र समुदायमा औद्योगिक सचेतना, चाहना र माग तथा चासो, आर्थिक क्रियाकलापमा कमीको कारण वैंक र वित्तीय संस्था र सेवा विस्तार हुन सकेको छैन। स्थानीय सहकारी संस्था र सदस्यहरूमा पनि उद्यमशिलतको ज्ञान, सीप र अनुभवको कमीको कारण यसको विकास र विस्तार गति न्यून रहेको छ।

## ३.२ लक्ष्य

आवधिक गाउँ विकास योजनाले लिएको आर्थिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ।

- उत्पादन, रोजगारी र आयमा दीगो वृद्धि गर्ने

## ३.३ उद्देश्य

आवधिक गाउँ विकास योजनाले लिएको आर्थिक विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्।

१. कृषि व्यवसाय आधुनिक, व्यवसायिक, अर्गानिक एवं प्रतिस्पर्धी भएको हुनेछ।

२. खेतीयोग्य भूमीमा भरपर्दो एवं व्यवस्ि एवं आधुनिक थत सिंचाई सुविधा पुगेको हुनेछ।

१. आधुनिक तथा व्यवसायिक पशुपालन र पशुजन्य उत्पादनमा बृद्धि भएको हुनेछ।

२. उद्योग व्यवसायको स्थापना, प्रवर्द्धन र उत्पादनमा वृद्धि भएको हुनेछ।

३. बैंक तथा वित्तीय सेवामा पहुँच वृद्धि भएको हुनेछ।

४. स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन भएको हुनेछ।

## ३.४ रणनीति तथा कार्यनीति

शिवपुरीको आर्थिक क्षेत्रको विकासको लागि देहायानुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ।

**तालिका ३.११: आर्थिक विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **क. कृषि तथा पशु विकास** | |
| १. वडालाई कृषि तथा पशुपन्छी सेवा केन्द्रको रुपमा विकास गर्ने। | १. वडागत रुपमा कृषि, पशुपन्छी, माछा, मौरी लगायतका पकेट क्षेत्रहरू पहिचान तथा निर्धारण गरी आवश्यक सहयोगहरू एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ।<br>२. वडास्तरमा जैविक खेती प्रवर्धन गर्न कृषक, कृषक समूह वा सहकारी र नीजि क्षेत्र परिचालन गरिनेछ।<br>३. मोबाइल भेटेरिनेरी एम्बुलेन्सको व्यवस्था र घरदैलो गरी पशु स्वास्थ्य सेवा सहज र भरपर्दो बनाइनेछ।<br>४. कृषि तथा पशुपालन पकेट क्षेत्रहरूमा कृषि तथा पशुजन्य उत्पादन, संकलन, प्रसोधन केन्द्रको विकास गरिनेछ।<br>५. पशु विकास पकेट क्षेत्रहरूको सार्वजनिक तथा नीजि जग्गामा भुईघाँस तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई गरी पुरा गरिनेछ।<br>६. स्थानीय उद्यमी, व्यवसायी, सहकारीको साझेदारीमा कृषि प्रशोधन, पशु वधशाखा, दाना उद्योग, चिज र छुर्पी उत्पादन उद्योग तथा केन्द्र स्थापनामा जोड दिइनेछ।<br>७. सबै वडाका युवा, लक्षित वर्ग र कृषकहरूको सहभागितामा कृषि उद्यम सिर्जना र विकास सम्बन्धी तालिम संचालन गरिनेछ।<br>८. स्थानीय लोपोन्मुख बीउविजन, नश्ल, कृषि तथा पशुपन्छीजन्य जैविक विविधताको संरक्षण र व्यवसायीकरण गरिनेछ।<br>९. बाँझो जमीन राख्ने प्रवृतिलाई नियन्त्रण गर्न गाउँपालिकाबाट प्रवाह गर्ने सेवा तथा सुविधामा कडाई गर्ने नीतिगत व्यवस्था गरिनेछ। |
| २. कृषि व्यवसायलाई औद्योगिकरण गर्ने। | १. कृषि, पशुपन्छी, माछा लगायत औद्योगित वस्तु उत्पादन र प्रशोधन उद्योगहरूको स्थापना, स्तरोन्नति र प्रवर्धन गरिनेछ।<br>२. कृषि र पशुपालन सम्बन्धी तरकारी, कफी, मसलाबाली, माछा, गाईभैसी र वाख्रापालनमा केन्द्रित गरी एक वडामा एक-एक वटा नमूना कृषि फर्म मोडेलको रुपमा संचालन गरिनेछ।<br>३. तरकारी, फलफूल, मसलाबाली, दुध उत्पादन पकेट क्षेत्रलाई लक्षित गरी कृषि तथा पशुपन्छीजन्य उपजहरूको संकलन, प्रशोधन र चिस्यान केन्द्रको विकास र विस्तार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. कृषि र पशुपंक्षीजन्य उपजको विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वको वृद्धि गर्ने । | १. शिवपुरी गाउँपालिकालाई जैविक उत्पादन केन्द्रको विकास गर्न कृषकलाई सचेतना, जैविक उत्पादन प्रविधि र प्रसार कार्यक्रम तथा अर्गानिक एग्रीमार्ट स्थापना र संचालनको व्यवस्था गरिनेछ ।<br>२. स्थानीय कृषकको माग, विशिष्टकृत स्थानीय जातमा आधारित एक वडामा एक वहुउद्देश्यीय कृषि नर्सरीको स्थापना गरी विरुवाको उपलब्धतालाई सहज गराइनेछ ।<br>३. फूल, कफि, टिमुर, अलैची, मसलाजन्य बाली, किवी, स्ट्रावेरी, सिस्नु आदीको पकेट क्षेत्र पहिचान गरी स्थान, माटो र हावापानी अनुसारको बाली छनौट गरी व्यवसायिक उत्पादनको लागि कृषि प्रसार तथा प्रविधि हस्तान्तरण गरिनेछ । |
| ४. कृषकलाई कृषि यान्त्रिकीकरण र बजारीकरणलाई सहयोग गर्ने । | १. कृषकलाई अत्यावश्यक यन्त्र उपकरण उपलब्ध गराउन कस्टम हायरिङ केन्द्र स्थापना र संचालन गरिनेछ ।<br>२. नेपाल सरकार, प्रदेश सरकार, नीजि क्षेत्रसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरूको उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>३. कृषकहरूको लागि श्रममा आधारित उत्पादन, भण्डारण, प्रसोधन र बजारीकरणका प्रविधि हस्तान्तरण व्यवस्था गरिनेछ ।<br>४. कृषि सामग्री, अनुदान, बिमा, ऋण, शित भण्डार, संकलन, प्रशोधन र विक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिबृद्धि गरिनेछ ।<br>५. कृषि कर्जा तथा अनुदानसम्बन्धी जानकारी गराइ कृषिमा व्यवसायिकता प्रवर्द्धन गर्ने । |
| **ख. सिंचाई** | |
| १. सिंचाईको श्रोतको पहिचान गरी व्यवस्थित एवं प्रभावकारीता बृद्धि गर्ने । | १. संचाईको पक्की कुलो निर्माण तथा मर्मत कार्य संचालनका उपभोक्ता समिति, कृषक समूह वा सहकारी मार्फत अनुदान दिईने छ ।<br>२. सम्भाब्यता हेरी सिंचाई कुलो, आकासेपानी संकलन तथा लिफ्ट सिस्टम, थोपा सिंचाइ, पोखरी सिंचाइ प्रणालीको विकासलाई जोड दिइनेछ ।<br>३. पोखरी, नहर, कुलोहरू निर्माण तथा मर्मत गर्न आवश्यक मर्मत कोषको स्थापना गरिने छ । |
| **ग. उद्योग र व्यापार** | |
| १. स्थानीय स्रोत साधन, कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने । | १. कृषि, पशु, माछा र वनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको स्थापना र संचालन गरिनेछ ।<br>२. युवालाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरिनेछ ।<br>३. स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गर्ने<br>४. स्थानीय उत्पादनको संकलन र प्रसोधनका आधारित उद्योगको स्थापनामा जोड दिने<br>५. नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिकाको उपयुक्त क्षेत्रमा औद्योगिक ग्राम स्थापना गरी औद्योगिक विकासको ठोस आधार तयार गरिनेछ ।<br>६. उद्योग संचालनको लागि काठमाण्डौका औद्योगिक प्रतिष्ठान र ठूला उद्यमी व्यापारी सम्पर्क र संचार गरिनेछ ।<br>७. संघ तथा प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक विकासको लागि आवश्यक सडक र अन्य पूर्वाधारको विकास र विस्तार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| **घ. बैंक, सहकारी, वित्तीय सेवा, श्रम र रोजगारी** | |
| १. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच बृद्धि गर्ने | १. बैंकिङ लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पैरवी गरिने छ।<br>२. वित्तीय साक्षरताका कार्यक्रम संचालन गरिने छ।<br>३. आर्थिक कारोवारका लागि बैंक तथा वित्तीयसंस्था मार्फत हुने कारोवारलाई प्रोत्साहन गरिने छ।<br>४. सहकारीहरूको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिबृद्धि गरिने छ। |
| २. युवालाई लक्षित गरी उत्पादन, रोजगारी आयमा बृद्धि गर्ने | १. वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय र योजना संचालन गरिने छ।<br>२. वैदेशिक रोजगारीमा रहेका परिवार, फर्केका र जान लागेका युवा वा लाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योग व्यवसाय संचालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम संचालन गरिने छ। |

## ३.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वियन योजना)

आवधिक योजनाको आर्थिक विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ।

**तालिका ३.२२ : आर्थिक विकास क्षेत्रको प्रमुख र(ानीतिक कार्यक्रम तथा आयोजना**

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| **प्रतिफल १.१: कृषि व्यवसाय आधुनिक, व्यवसायिक, अर्गानिक एवं प्रतिस्पर्धी भएको हुनेछ। (कृषि विकास)।** | | | | | |
| १.१.१ नमूना (मोडेल) कृषि फार्म स्थापना गर्ने | संख्या | ० | १६ | २४००० | प्रत्येक वडामा १-१ (तरकारी, कफी, मसलाबालीमा केन्द्रित) |
| १.१.२ शिवपुरी अर्गानिक एग्रीमार्ट स्थापना र संचालन गर्ने | संख्या | ० | १ | १०००० | वडा नं. ८ को थानापती क्षेत्रको उपयुक्त स्थानमा |
| १.१.३ जैविक मल तथा विषादी उत्पादन उद्योग स्थापना गर्ने | | ० | १ | ९००० | वडा नं. ५ को माहाकाली क्षेत्र स्थापना गरी संचालन गर्ने |
| १.१.४ जैविक मल उत्पादनका लागि ढैचा, दुधे खिर्रो, वकाइनो, निम, सजिवन, तितेपाती जस्ता वोटविरुवाको रोपण र संरक्षण गर्ने | रोपनी | ० | ५०० | ९००० | कम उर्वर सार्वजनिक र तथा नीजि जग्गामा लगाउने |
| १.१.५ कृषि प्राविधिक शिक्षालय स्थापना गर्ने | संख्या | ० | १ | २०००० | वडा नं. ५ को महाकाली क्षेत्रमा जग्गा व्यवस्था गरी संचालन गर्ने |
| १.१.६ बहुउद्देश्यीय कृषि नर्सरी स्थापना र संचालन गर्ने | संख्या | ० | ८ | ४००० | स्थानीय आवश्यकता अनुसार विउ विरुवा उत्पादन गर्ने |
| १.१.७ फूल, कफि, टिमुर, अलैची, मसलाजन्य बाली, किवी, स्ट्राबेरी, सिस्नु खेतीको विकास र विस्तार गर्ने | रोपनी | २०० | ५०० | ६००० | पकेट पहिचान गरी स्थान, माटो र हावापानी अनुसारको बाली छनौट गरी व्यवसायिक उत्पादन गर्ने |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| १.१.८ संकलन, प्रशोधन र चिस्यान केन्द्र स्थापना गर्ने | स्थान | ० | २ | १०००० | पकेट क्षेत्रमा तरकारी, फलफूल, मसलाबाली दुध जन्य पदार्थमा लक्षित गर्ने |
| १.१.९ माछापालन प्रवर्द्धनात्मक कार्यक्रम | पटक | ० | १ | २५००० | पकेट क्षेत्रमा लक्षित गर्ने |
| १.१.१० व्यवसायिक मौरीपालन कार्यक्रम | पटक | १ | १ | १०००० | पकेट क्षेत्रमा लक्षित गर्ने ( |
| १.१.११ कृषि सम्बन्धी सालबसाली कार्यक्रम | पटक | ० | ५ | ५००० | मागको आधारमा |
| **प्रतिफल १.१ जम्मा** | | | | **१३२०००** | |
| **प्रतिफल १.२: खेतीयोग्य भूमिमा भरपर्दो एवं व्यवस्थित सिंचाई सुविधा पुगेको हुनेछ। (सिंचाई)** | | | | | |
| १.२.१ सार्वजनिक पोखरी निर्माण | संख्या | ४ | ५०० | ५००० | सार्वजनिक र नीजि जग्गामा कृषि सहकारी मार्फत प्रवर्धन गर्ने |
| १.२.२ सार्वननिक कूलो निर्माण | संख्या | १०० | १२५ | २५००० | पालिकास्तरको गौरवका सिंचाई योजना संचालन गर्ने |
| १.२.३ सिंचाई सालवसाली कार्यक्रम | संख्या | ० | १ | ३०००० | साविकको मर्मत सम्भार गर्ने |
| **प्रतिफल १.२ जम्मा** | | | | **६००००** | |
| **प्रतिफल १.३ पशुपालन व्यवसायिक एवं उत्पादनमा बृद्धि भएको हुनेछ। (पशु विकास)** | | | | | |
| १.३.१ उन्नत घाँसेबाली विस्तार कार्यक्रम | रोपनी | ० | ५०० | ४००० | सार्वजनिक र नीजि जग्गामा कृषि सहकारी मार्फत प्रवर्धन गर्ने |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| १.३.२ गाईभैसी नमूना फर्म स्थापना र संचालन गर्ने | संख्या | ० | ८ | १४००० | पकेट क्षेत्रमा कृषक समूह /सहकारी मार्फत संचालन गर्ने |
| १.३.३ वोयर वाखा स्रोत केन्द्र स्थापना गर्ने | संख्या | ० | १ | ६००० | कृषक समहू/सहकारी मार्फत संचालन गर्ने |
| १.३.४ कृत्रिम गर्भाधान केन्द्र स्थापना र संचालन गर्ने | संख्या | ० | १ | ३००० | वडा नं. ५ को शेरावगर क्षेत्रमा स्थापना गरी संचालन गर्ने |
| १.३.५ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २००० | |
| **प्रतिफल १.३ जम्मा** | | | | **२९०००** | |
| **प्रतिफल १.४: उद्योग व्यवसायको स्थापना, प्रवर्द्धन र उत्पादनमा वृद्धि भएको हुनेछ।** (**उद्योग व्यवसाय**) | | | | | |
| १.४.१ औद्योगिक ग्राम स्थापना गर्ने | क्षेत्रफल | ० | ५०० | ५०००० | प्रदेश सरकारसँग समन्वय गरी वडा नं. ८ को थानापती क्षेत्रमा स्थापनाको लागि पहल गर्ने |
| १.४.२ कृषि, जडिबुटी र पशुपंक्षी, वेतबास उत्पादन र प्रशोधन उद्योग स्थापना र संचालन गर्ने | संख्या | ० | ५ | २५००० | प्रदेश सरकारसँग समन्वय गरी कृषिको २, जडिबुटी सम्बन्धी १, पशुपंक्षी उपज सम्बन्धी १ र वेतबासको १ गरी ५ वटा उपयुक्त पाँच स्थानमा संचालन गर्ने |
| १.४.३ कृषि उपज प्रशोधन उद्योगको स्थापना | संख्या | ० | ८ | ३६००० | प्रत्येक वडामा १-१ (तरकारी, फलफूल, दुग्ध पदार्थ आदि) |
| १.४.३ सालवसाली कार्यक्रम | पटक | १ | ५ | ४००० | |
| **प्रतिफल १.४ जम्मा** | | | | **११५०००** | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| **प्रतिफल १.५: बैंक तथा वित्तीय सेवामा पहुँच वृद्धि भएको हुनेछ। (सहकारी तथा वित्तीय सेवा र श्रम तथा रोजगारी)** | | | | | |
| १.५.१ जैविक उत्पादन, प्रसोधन र बजारीकरणका लागि सहकारी विकास कार्यक्रम | वटा | ० | २० | ५००० | तरकारी, पर्यटन र पशुपालनमा केन्द्रित गर्ने |
| १.५.२ विप्रेषण पुँजी परिचालन कार्यक्रम | जना | ० | १०० | १००० | वैदेशिक रोजगारीबाट फर्केका वा परिवारलाई लक्षित गर्ने |
| १.५.३ कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय वेरोजगार उद्यमशिलता विकास कार्यक्रम | जना | ० | ३०० | ३००० | वाहिर गएका र वेरोजगारलाई केन्द्रित गर्ने |
| **प्रतिफल १.५ जम्मा** | | | | **९०००** | |
| **आर्थिक विकास जम्मा** | | | | **३४५०००** | |

परिच्छेद ४

# संस्कृति तथा पर्यटन योजना

## ४.१ वस्तुस्थिति विश्लेषण

### पृष्ठभूमि

वर्तमान संविधानले प्राकृतिक, साँस्कृतिक तथा पुरातात्विक सम्पदाको संरक्षण, प्रवर्द्धन र विविधीकरण गर्दै पर्यटकीयस्थलको रुपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा यस क्षेत्रलाई विकसित गर्ने नीति अंगीकार गरेको छ। सम्पदाको पर्यटन क्षेत्र नेपालको अर्थतन्त्रको विकासका लागि उच्च सम्भावना बोकेको तथा तुलनात्मक लाभको क्षेत्र हो । यहि कुरालाई मनन गर्दै नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रुपमा मनाउने तयारी गरेको छ । प्राकृतिक शुन्दरता, धार्मिक स्थल, मौलिक कला तथा संस्कृति र ऐतिहासिक तथा पुरातात्विक सम्पदा रहेको यस क्षेत्रका पर्यटकीय सम्भावना बोकेका निधि हुन् ।

शिवपुरी क्षेत्र पौराणिक, ऐतिहासिक र साँस्कृतिक रुपमा मात्र नभइ प्राकृतिक रुपमा पनि महत्वपुर्ण क्षेत्र हो । आराध्ये देव शिवको पवित्र भूमिका रुपमा प्रसिद्ध यस क्षेत्र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज र लाङ्टाङ्ग राट्रिय निकुञ्जको निकटवर्ती क्षेत्र रहेका कारण पर्यटकीय क्षेत्रका रुपमा प्रसिद्ध रहेको छ । पर्यटन र साँस्कृति सम्पदा सम्बन्धी क्षेत्रको संभावना, अवसर र विद्यमान अवस्था समेत समस्या तथा चुनौति र चाल्नु पर्ने कदम बारे संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

**संभावना, अवसर तथा विद्यमान अवस्था**

यस गाउँपालिकाको अधिकांश क्षेत्र जैविक विविधता र जलाधारको दृष्टिकोणबाट राष्ट्रिय महत्वको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछ । गाउँपालिका नेपाल संघीय राजाधानी काठमाण्डौंसाग जोडिएको छ। साथै यस गाउँपालिकामा शिवपुरी वाघद्धार, महाबुङ दुप्चे, अल्छे मैदान, सुइरेचौर, गुर्जे, अर्खौले, कुम्भेश्वर गुफा, समुन्द्रादेवी, शिवालय त्रिवेणीधाम, थर्पेलिङ गुम्बा र अन्य गुम्बा तथा मठमन्दिर जस्ता २५ भन्दा बढी दृश्यावलोकन, प्राकृतिक, साँस्कृतिक र साहसिक पर्यटकीय स्थल र सम्पदाहरू रहेका छन् । यस गाउँपालिका नेपालको संघीय राजधानी काठमाण्डौ, नेपालको प्रमुख पर्यटकीय गन्तव्य ककनीसँग जोडिएको तथा लाङटाङ राष्ट्रिय निकुञ्ज, हेलम्बु जाने मार्गमा समेत पर्दछ। धार्मिक तथा साँस्कृतिक विविधता र सहिष्णुता रहेको यस क्षेत्रमा बौद्ध तथा हिन्दु धर्मसँग सम्बन्धीत ६३ वटा धार्मिक सम्पदा रहेका छन् । मौलिक अभ्यासका रुपमा लामा नाच, झाँक्री नाच, सेलो, हरि कृतन, सोरटी, घाटु, असारे, लोक दोहोरी, खैँजडी, डम्फु नाच रहेको छ। यस गाउँपालिकाका विभिन्न पर्यटकीय क्षेत्रमा बार्षिक औषतमा ९० हजार पर्यटकहरूले भ्रमण गर्ने गरेका छन् । यस गाउँपालिकामा ४० जना पर्यटन व्यवसायी, १५ जना टुर गाइड, ३५ स्थानमा होमस्टे संचालनमा रहेको र हाल सम्म २२ कि.मि जती पर्यटकीय पदमार्ग रहेको अवस्था छ। यस गाउँपालिकाको मुख्य गरेर चिसापानी, सुइरेचौर, गुर्जे, अल्छे, अर्खौले लगायतका स्थानामा ४० भन्दा बढी पर्यटनस्तरका होटेल संचालनमा रहेका छन् ।

**समस्या तथा चुनौति**

यस गाउँपालिकाको देशकै महत्वपूर्ण पर्यटकीय स्थलहरूको र उपज उपलब्ध रहेको भएता पनि उक्त पर्यटकीय स्थल, सम्पदा र उपजको पहिचान, नक्शाकंन, संरक्षण र व्यवस्थापन हुन सकेको छैन । महत्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदा र  र उपजलाई ध्यान दिई अत्यावश्यक पूर्वाधार तथा सेवा सुविधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट खाँका सहितको योजना छैन । पर्यटकीय सम्पदा, विशेषता, सेवा सुविधाको बारेमा सूचना र प्रचारको कमी रहेको छ । स्थानीय समूदायमा अतिथी सत्कार, सेवा सम्बन्धी ज्ञान र सीपको समेत कमी रहेकोछ। संघीय शासन प्रणाली अनुसार अन्तर सरकार वन, वातावरण र पर्यटन विकाससँग सम्बन्धित ऐन, नीति, नियम र कार्यविधिमा सामञ्जस्यताको कमीको कारण यस गाउँपालिकामा पर्यटन विकासले अपेक्षाकृत गति लिन सकेको छैन ।

ऐतिहासिक महत्व बोकेको शिवपुरी क्षेत्रमा पश्चिमी संस्कृतिको प्रभावले संस्कृति बढ्दै गएको छ भने स्थानीय कला तथा संस्कृति लोप हुँदै गएको छ। मौलिक कला संस्कृतिको संरक्षणमा पर्याप्त ध्यान पुग्न सकेको छैन। कला तथा संस्कृति संरक्षणको लागि संरचनागत व्यवस्था पनि हुन सकेको छैन।

## ४.२ लक्ष्य

यस गाउँपालिकाको सँस्कृति तथा पर्यटन विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- शिवपुरी क्षेत्रको प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टतालाई पर्यटकीय आकर्षणको रुपमा विकास गर्ने

## ४.३ उद्देश्य

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

१. स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन भएको हुनेछ।

२. स्वस्थ, व्यवस्थित र आकर्षक पर्यटकीय पूर्वाधारको विकास भएको हुनेछ।

## ३.४ रणनीति तथा कार्यनीति

आवधिक गाउँ विकास योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि संस्कृति तथा पर्यटन विकास क्षेत्रको लागि देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ।

**तालिका ४.१३: संस्कृति तथा पर्यटन विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **क. संस्कृति** | |
| १. स्थानीय कला तथा संस्कृतिको संरक्षण गरी व्यवसायिकता तर्फ उन्मुख गर्ने। | १. मौलिक बाजा, नाच र गीतलाई गायनमा निखरा ल्याउन नियमित अभ्यासको वातावरण मिलाइनेछ।<br>२. स्थानीय बाजा, नृत्य र गीतलाई पेशाका रुपमा अवलम्बन गर्न महोत्सव, चाडवाड तथा कार्यक्रममा अवसर प्रदान र प्रचार प्रसार गरिनेछ।<br>३. स्थानीय कला तथा संस्कृतिको जगेर्ना गर्न कला तथा संस्कृति संवर्द्धन केन्द्रको स्थापना स्थानीय स्तरमा गरिनेछ।<br>४. स्थानीय कला र संस्कृतिलाई विद्यालयका अतिरिक्त क्रियाकलापसँग आवद्ध गराइने छ। |
| **ख. पर्यटन** | |
| १. पर्यटकीय स्थल, स्रोत र सम्पदाको पहिचान नक्शाङ्कन, विकास र प्रवर्धन गर्ने। | १. गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जूमा गरी सो अनुसारको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिबृद्धी लगायतका कार्यहरू चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ।<br>२. पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ।<br>३. नीजि क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकास कार्यहरू संचालन गरिनेछ। |
| २. पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने। | १. कृषि तथा पशुपालन पकेट क्षेत्रमा जलाशय पार्क, कफि, वगान, माछा फर्म जस्ता एकीकृत कृषि फर्म र होमस्टे लगायत कृषि पर्यटनको विकास र विस्तार गरिनेछ।<br>२. प्राकृतिक, दृश्यावलोकन, धार्मिक, साँस्कृतिक, साहसिक खेल, कृषि र ग्रामीण जनजीवनमा आधारित दिगो पर्यटनको विकास गरिनेछ।<br>३. पर्यटन विकास र विस्तार कार्यलाई सम्पदाको संरक्षण सम्बर्धनसँग एकीकृत गरी संचालन गरिनेछ।<br>४. शिवपुरी राष्ट्रिय निकुञ्ज समेत शिवपुरीको परिक्रमा हुने गरी प्रमुख पर्यटकीय स्थललाई जोडेर पदमार्ग तथा साइकल मार्गको विकास गरिनेछ।<br>५. नीजि क्षेत्रसँग साझेदारी गरी गाउँपालिकाको संभाव्य पर्यटकीय स्थलहरूमा पर्यटकीय पूर्वाधार लगायत सेवासुविधासँग एकीकृत गरी साहसिक पर्यटन विकास गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. पर्यापर्यटनको विकास र विस्तार गर्ने । | १. मध्यवर्ती विकास क्षेत्रका सामुदायिक वन समूह, स्थानीय समुदायसँग सहकार्य गरी पर्यापटन विकास र विस्तार गरिनेछ ।<br>२. वन, जलश्रोत र जैविक विविधताको संरक्षण गरी पर्यापर्यटनको प्रवर्धन र विस्तार गरिनेछ ।<br>३. पर्यापर्यटन विकास र प्रर्वधनको लागि राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिसँग समन्वय र सहकार्य गरिनेछ । |
| ४. पर्यटनको विकासको माध्यमद्धारा दिगो रोजगारी सिर्जना र आय वृद्धी गर्ने । | १. पर्यटन विकास विशेष गरी पर्यापर्यटन, कृषि पर्यटन र सहासिक पर्यटनद्धारा युवा, महिला र लक्षित वर्गमा रोजगारी सृजना र आय बृद्धि गरिनेछ ।<br>२. कृषि, उद्यम र पूर्वाधार विकाससँग एकीकृत गरी पर्यटन विकासको कार्यक्रम संचालन गरिनेछ ।<br>३. पर्यटन क्षेत्रबाट प्राप्त आयको लक्षित समुदायसम्म पुर्‍याउन विकास विकासका कार्यक्रमलाई लक्षित वर्ग र समुदाय प्राथमिकता दिई संचालन गरिनेछ । |

## ४.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको सँस्कृति तथा पर्यटन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

**तालिका ४.२४ : संस्कृति तथा पर्यटन विकास क्षेत्रको प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना**

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| **प्रतिफल १.६: स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन भएको हुनेछ । (संस्कृति तथा सम्पदा)** | | | | | |
| १.६.१ मौलिक संस्कृति तथा कला प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | १००० | पालिकास्तरमा |
| १.६.२ कला तथा संस्कृति अध्ययन | पटक | ० | १ | २००० | स्थानीय कला तथा संस्कृतिको सम्बन्धमा अध्ययन तथा अनुसन्धान |
| १.६.३ शवदाहस्थल निर्माण | स्थान | ० | १६ | ८००० | हरेक वडामा २ वटाका दरले तामाङ्ग समुदायको शव दाहस्थल निर्माण गर्ने |
| १.६.४ सालवसाली कार्यक्रम | पटक | १ | ५ | ५०० | नियमित कार्यहरू |
| **प्रतिफल १.६: जम्मा** | | | | ११५०० | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| **प्रतिफल १.७: स्वस्थ, व्यवस्थित र आकर्षक पर्यटकीय पूर्वाधारको विकास भएको हुनेछ। (पर्यटन विकास)** | | | | | |
| १.७.१ कृषि पर्यटन कार्यक्रम | स्थान | ० | ८ | १०००० | कृषि पकेट क्षेत्र अनुसार कृषि व्यवसायसँग आवद्ध गरी संचालन गर्ने |
| १.७.२ शिवपुरी पैदल तथा साइकल मार्ग | कि.मि. | २२ | १०० | ५०००० | ककनी, सुइरे (सौर्य) चौर, रोल्चे, चिसापानी, गोल्फुभञ्ज्याङ, कालोभञ्ज्याङ, मानेभञ्ज्याङ, टोड्केभज्याङ, घले भञ्ज्याङ पदयात्रा र हाइकिङका लागि परिक्रमा पदमार्ग तथा साइकल मार्गको विकास गर्नेशिवपुरी परिक्रमा हुने गरी पद तथा साइकल मार्ग निर्माण गर्ने |
| १.७.३ मनोरञ्जनात्मक पर्यटन प्रवर्द्धन | स्थान | ० | ८ | ८००० | जलाशय पार्क, चिया तथा कफी वगान, माछा फार्म जस्ता एकीकृत कृषि फर्म र होमस्टे लगायत कृषि पर्यटनको विकास गर्ने जलाशय, कफि, वगान, माछा र तरकारी तथा पशुपालन पकेट क्षेत्रमा स्थापना गर्ने |
| १.७.४ पर्यटकिय पूर्वाधार निर्माण | स्थान | ० | २५ | ५०००० | शिवपुरी वाघद्धार, महाबुङ दुप्चे, थानापती मन्दिर, कुम्भेश्वर गुफा, समुन्द्रादेवी, शिवालय त्रिवेणीधाम, थर्पेलिङ गुम्बा र अन्य गुम्बा तथा मठमन्दिर जस्ता धार्मिक स्थल, अल्छे मैदान, थानापती, सुइरेचौर, गुर्जे र अर्खौले जस्ता पर्यटकीय क्षेत्रहरूमा पर्यटकीय पूर्वाधारको विकास, पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गर्ने |
| १.७.५पर्यटन पूर्वाधार र सुविधा सम्बन्धी सालबसाली कार्यक्रम | पटक | ० | ५ | ६००० | नेपाल सरकार र प्रदेश सरकाको ससर्त अनुदान |
| **प्रतिफल १.७: जम्मा** | | | | १२४००० | |
| **संस्कृति तथा पर्यटन क्षेत्र जम्मा** | | | | १३५५०० | |

परिच्छेद ५

# सामाजिक विकास योजना

## ५.१ वस्तुस्थिति विश्लेषण

### पृष्ठभूमि

वर्तमान संविधानले शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरूलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। माध्यामिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजको पछाडी परेको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानुनी तथा नीतिगत आधारहरू तयार भई सकेका छन् । सामाजिक विकासलाई गुणस्तरीय जीवन यापनको आधार समृद्धिको इन्जिनका रुपमा लिई संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपुर्ण प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ। शिवपुरी गाउँपालिकाको समृद्धीका सक्षम जनशक्ति उत्पादन र यथोचित अवसरहरू उपलब्ध गराउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा गाउँपालिकामा भएका सम्भावना, अवसर र विद्यमान अवस्था सहित समस्या तथा चूनौति पहिचान गरिएको छ।

### क. शिक्षा तथा सिप विकास

#### संभावना, अवसर र विद्यमान अवस्था

नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सवालहरूलाई महत्वपूर्ण रुपमा उठान गरेको छ। वर्तमान १५ औं राष्ट्रिय योजनाले उपरोक्त विषयलाई समेत उच्च प्राथमिकतामा राखेको छ।

शिवपुरी क्षेत्र ऐतिहासिक रुपमा धार्मिक, साँस्कृतिक, प्राकृतिक र शैक्षिक रुपले सुपरिचित क्षेत्र हो । कूल साक्षर जनसंख्या ७३ प्रतिशत रहेको यस क्षेत्रमा स्नातक तहको अध्यापन हुने एउटा क्याम्पस, प्राविधिक धारको एउटा विद्यालय, १० वटा माध्यामिक विद्यालय, ३९ वटा आधारभूत विद्यालय, ३५ वटा वालविकास केन्द्र शैक्षिक पूर्वाधारका रुपमा रहेको छ। यसका अतिरिक्त राजधानी काठमाण्डौंसँगको भौगोलिक निकटताको कारण यस क्षेत्रबाट ठूलो संख्यामा गुणस्तरीय शिक्षा तथा उच्च शिक्षा हासिल गर्न राजधानी काठमाण्डौं जाने गरेको देखिन्छ। गुणस्तरीय शिक्षाका लागि यस क्षेत्रका ७ वटा विद्यालयमा विज्ञान प्रयोगशाला र १० वटा विद्यालयमा पुस्तकालय तथा कम्प्युटर र इन्टरनेट सुविधाको व्यवस्था गरिएको छ। यस क्षेत्रको शैक्षिक गुणस्तर र गुणस्तरीय शिक्षामा पहुँच क्रमशः वृद्धि हुँदै गएको देखिन्छ।

**समस्या तथा चुनौती**

शैक्षिक क्षेत्रमा आधारभूत, माध्यामिक, उच्च शिक्षा र प्राविधिक शिक्षामा विविध समस्या र चुनौतिहरू विद्यमान रहेका छन् । अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात मिलको छैन भने विद्यार्थी संख्या न्यून र भौगोलिक दुरी समेतलाई मध्य नजर गर्दा ११ वटा विद्यालय मर्ज गर्नुपर्ने अवस्थामा रहेका छन् । सडक निर्माणका कारण ४ वटा विद्यालयहरू पहिरोको जोखिममा रहेका छन् । विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगमैत्री पुर्वाधारको व्यवस्था नभएका कारण वालमैत्री विद्यालय हुन सकेको छैन । शैक्षिक अवस्थाको सम्बन्धमा अविभावकको चासो यथोचित नभएका कारण विद्यार्थीमा शिक्षा प्रतिको धारण गलत हुने र अनुशासीत नहुने अवस्था समेत कहीँ कतै देखिन्छ। विद्यालय व्यवस्थापन समिति तथा शिक्षकबीच सुझबुझ तथा समझदारी निर्माणमा कठिनाइ र प्रधानाध्यापक तथा शिक्षक बीच तहगत बेमेलका कारण शैक्षिक वातावरण सुमधुर हुन सकेको छैन। कतिपय विद्यालयमा विद्यार्थी संख्या बढी तर विषयगत शिक्षक तथा शिक्षक दरवन्दी कम भएको कारण शिक्षण सिकाइमा प्रतिकुलता देखिएको छ। शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्पुटर शिक्षक र सुचना प्रविधिको उपयोग र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परेको देखिन्छ।

**ख. स्वास्थ्य तथा पोषण**

**संभावना, अवसर र विद्यमान अवस्था**

यस गाउँपालिका क्षेत्रमा ८ वटा स्वास्थ्य चौकी र २ वटा ग्रामीण सामुदायिक स्वास्थ्य इकाईले आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराइ रहेका छन् । स्वास्थ्य क्षेत्रमा ८ जना हेअ, १६ जना अहेव, १७ जना अनमि र २ जना ल्याव टेक्निसिएन कार्यरत रहेको देखिन्छ। गाउँपालिकाको ३ वटा वडामा पुर्ण खोप घोषणा भएको छ भने बाँकी ५ वटा वडा घोषणाको क्रममा रहेका छन् । वृद्धि अनुगमन गरिएका बालवालिकामा कुपोषण नरहेकोले पोषणको अवस्था सन्तोषजनक रहेको देखाउँछ। यस क्षेत्रमा स्वास्थ्य र पोषण सम्बन्धी क्षेत्रमा क्रियाशिल गैससले महत्वपुर्ण सहयोग पुर्याउँदै आएको छ । स्वास्थ्य तथा पोषणको क्षेत्रमा जनचेतनामा वृद्धि हुँदै गएको देखिन्छ।

**समस्या तथा चूनौती**

सामाजिक मान्यता लगायत पुर्वाधारको कमी, जनशक्तिको कमी र उच्च स्तरीय सेवामा सिमितताका कारण यस क्षेत्रमा स्वास्थ क्षेत्रमा विभिन्न खालका समस्या र चुनौति विद्यमान रहेका छन् । स्थानीयस्तरमा चिकित्सक/ विशेषज्ञ सेवाको उपलब्धता नभएका कारण काठमाण्डौंका स्वास्थ्य संस्थाहरूमा जानुपर्ने वाध्यता रहेको छ । स्थानीयस्तरमा नियमित स्वास्थ्य परिक्षण र गर्भ परीक्षण नहुने गरेको देखिन्छ । स्वास्थ्य चौकी र गाउँघर क्लिनीकमा आवश्यक कोठा सहितको भवन लगायतका पूर्वाधार तथा समाग्री र वर्थिङ्ग सेन्टरको कमी रहेको छ। विरामीलाई स्वास्थ्य संस्थामा समयमै लैजान अवश्यक संख्यामा एम्वुलेन्सको र सो को व्यवस्थापन हुन

सकेको छैन। स्वास्थ्यकर्मीको नियमिततामा र औषधीको प्रर्याप्ततामा कमीका कारण उपलब्ध स्वास्थ्य सेवा प्रभावकारी हुन सकेको छैन। दुर्गम क्षेत्रमा अझैपनि घरमा सुत्केरी हुने अभ्यास कायम रहेको छ भने आम रुपमा रोग लुकाउने र परिवार नियोजनको साधनको उपयोगमा संकुचित धारणा रहने गरेको छ। बालबालिकाको नियमित तौल, अनुगमनमा ध्यान दिने गरिएको देखिदैन। खानपीनमा पौष्टिकताको ख्याल गर्ने आनिबानी र धुम्रपान र मद्यमानको कुलतका कारण स्वास्थ्यमा प्रभाव परेको देखिन्छ। यस क्षेत्रमा स्वास्थ्य विमाको अभ्यास अत्यन्त न्युन रहेको छ।

## ग. खानेपानी तथा सरसफाई

**संभावना, अवसर र विद्यमान अवस्था**

खानेपानी र सरसफाईका क्षेत्रमा शिवपुरी गाउँपालिकामा पछिल्ला वर्षमा उल्लेखनिय सुधार देखिएको छ। करिव ७५ प्रतिशत घरमा खानेपानीका लागि धाराको पानी उपयोग हुने गरेको छ। दक्षिणी क्षेत्रमा पानी मुहानहरूको पर्याप्त उपलब्धताले खानेपानीको उपयोगमा सहज तुल्याएको छ। यस क्षेत्रमा सबै बासिन्दालाई स्वच्छ खानेपानीको पहुँच वृद्धि गर्न एक घर एक धारा अभियान कार्यान्वयनमा रहेको छ। हाल सम्ममा करिब ७८ प्रतिशत घरमा प्यान भएको सौचालय निर्माण भइ सकेको देखिन्छ। गाउँपालिका खुला दिशा मुक्त क्षेत्र घोषणा भइ सकेकोले पुर्ण सरसफाईका अभ्यासहरू हुँदै गरेका छन्। यस क्षेत्रमा धुवाँ रहित चुलो निर्माण र उपयोग गर्ने अभ्यास रहेको छ। खानेपानी र सरसफाईको क्षेत्रमा गैरसरकारी क्षेत्रको सहयोग रहेको देखिन्छ। हालको अवस्था हेर्दा स्वच्छ खानेपानी र सरसफाई सम्बन्धी चेतनामा क्रमशः बृद्धि हुँदै गएको छ।

**समस्या तथा चूनौती**

यस गाउँपालिकामा स्वास्थ्य तथा सरसफाईको क्षेत्रमा सुधारका बावजुद स्वच्छ पानीको उपलब्धता र खानेपानी प्रणाली व्यवस्थित हुन सकेको देखिदैन। खुला दिशा मुक्त भए पनि पूर्ण कार्यान्वयनमा कमी रहेको छ भने सार्वजनिक सौचालयको व्यवस्था नहुँदा असहज अवस्था रहेको छ। खानेपानीका लागि उत्तरी क्षेत्रमा पानीको मुहान कमी रहेकोले स्वच्छ खानेपानीमा पहुँच पुर्याउन अफठ्यारो भएको छ। सञ्चालित खानेपानी आयोजनाको दिगोपनाको कमी रहेका कारण पुनः लगानी गर्नुपर्ने अवस्था रहेको छ। सार्वजनिक स्थल तथा निजी घरमा फोहोरको व्यवस्थापनमा कमजोरीका कारण प्लास्टिक तथा सिसाजन्य फोहोर सहित कुहिने फोहोर व्यवस्थापन हुन सकेको छैन।

## घ. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

**संभावना, अवसर र विद्यमान अवस्था**

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण र लक्षित वर्गको हितका सम्बन्धमा हालका दिनहरूमा कानुनी तथा नीतिगत व्यवस्था र स्थानीय स्तरमा भए गरेका अभ्यासहरूले केही

सकारात्मक परिवर्तन देखा परेका छन् । यस क्षेत्रमा लक्षित वर्गमा अधिकार र अवसरकासम्बन्धमा चेतनाको वृद्धि हुँदै गएको छ । वडास्तरमा अपांग, महिला, बालवालिका र दलित वर्गको संजालहरू गठन र कृयाशिल रहेका छन् । पालिकास्तरमा महिला तथा बालबालिका शाखा स्थापना भइ सकेको छ । लक्षित वर्गको हितमा कार्यक्रम सञ्चालन गर्ने गैसस कृयाशिल रहेको देखिन्छ ।

**समस्या तथा चूनौती**

शिवपुरी गाउँपालिकामा सामाजिक समावेशिकरणको क्षेत्रमा हालका दिनमा सकारात्मक परिवर्तनहरू देखिएता पनि यथोचित पहल र सुधार हुन सकेको देखिदैन । पालिकास्तरमा लक्षित वर्गको संरचनागत पूर्वाधारको कमी रहेको छ । अपांग, दलित, जेष्ठ नागरिक तथा महिला हेर्ने सकारात्मक दृष्टिकोणमा नभएका कारण हिंसाजन्य घटना हुने गरेको देखिन्छ । लक्षित वर्गमा अधिकार र कर्तव्यसम्बन्धी चेतनाको कमी रहेको छ । महिलामा बहुकार्य वोझको अवस्था हालसम्म पनि विद्यमान रहेकोल छ । लक्षित वर्गको तालिममा प्रभावकारी हुन नसक्दा आसातित सुधार हुन सकेको छैन । बालश्रम र चेलिवेटी वेच विखन जस्ता सामाजिक अपराध पनि विद्यमान रहेका छन् । लक्षित वर्गमा आत्मनिर्भरता र आत्मविस्वासको कमी रहेका छ । सामाजिक सुरक्षा भत्ताको वितरण असजहताका कारण गुनासो व्यापक देखिएको छ । भाषिक समस्याका कारण तामाङ्ग समुदायमा जानकारी हासिल गर्न कठिनाई रहेका छ ।

**ङ. युवा तथा खेलकुद**

**संभावना, अवसर र विद्यमान अवस्था**

खेलकुदको क्षेत्रमा यस गाउँपालिकाले अन्तराष्ट्रिय स्तरका पनि ख्याती कमाएका कुल ७ जना खेलाडी रहेका छन् । खेलकुदको अभ्यासका लागि ३ खेल मैदान रहेका छन् । यस क्षेत्रमा ६ वटा युवा क्लब रहेका छन् । युवाहरूमा खेलकुद, राजनीति, समाजसेवा र राष्ट्र सेवामा पनि आक्रर्षण रहेको देखिन्छ । युवाको बैदेशिक रोजगारीको आक्रर्षणले आयआर्जनको महत्वपुर्ण आधार बनेको छ ।

**समस्या तथा चूनौती**

अन्तराष्ट्रियस्तरमा ख्याती कमाएका खेलाडीहरू रहेको यस क्षेत्रमा खेलकुदमा प्रोत्साहनको कमी रहेको छ । पर्याप्त संख्यामा खेलमैदान नरहेको, खेल प्रशिक्षकको व्यवस्था नभएको, खेलाडीको सम्मान गर्ने कार्य नगरिने प्रचलन र नियमित खेल आयोजना नहुने कारणले खेलकुदको विकासमा सकारात्मक प्रभाब परेको छैन । युवा वर्गमा स्थानीयस्तरमा रोजगार हुनु भन्दा वाह्य रोजगारीमा आक्रर्षण बढि हुनु, स्वरोजगारका अवसरमा कमीका कारण युवा पलायन विद्यमान रहेको छ । युवा वेरोगारीको समश्या यस क्षेत्रमा विद्यमान रहेको छ ।

## ५.२ लक्ष्य

आवधिक विकास योजनाले लिएको सामाजिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ।

- स्वस्थ, आत्मनिर्भर र सुसंस्कृत जनसक्ति तयार गर्ने।

## ५.३ उद्देश्य

१. पूर्व प्राथमिक तथा प्राविधिक शिक्षामा पहुँच तथा विद्यालय शिक्षाको गुणस्तरमा वृद्धी भएको हुनेछ।

२. आधारभूत तथा चिकित्सकिय स्वास्थ्य सेवामा पहुँच तथा गुणस्तर वृद्धि भएको हुनेछ।

३. स्वच्छ खानेपानीको सहज उपलब्धता र सरसफाइजन्य व्यवहारमा अभिवृद्धी भएको हुनेछ।

४. लक्षित वर्गको निर्णय निर्माण प्रकृयामा सहभागिता, सामाजिक मर्यादा र आत्मनिर्भरतामा वृद्धी भएको हुनेछ।

५. युवाका लागि व्यवसायिकता तथा आत्मनिर्भरताका अवसर सृजना भएको हुनेछ।

## ५.४ रणनीति तथा कार्यनीति

योजनाको सामाजिक विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ।

**तालिका ५.१ ५: सामाजिक विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **क. शिक्षा तथा सीप विकास** | |
| १. व्यवहारिक तथा प्राविधिक शिक्षाका माध्यमबाट आत्मनिर्भर तथा अनुशासित जनसक्ति उत्पादन गर्ने। | १. तरकारी खेती, माछापालन र कृषि नर्सरीको अभ्यासलाई स्थानीय पाठ्यक्रममा आवद्ध गरी विद्यालय नजिकको जमिनलाई भाडामा लिई माध्यमिक तहका विद्यार्थीलाई कृषि प्राविधिक र अगुवा कृषक मार्फत अभ्यास गराइनेछ।<br>२. अभ्यास केन्द्रमा उत्पादित वस्तुलाई बजारीकरणको सुनिश्चित गरी विद्यार्थीको आय आर्जका अवसर सृजना गरिनेछ।<br>३. विद्यालयमा गरिने अभ्यासलाई हरेक विद्यार्थीको घरमा अनिवार्य गरिनेछ।<br>४. सम्भावना अध्यनबाट कृषि तथा पशुसम्बन्धी प्राविधिक धार सञ्चालनका लागि उपयुक्त स्थलको तय गरिनेछ।<br>५. विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका बालवालिका लाई विद्यालयमा ल्याउने प्रयासलाई निरन्तरता दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. मानव संसाधन, पूर्वाधार तथा प्रबिधिको विकास र जीवनोपयोगि ज्ञाना र सीपमा आधारित पाठ्क्रम मार्फत पुर्व प्राथमिक तह देखि माध्यामिक तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने । | १. शैक्षिक गुणस्तर अभिवृद्धीका लागि संघीय सरकारसँग लागत साझेदारी गरिनेछ।<br>२. योग्य सहजकर्ता तथा शिक्षकबाट बालविकास केन्द्र तथा विद्यालय शिक्षा मा योगदानको व्यवस्था मिलाइने छ।<br>३. नतिजामा आधारित विद्यालय सुधार कार्ययोजना कार्यान्वयनमा ल्याइने छ।<br>४. शिक्षण सिकाइमा टेवा पुर्याउने डिजिटल पाठ्यसामाग्रीको विकास गरिनेछ।<br>५. सम्भावना अध्यनबाट कृषि तथा पशुसम्बन्धी प्राविधिक धार सञ्चालनका लागि उपयुक्त स्थलको तय गरिनेछ।<br>६. विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका बालवालिका लाई विद्यालयमा ल्याउने प्रयासलाई निरन्तरता दिइनेछ।<br>७. एक वर्ष अबधिको प्रारम्भिक बाल विकास शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरी अनिवार्य गरिनेछ। |
| **ख. स्वास्थ्य तथा पोषण** | |
| १. स्थानीयवासीको आधारभूत स्वास्थ्यमा पहुँच तथा गुणस्तरमा सुधार गर्ने । | १. घरदैलोमै प्रत्येक ६ महिनामा हरेक परिवारका सदस्यको आधारभूत स्वास्थ्य परिक्षण सेवासहित स्वस्थ्य र पोषण सम्बन्धी परामर्श सेवा उपलब्ध गराउन स्वास्थ्यकर्मीको २ वटा टोलीलाई परिचालन गरिनेछ।<br>२. स्वास्थ्य परिक्षणका आधारमा स्थानीयवासीको स्वास्थ अवस्था खुल्ने प्रोफाइल तयार गरी थप सुधारका लागि पहल गरिनेछ।<br>३. घरदैलौ स्वास्थ्य सेवाको संचालन र नियमित गर्न स्वास्थ्य शाखा अन्तरगत रहने गरी २ जना एच ए  र २ जना अहेव रहेको घरदैलो स्वास्थ्य इकाइ स्थापना गरिनेछ।<br>४. ५. हरेका वडामा कम्तिमा एउटा आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्थापना गरिनेछ।<br>५. नीति निर्माण र कार्यान्वयनमा तथ्यांकको प्रयोगलाई बढावा दिईनेछ।<br>६. स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित गर्दै लैजाने । |
| २. स्थानीय उत्पादनमा आधारित पोषणको गुणस्तरमा अभिवृद्धि गर्ने । | १. जंकफुडको दुरुत्साहन र स्थानीय उत्पादनमा आधारित पोषणयुक्त सन्तुलित भोजनको सम्बन्धमा संचार माध्याम र सडक नाटक मार्फत सुसुचित गरिनेछ।<br>२. पाँच वर्ष मुनिका बालवालिकालाई कम तौल हुन नदिन पोषण सुधारका गतिविधीलाई निरन्तरता दिइनेछ।<br>३. बहुक्षेत्रिय पोषण योजनालाई समन्वय र साझेदारी मार्फत अभिवृद्धि गरिनेछ। |
| **ग. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण** | |
| १. सबै प्रकारका हिंसा, शोषण र भेदवाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायद्धारा न्यायमा पहुँच अभिवृद्धि गर्ने । | १. महिला, अपांग, दलित, जेष्ठ नागरिक प्रति हुने दुर्व्यवार र हिंसालाई तत्काल कारवाहीको दायरमा ल्याउन यथोचित पहल गरिनेछ।<br>२. हिंसा पिडित तथा प्रभावितको राहत र उद्दारको लागि आपतकालिन पुनस्थापना कोष स्थापना गरिनेछ।<br>३. लैससास सम्बन्धी क्षेत्रगत नीति, कानुन तथा कार्यक्रम तर्जूमा गरिनेछ।<br>४. लैङ्गिक उत्तरदायी बजेट बिनियोजन पद्धतीलाई संस्थागत गरिनेछ।<br>५. सार्वजनिक क्षेत्रमा बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार निर्माणलाई प्रोत्साहित गरिनेछ।<br>६. लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गर्दै लैङ्गिक बजेट विनियोजन अनुपात वृद्धि तथा लैङ्गिक लेखापरिक्षण पद्धती लागु गरिनेछ।<br>७. सकारात्मक विभेद तथा लक्षित बजेट विजियोजन नीति अवलम्बन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. लक्षित वर्गको आत्मनिर्भरताका लागि अवसर सृजना गर्ने । | १. लाक्षित वर्गको लागि बजार मागमा आधारित वस्तु तयार गर्न हस्तकला, अचार उत्पादन र नर्सरी व्यवसाय जस्ता उत्पादनमूलक क्षेत्रमा सीप तथा श्रोत हस्तान्तर गरी उत्पादित वस्तुको बजारीकरणलाई सुनिश्चित गरिनेछ ।<br>२. स्थानीय पहिचान सहितको उत्पादित वस्तुको गुणस्तर सुनिश्चित गरी राष्ट्रिय बजार केन्द्रमा आर्कषक वस्तुका रुपमा स्थापित गरीनेछ ।<br>३. जेष्ठ नागरिक र अपांगता भएका व्यक्तिको सुरक्षा र सहजताका लागि सामाजिक सुरक्षा सेवालाई सहज र प्रभावकारी गराइने छ ।<br>४. समान रुपमा अवसर, पहुँच, प्रतिफल र लाभ सुनिश्रित गर्न लैससास नीति अवलम्बन गरिनेछ ।<br>५. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि सार्वजनिक सेवामा सहुलियत तथा विशेष व्यवस्था गरिनेछ । |
| **घ. खानेपानी तथा सरसफाई** | |
| १. आधारभुत खानेपानी तथा सरसफाई सेवाबाट बञ्चित रहेका समुदायलाई खानेपानी तथा सरसफाई सेवा पुर्याउने । | १. आधारभुत खानेपानी तथा सरसफाई सेवाबाट बञ्चित रहेका समुदायको पहिचान तथा नक्शांकन गरिनेछ ।<br>२. एक घर एक धाराको अवधारण अनुरुप खानेपानी आयोजना निर्माण गरिनेछ ।<br>३. सबै घरपरिवारमा स्वच्छ शौचालय, स्वच्छ खानेपानी, फोहोर व्यवस्थापन र व्यक्तिगत सरसफाईका अभ्यासलाई प्रभावकारी गराइनेछ । |
| २. खानेपानी तथा सरसफाईका सुदृढ अभ्यासलाई दीगो तथा संस्थागत गर्ने । | १. हरेक परिवारमा स्वस्थ खानेपानी, व्यक्तिगत सरसफाइ, शौचालयको प्रयोग, प्लास्टिक सामाग्रीको उपयोग दुरुस्साहन र फोहोरको व्यवस्थापनलाई व्यवस्थित गर्न टोलस्तरमा आफ्नै कोष रहने खानेपानी तथा सरसफाई समिति गठन गरी कार्यान्वयन र दिगोपनाको सुनिश्चितता गरिनेछ ।<br>२. स्वस्थ खानेपानीको उपयोग र सरसफाइको क्षेत्रमा कृयाशिल टोलस्तरीय समितिलाई आवश्यक सीप तथा सामाग्री उपलब्ध गरिनेछ ।<br>३. खानेपानी र सरसफाईको क्षेत्रमा अन्य स्थानका सफल अनुभवलाई अनुसरण गर्न सरसफाईको क्षेत्रमा उत्कृष्ठ ठहरिएको समितिलाई अध्ययन भ्रमणको व्यवस्था मिलाइने छ ।<br>४. खानेपानीको गुणस्तर परिक्षण र सुधारका लागि आवश्यक कार्य सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| **ङ. युवा तथा खेलकुद** | |
| १. युवापिडीमा स्वरोजगार र आत्मविश्वासको भावना अभिवृद्धि गर्ने। | १. युवा उद्यमशिलता अभिवृद्धि गर्न संघीय र प्रादेशिक कार्यक्रमसँग तादम्यता मिलाई स्थानीय स्तरमा सानो स्तरका चिउरा उद्योग, फलफुल खेती, माछापालन, कुखुरा पालन, तरकारी खेती र बाख्रापालनमा उच्चस्तरीय प्रविधि र सीपको उपयोगको वातावरण तयार गरिनेछ।<br>२. उत्पादित वस्तुलाई स्थानीय तथा वाह्यि बजार सम्म पुर्याउने गरी बजारीकरणको व्यवस्था मिलाइनेछ।<br>३. राष्ट्रियस्तरका सफल युवा उद्यमीहरूका अनुभव स्थानीय युवाहरूमाझ प्रदान गरी उद्यमतर्फ अभिप्रेरित गरिनेछ।<br>४. युवा उद्यमीलाई सहज कर्जा र सीप हासिल गर्न आवश्ययक पहल गरिनेछ।<br>५. पालिकाका आर्थिक तथा सामाजिक विकासमा युवालाई जिम्मेवार बनाउन स्वयमसेवा कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ।<br>६. युवा स्वयमसेवी संस्कृतिको विकास गर्ने। |
| २. खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहनको व्यवस्था गर्ने। | १. अक्षयकोषको स्थापना गरी खेलाडीको राष्ट्रिय खेलाडीको सामाजिक सुरक्षा सुनिश्चित गरिनेछ।<br>२. स्थानीय स्तरमा नियमित रुपमा खेल प्रशिक्षणको व्यवस्था मिलाइने छ।<br>३. जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा पदक प्राप्त गर्ने खेलाडीलाई सम्मान तथा नगद प्रोत्साहनको व्यवस्था मिलाइने छ।<br>४. स्थानीय स्तरमा अन्तर वडा तथा अन्तर विद्यालय खेल आयोजना नियमित रुपमा सञ्चालन गरिनेछ। |

## ५.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको सामाजिक विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ/ संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ।

**तालिका ५.२ ६: सामाजिक विकास क्षेत्रको रणनीतिक कार्यक्रम तथा आयोजना**

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| **प्रतिफल २.१: पूर्व प्राथमिक तथा प्राविधिक शिक्षामा पहुँच तथा शैक्षिक गुणस्तरमा वृद्धी भएको हुनेछ। (शिक्षा तथा सीप विकास)** | | | | | |
| २.१.१ विद्यालयमा व्यवहारिक कृषि अभ्यास कार्यक्रम | संख्या | ० | ३ | ३००० | सम्भावना अध्ययनका आधारमा स्थान तय हुने |
| २.१.२ प्राविधिक शिक्षालय स्थापना | सख्या | ० | १ | २०० | सम्भावना अध्ययनका आधारमा स्थान तय हुने |
| २.१.३ सूचना प्रविधि विस्तार कार्यक्रम | विद्यालय संख्या | १० | ४० | ३०००० | सबै सामुदायिक विद्यालय |
| २.१.४ विद्यालय पक्की भवन निर्माण | संख्या | १० | ४० | ३००००० | वालमैत्री तथा अपाङ्ग मैत्री भवन १९ वटा संघीय तथा प्रदेश सरकारको सहयोगमा निर्माण हुने क्रममा बाँकी गाउँपालिकाको लगानीमा ११ वटा भवन निर्माण हुने |
| २.१.५ सालवसाली कार्यक्रम | पटक | १ | ५ | ५०००० | नियमित कार्यहरू |
| **प्रतिफल २.१: जम्मा** | | | | **३८३२००** | |
| **प्रतिफल २.२: आधारभूत तथा चिकित्सकिय स्वास्थ्य सेवामा पहुँच तथा गुणस्तर वृद्धि भएको हुनेछ। (स्वास्थ्य तथा पोषण)** | | | | | |
| २.२.१ स्वास्थ्य पोषण घरदैलो कार्यक्रम | पटक | ० | ६० | २०००० | हरेक घरपरिवारमा स्वास्थ्य परिक्षण परामर्श |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| २.२.२ स्वास्थ्य सेवा विस्तार कार्यक्रम | सेवा संख्या | ६ | १० | ४०००० | - वडा नं. २, ४, ५ र ६ मा बर्थिङ्ग सेण्टर स्थापना<br>- सबै स्वास्थ्य चौकीमा ल्याव सेवा<br>- पालिकास्तरमा चिकित्सकीय सेवा<br>- वडागत रुपमा घुम्ती अल्ट्रासाउण्ड गर्भ परिक्षण सेवा |
| २.२.३ स्वास्थ्य संस्थाको भवन निर्माण | संख्या | २ | १२ | १५००० | १० वटा गाउँघर क्लिनिक भवन निर्माण |
| २.२.४ सालवसाली कार्यक्रम | पटक | १ | ५ | १०००० | नियमित कार्यहरू |
| **प्रतिफल २.२: जम्मा** | | | | **८५०००** | |
| **प्रतिफल २.३: स्वच्छ खानेपानीको सहज उपलब्धता र सरसफाइजन्य व्यवहारमा अभिवृद्धी भएको हुनेछ। (खानेपानी तथा सरसफाई)** | | | | | |
| २.३.१ स्वस्थ घर कार्यक्रम | घरपरिवार | ० | ५८१५ | ३०००० | सबै घररिवारमा स्वच्छ शौचालय, स्वच्छ खानेपानी, फोहोर व्यवस्थापन र व्यक्तिगत सरसफाई |
| २.३.२ खानेपानी सुविधा विस्तार कार्यक्रम | धारा संख्या | २२३६ | ५८१५ | २००००० | एक घर एक धारा |
| २.३.३ सालवसाली कार्यक्रम | पटक | १ | ५ | १०००० | नियमित कार्यहरू |
| **प्रतिफल २.३: जम्मा** | | | | **२४००००** | |
| **प्रतिफल २.४: लक्षित वर्गको निर्णय निर्माण प्रकृयामा सहभागिता, सामाजिक मर्यादा र आत्मनिर्भरतामा वृद्धी भएको हुनेछ।** | | | | | |
| २.४.१ लक्षित वर्ग स्वरोजगार कार्यक्रम | जना | ० | ५०० | ५००० | पालिकास्तरमा |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| २.४.२ लक्षित वर्ग हित कार्यक्रम | संख्या | १ | ३ | ४००० | - अनाथ तथा असहाय सहयोग<br>- हिंसा पिडित उद्दार तथा सहयोग<br>- जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन |
| २.४.३ सालवसाली कार्यक्रम | पटक | १ | ५ | १००० | - नियमित कार्यक्रम |
| **प्रतिफल २.४: जम्मा** | | | | **१००००** | |
| **प्रतिफल २.५: युवाका लागि व्यवसायिकता तथा आत्मनिर्भरताका अवसर सृजना भएको हुनेछ।** | | | | | |
| २.५.१. युवा उद्यमशीलता कार्यक्रम | जना | ० | ५०० | ५००० | - पालिकास्तरमा स्काइभेटर, हेवि र हल्का सवारी साधन संचालन तालिम फरक फरक गरी २०० जना<br>- पालिकास्तरमा वेल्डिङ्ग तालिम १००<br>- पालिकास्तरमा मोवाइल तथा कम्प्युटर मर्मत तालिम २०० जना |
| २.५.२ खेलकुद विकास कार्यक्रम | पटक | ० | ५ | ९००० | - हरेक वडामा एक एक वटा खेलकुद मैदान निमार्ण<br>- स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक विजेता खेलाडीलाई आर्थिक प्रोत्साहन र सम्मान |
| २.५.३ सालबसाली कार्यक्रम | पटक | १ | ५ | १००० | - नियमित कार्यक्रम |
| **प्रतिफल २.५: जम्मा** | | | | **१५०००** | |
| **सामाजिक विकास कूल जम्मा** | | | | **७३३२००** | |

परिच्छेद ६

# पूर्वाधार विकास योजना

## ६.१ वस्तुस्थिति विश्लेषण

### पृष्ठभूमि

आर्थिक वृद्धिका अवसरहरूको सृजना, समृद्धी र सेवा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका महत्वपूर्ण हुन्छ । पूर्वाधार विकासले अन्तरआवद्धता र अन्तरसम्बन्ध विकासद्धारा बजार सूचना, सेवा सुविधाको स्तर, पहुँच र उपयोग जस्ता विकास प्रतिफलको नतिजा हासिल गर्न प्रत्येक्ष र अप्रत्येक्ष रुपमा योगदान पुर्याएको हुन्छ। विकास प्रतिफललाई सकारात्मक दिशातर्फ उन्मुख गराउन तथा अपेक्षित नजिता हासिल गर्न पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक, पुल तथा यातायात, आवास, वस्ती विकास, भवन र शहरी विकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार तथा दीगो संचालन आवश्यक हुन्छ । शिवपुरी गाउँपालिका पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्था, संभावना र अवसर, समस्या तथा चूनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ।

### क. सडक पुल तथा यातायात

**<u>विद्यमान अवस्था, संभावना तथा अवसर</u>**

शिवपुरी गाउँपालिका क्षेत्र भित्र पक्की तथा कच्ची सडक र पैदल मार्ग समेत रहेका छन् । संघीय राजधानी काठमाण्डौं पुग्नका लागि २२ किमि पक्की सडक रहेको छ भने वडा नं ८ को छहरेदेखि वडा नं १ को तलाखु सम्म करिब २४ किमि बाटो निर्माणाधिन मध्य पहाडी लोकमार्ग यसै क्षेत्रमा रहेको छ । गाउँपालिकाका सबै वडाहरूमा सडक सुविधा पुगेको छ । सडक यातायातलाई वढी सहज र विश्वासनि स्थानीय गराउन १३ वटा पक्की पुल बनी सकेका छन् भने केही निर्माण भइरहेको छ । गाउँपालिकाको केन्द्र शेरावगर देखि ८ वटै वडासम्म पुग्नकालागि कच्ची बाटोको ट्र्याक खोलिएको छ। टोखा छहरे सुरुङ्ग मार्ग प्रस्तावित रुपमा रहेको छ। यस गाउँपालिकाबाट काठमाण्डौ सम्म यातायातका लागि शिवपुरी यातायात प्रालिबाट २ वटा जीपहरू सञ्चालनमा रहेका छन । तलाखुबाट काठमाण्डौ जाने ४ वटा र १ वटा तलाखुबाट त्रिशुली संम्म र सामाखुशीबाट वडा नं ६ को माझगाउँ सम्म ३ वटा गाडी सञ्चालन हुने गर्दछन् । यातायात क्षेत्रलाई व्यवस्थित गनै लागि नगर यातायात गुरुयोजना तयार भई सकेको छ।

**<u>समस्या तथा चूनौती</u>**

यस गाउँपालिकामा पक्की बाटो नभएकोले सदाबाहार रुपमा यातायातका साधन चलाउन सकिने अवस्था छैन । काठमाण्डौ जाने पक्की सडकको अवस्था अधिकांस स्थानमा विग्रिएर यातायातका लागि असहज भएको छ । लिखु खोला लगायत अन्य खोलामा गरी यस

गाउँपालिकामा ३२ वटा झोलुङ्गे पुल रहेकोमा २५ वटा पुलहरू जीर्ण अवस्थामा रहेका छन। टोखा छहरे राजमार्गमा वर्षायाममा यातायात सञ्चालन गर्न कठिनाई हुने गरेको छ। कच्ची बाटोहरूको स्तरोन्नति  हुन नसक्दा वर्षा याममा यातायात सञ्चालन हुन कठिनाइ भएको छ।

### ख. आवास, भवन तथा शहरी विकास

**संभावना, अवसर र विद्यमान अवस्था**

भुकम्पबाट प्रभावित १४ वटा जिल्ला मध्ये नुवाकोट जिल्लाको दक्षिण पूर्वी क्षेत्रमा पर्ने यस गाउँपालिकामा भुकम्प प्रतिरोधी मापडण्ड अनुसार हाल ९० प्रतिशत घरहरू निर्माण सम्पन्न भइसकेको अवस्था छ। सुधारिएको चुलो प्रयोग गर्ने घरधुरी करीब २० प्रतिशत रहेको छ। गाउँपालिकाको केन्द्रमा गाउँ कार्यपालिका कार्यालयको भवन निर्माणको अन्तिम चरणमा पुगेको छ। वडा नं ४ र ८ मा वडा कार्यालयको आफ्नै भवन भएको र वडा नं ६ मा निर्माणको चरणमा रहेको छ। विभिन्न संघसंस्थाबाट तालिम दिइएका करीब १००० जना भुकम्प प्रतिरोधी घर निर्माण गर्ने दक्ष व्यक्ति रहेको यस गाउँपालिकामा रहेका छन्। गाउँपालिकाको राजमार्ग आसपासको क्षेत्रमा बजार केन्द्रहरूको निर्माण हुँदै गएको छ।

**समस्या तथा चूनौती**

यस गाउँपालिकालाई मध्य पहाडी राजमार्गले छोएर गएकोले यहाँ बजार बस्ने सम्भावना रहेतापनि हालसम्म व्यवस्थित आवास क्षेत्र निर्माण हुन सकेको छैन। हाल सम्म भु उपयोग योजना नभएकोले व्यवस्थित रुपमा वस्ती बसाउने कार्य हुन सकेको छैन। वडा कार्यालयको भवन निर्माणकालागि जग्गा उपलब्ध नहुँदा सबै वडा कार्यालयको भवन निर्माण गर्न सकिएको छैन। भवन निर्माण आचार संहिता निर्माणनभएकोले नक्सा पास गरी घर निर्माण हुन सकको छैन। भुकम्पको राहतको लागि मात्र नक्सा अनुसार घरहरू निर्माण भएको तर अन्य घरहरूको निर्माण नक्शा पास गरी व्यवस्थित रुपमा हुन सकेको छैन।

### ग. सूचना तथा संचार

**संभावना, अवसर र विद्यमान अवस्था**

यस गाउँपालिकामा नेपाल टेलिकम, एन सेल, स्मार्ट फोनबाट मोबाइल फोन उपलब्ध गराएको छ। मोबाइल फोन प्रयोग गर्ने जनसंख्या करबि ९० प्रतिशत रहेको छ। मोबाइल फोनबाट डाटा प्रयोग गरी इन्टरनेटको प्रयोग गर्ने जन संख्या करीब ३० प्रतिशत रहेको छ। यस गाउँपालिकामा नीजि कम्पनीबाट इन्टरनेट सेवा उपलब्ध रहेको छ। एफ एम रेडियोको रुपमा गजबको रेडियो १०५.७ मेगाहर्ज सञ्चालनमा रहको छ। स्थानीय पत्रिकाका रुपमा समुद्र देवी साप्ताहिक नामको पत्रिका दर्ता भएको छ। कम्प्युटर, इन्टरनेट, टेलिभिजन लगायतको आधुनिक सुचना प्रतिधिको उपयोग दिनानु दिन बढ्दै गएको छ।

**समस्या तथा चूनौती**

तीन वटा कम्पनीले मोबाइल सेवा उपलब्ध गराएको भएता पनि मोबाइल फोनको पहुँच सबै

वडाको सबै ठाउँमा पुग्न सकेको छैन । अप्टिकल फाइबर सञ्चालनमा नहुँदा टावर बेसमा उपलब्ध गराइएको सेवाको गुणस्तरीयतामा कमी रहेको छ । सबै स्थानमा एफ एम रेडियोको प्रशारण क्षमता कमी रहेकोले गाउँपालिकाका सबै क्षेत्रहरूमा रेडियो सुन्न सकिंदैन । दर्ता भएको स्थानीय साप्ताहिक पत्रिका  नियमित रुपमा सञ्चालनमा आउन सकको छैन ।

## ६.२ लक्ष्य

यस गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- गुणस्तरीय तथा दिगो सडक तथा सञ्चार सुविधा र व्यवस्थिति बजार सुविधाको विस्तार गर्नु

## ६.३ उद्देश्य

गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

१. यातायातका साधनहरू नियमित भई आवागमन सहज भएको हुनेछ ।

२. आवास र वस्ती विकास व्यवस्थित र सुरक्षित भएको हुनेछ ।

३. सूचना तथा संचार प्रविधिको पहुँचमा बृद्धि भएको हुनेछ ।

## ६.४ रणनीति तथा कार्यनीति

योजनाको पूर्वाधार विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

**तालिका ६.१ ७: पूर्वाधार विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **क. सडक तथा यातायात** | |
| १. कृषि र पर्यटन र सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय पूर्वाधारको विकास र विस्तार गर्ने । | १. ट्र्याक नखुलेका स्थानहरूमा ट्र्याक खुलाइने छ ।<br>२. सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी गरिनेछ ।<br>३. नयाँ ट्र्याक खोल्दा पूर्व वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन पश्चात विस्तृत अध्ययन प्रतिवेदन तयार गरी खोलिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. गाउँपालिकाबाट वडाका सबै वडा कार्यालय सम्म सहज पहुँच विस्तार गर्ने । | १. बाटोको स्तरोन्नति गरी नियमित रुपमा यातायातको पहुँच पुर्याइनेछ ।<br>२. सडकको मापदण्ड निर्धारण गरी गाउँपालिकाको प्रमुख स्थानहरूमा बाह्रै महिना यातायात सञ्चालनको व्यवस्था गरिनेछ ।<br>३. योजना बैंक सुची तयार गरी सोहबिाट आयोजना छनौट गरी निर्माण गरिनेछ ।<br>४. सडक नपुगेका स्थानहरूमा परम्परागत गोरेटो बाटोको सुधार गरी आवागमनमा सहज बनाइनेछ ।<br>५. गुम्बा मठ मन्दिर र पर्यटकीय स्थलमा जाने सडक निर्माण गरी सुचारु गरिनेछ । |
| **ख. आवास भवन तथा शहरी विकास** | |
| १. गाउँपालिका र वडा कार्यालय भवन निर्माण गरी सेवा प्रवाह व्यवस्थित गर्ने | १. जग्गाको व्यवस्थापन भएका वडाहरूमा आगामी वर्षमा वडा कार्यालय भवन निर्माणकालागि बजेट विनियोजन गरिनेछ ।<br>२. वडा कार्यालयलाई सेवा प्रवाह र कार्यान्वयनको आधार केन्द्रको रुपमा विकास गरिनेछ । |
| २. सुरक्षित तथा सुविधा सम्पन्न वस्तीको विकास गर्ने । | १. एकिकृत वस्ती विकासका लागि संभाव्यता अध्ययन गरिनेछ ।<br>२. आवश्यक पूर्वाधारहरूको विकास गर्नकालागि स्थानको छनौट गरी कार्य अघि बढाइने छ ।<br>३. वस्ती तथा आवासलाई व्यवस्थित गर्न एकिकृत भूउपयोग योजना तयार पारी कार्यान्वयन गरिनेछ । |
| ३. आधारभूत सुविधा सहितको व्यवस्थित बजारको व्यवस्था गर्ने । | १. बजार व्यवस्थापनकालागि आवश्यक पूर्वाधारहरूको निर्माण गरिनेछ ।<br>२. स्थानीय प्रमुख बजार केन्द्रहरूको भौतिक विकास योजना अनुसार आधारभूत पूवार्धार विकास गरिनेछ ।<br>३. बजार र वस्तीको क्षेत्रमा खुल्लास्थान समेत हरियाली पार्क पोखरी र खुल्ला स्थानमा समेतको व्यवस्था गरिने |

| रणनीति | कार्यनीति |
|---|---|
| **ग. सूचना तथा सञ्चार** | |
| १. इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने । | १. अप्टिकल फाइवरबाट इन्टरनेट जडान गर्न नेपाल टेलिकमसंग समन्वय गरिने छ।<br>२. प्रत्येक वडामा इन्टरनेट जडान  गरी केही स्थानहरूमा फ्रि वाइफाइको व्यवस्था गरिनेछ।<br>३. फोन तथा इन्टरनेटको टावरहरूको उचित स्थानमा निर्माण गरी सञ्चारको गुणस्तरमा वृद्धि गरिनेछ।<br>४. ल्याण्डलाइन टेलिफोन सेवा सञ्चालनकालागि नेपाल टेलिकमसंग समन्वय गरिने छ।<br>५. स्थानीय संचार माध्यम र संचारकर्मीका क्षमता विकास गरी गाउँलाई मिडियामैत्री बनाइने छ।<br>६. गाउँपालिकाबाट सम्पादित योजना तथा कार्यक्रम र गतिविधिहरू यस क्षेत्रमा रहेका सामूदायिक रेडियो समेतको सञ्चार माध्यमहरूलाई प्रवर्द्धन र प्रोत्साहित गरिने छ।<br>७. स्थानीयस्तरमा पत्रकार उत्पादनकालागि पत्रकारिता तालिम सञ्चालन गरिनेछ। |
| २. दुरसञ्चार सेवा प्रभावकारी बनाउने । | १. दुरसञ्चार तथा इन्टरनेटको टावरहरूको उचित स्थानमा निर्माण गरी सञ्चारको गुणस्तरमा वृद्धि गरिनेछ।<br>२. ल्याण्डलाइन टेलिफोन सेवा सञ्चालनकालागि नेपाल टेलिकमसँग समन्वय गरिने छ।<br>३. विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठनपाठन तथा स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिनेछ |
| ३. सूचनाको हकको प्रत्याभूति गर्न उचित व्यवस्था मिलाउने  । | १. स्थानीय संचार माध्यम र संचारकर्मीका क्षमता विकास गरी गाउँलाई मिडियामैत्री बनाइने छ।<br>२. गाउँपालिकाबाट सम्पादित योजना तथा कार्यक्रम र गतिविधिहरू यस क्षेत्रमा रहेका सामूदायिक रेडियो समेतको सञ्चार माध्यमहरूलाई प्रवर्द्धन र प्रोत्साहित गरिने छ।<br>३. स्थानीयस्तरमा पत्रकार उत्पादनकालागि पत्रकारिता तालिम सञ्चालन गरिनेछ। |

## ६.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको पूर्वाधार विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ/ संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ।

**तालिका ६.२ ८ः पूर्वाधार विकास क्षेत्रको रणनीतिक कार्यक्रम तथा आयोजना**

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| **प्रतिफल ३.१: यातायातको नियमित र आवागमन सहज भएको हुनेछ। (सडक तथा यातायात)** | | | | | |
| ३.१.१ कालोपत्रे सडक | कि.मि. | २२ | २९ | २१०००० | ८ वटै वडालाई समेट्ने |
| ३.१.२ ग्राभेल सडक | कि.मि. | ४ | ११० | १४३४००० | ८ वटै वडालाई समेट्ने |
| ३.१.३ सोलिङ्ग सडक | कि.मी. | ० | १० | १६५००० | ८ वटै वडालाई समेट्ने |
| ३.१.४ सोलिङ्ग तथा आर.सी.सी. सडक | कि.मी. | ० | ४ | १४०००० | ८ वटै वडालाई समेट्ने |
| ३.१.५ धुले सडक | कि.मि. | ३११ | ३६६ | ६६०००० | ८ वटै वडालाई समेट्ने |
| ३.१.६ झोलुङ्गे पुल | संख्या | ३२ | ४२ | ४०००० | ८ वटै वडालाई समेट्ने |
| ३.१.७ परम्परागत पद मार्ग | कि.मि. | ० | २५ | ७५०० | ८ वटै वडालाई समेट्ने |
| ३.१.८ सडकको नियमित मर्मत संभार | कि.मि. | २२ | १०० | १६६६७ | ८ वटै वडालाई समेट्ने |
| ३.१.९ वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक किनार | कि.मि. | ० | ६.५ | ९१० | ८ वटै वडालाई समेट्ने |
| ३.१.१० सालवसाली कार्यक्रम | पटक | १ | ५ | ५०००० | नियमित कार्यहरू |
| **प्रतिफल ३.१: जम्मा** | | | | **२७२४०७७** | |
| **प्रतिफल ३.२ व्यवस्थित र सुरक्षित आवास र वस्ती विकास भएको हुनेछ। (आवास, भवन तथा शहरी विकास जम्मा)** | | | | | |
| ३.२.१ वडा कार्यालय भवनहरू निर्माण | संख्या | ३ | ६ | ९८००० | वडा नं १, २, ३, ५, ७ नं वडामा |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| ३.२.२ एकिकृत वस्ती विकास | संख्या | ० | ३ | ५००० | वडा नं ५ को शेरा बगर र चालिसे, वडा नं ३ करेजुङ्ग चोक |
| ३.२.३ बजार व्यवस्थापन | संख्या | ० | ३ | १३५० | वडा नं ५ को शेरा बगर र चालिसे, वडा नं ३ करेजुङ्ग चोक |
| ३.२.४ सालवसाली कार्यक्रम | पटक | १ | ५ | १०००० | नियमित कार्यहरू |
| **प्रतिफल ३.२ जम्मा** | | | | ११४३५० | |
| **प्रतिफल ३.३ः सूचना तथा संचार प्रविधिको पहुँचमा बृद्धि भएको हुनेछ। (सूचना तथा संचार)** | | | | | |
| ३.३.१ फ्री वाइफाई क्षेत्र | संख्या | १ | ८ | १०० | गाउँपालिका तथा ८ वटै वडहरूमा |
| ३.३.२ कार्यालयमा इन्टरनेट सुविधा विस्तार | वटा | १५ | ३५ | ८०० | सवै कार्यालय, शाखा, सेवा केन्द्रमा |
| ३.३.३ मोवाइल एप्स् निर्माण र संचालन | वटा | १ | २ | २०० | |
| ३.३.४ सालवसाली कार्यक्रम | पटक | १ | ५ | ५०० | नियमित कार्यहरू |
| **प्रतिफल ३.३ः जम्मा** | | | | १६०० | |
| **पूर्वाधार क्षेत्र जम्मा** | | | | २८४००२७ | |

परिच्छेद ७

# ऊर्जा विकास योजना

## ७.१ वस्तुस्थिति विश्लेषण

### पृष्ठभूमि

नेपालको संविधानले वैकल्पक ऊर्जाका विकास गरी आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अंगिकार गरेको छ । वर्तमान पन्धौं योजनाले जलविद्युतलाई आर्थिक वृद्धि र आर्थिक रुपान्तरणको महत्वपूर्ण साधनको रुपमा लिइ जलविद्युत तथा वैकल्पिक उर्जा उत्पादन तथा विस्तारलाई उच्च प्राथमिकता दिएको छ। दिगो विकासका लक्ष्य प्राप्तिका लागि दिगो ऊर्जाको अवधारण, हरितगृह ग्यााँसबाट वातावरणमा पर्ने असर न्यूनीकरण तथा अनुकूलन मार्फत हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु आजको आवश्यकताका रुपमा लिइएको छ। लघु तथा साना जलविद्युत, बायोग्याँस, सुधारिएको चूलो र सुधारिएको पानीघट्ट जस्ता आयोजनालाई संयोजन गरी कार्बन आयोजनाको रुपमा विकास गरिएको छ । शिवपुरी गाउँपालिकामा ९८ प्रतिशत भन्दा वढि घरपरिवारमा विद्युत सेवा पुगेको छ भने सोलार, वायो ग्याँस जस्ता उर्जाको ऊर्जाको उपयोग हुने गरेको छ भने स्थानीयस्तरमा स्यारी भुमि माइक्रो हाइड्रो समेत सञ्चालनमा रहेको छ ऊर्जा क्षेत्रको संभावना र अवसर, समस्या तथा चूनौति सहितको संक्षिप्त विश्लेषण देहायअनुसार प्रस्तुत गरिएको छ।

### संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिकामा करीब ९७.७ प्रतिशत घरहरूमा राष्ट्रिय प्रशारणबाट विजुली उत्पादित विजुलीबाट विद्युतीकरण भएको छ । २३ कि.वा.को स्यारी भूमि माइक्रो हाइड्रो सञ्चालनमा आई रास्ट्रिय प्रशारणमा जोडिएको छ। करीब ५ प्रतिशत घरधुरीमा सोलार प्यानलको समेत रहेको देखिन्छ। करीब २० प्रतिशत घरहरूमा सुधारिएको चुलो प्रयोगमा ल्याइएको छ। विद्युत उत्पादनका हिसाबले महत्वपूर्ण मानिएका नदी तथा खोलाहरू रहेका छन् ।

### समस्या तथा चूनौती

भुकम्पको पश्चात सरकारी तथा गैर सकारी संघ संस्थाहरूले अनुदानमा उपलब्ध गराइएको सोलारहरू बिग्रीएको अवस्थामा रहेका छन। सबै स्थानमा विशिष्ठ उपयोगका लागि ३ फेज लाइनको विद्युत सेवा उपलब्ध हुन सकेको छैन भने उपलब्ध विद्युत सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन। स्वच्छ उर्जाको रुपमा गोवर ग्यास, वायोव्रिकेट र धुवाँ रहित सुधारिएको चुलोको उपयोग पर्याप्त रुपमा हुन सकेको छैन। परम्परागत रुपमा दाउरालाई नै खाना पकाउने इन्धनका रुपमा उपयोग गरिएको भएता पनि हालका दिनमा आयातित इन्धनको रुपमा एलपी ग्याँसलाई उपयोग गर्ने प्रवृति बढ्दै गई रहेको छ।

## ७.२ लक्ष्य

यस गाउँपालिकाको उर्जा क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- गुणस्तरीय विद्युत सेवा विस्तार तथा स्वच्छ ऊर्जाको उपयोगमा वृद्धि गर्ने

## ७.३ उद्देश्य

गाउँपालिकाको विद्युत तथा उर्जा क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

१. विद्युत ऊर्जाको उपलब्धता र उपयोगमा विस्तार भएको हुनेछ।

२. वैकल्पिक उर्जाको प्रवर्धन र विस्तार भएको हुनेछ।

## ७.४ रणनीति तथा कार्यनीति

आवधिक विकास योजनाको विद्युत र उर्जा सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ।

**तालिका ७.१ ९ः ऊर्जा विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्युत उत्पान र थ्रि फेज लाईन विस्तार गरी सवै घरपरिवार र स्थानमा उज्यालो पुऱ्याउने | १. काठका पोलहरू विस्थापन गरी सिमेन्ट तथा धातुका पोलहरूको व्यवस्था गरिने छ।<br>२. आवश्यक स्थानहरूमा बढी क्षमताका ट्रान्सफर्मरको जडान गरिनेछ।<br>३. लागत साझेदारीमा विद्युत नपुग भएका घरधुरीमा विद्युत लाइन विस्तार गरी सबै घरधुरीमा विद्युत सेवा उपलब्ध गराइनेछ।<br>४. विद्यूत लाईन र पोल जिर्ण भएका स्थानमा जिर्ण पोल र तार मर्मत गरिनेछ खुलातार प्रणालीलाई केबल प्रणालीमा रुपान्तरणको व्यवस्था लागि नेपाल सरकारको सम्बन्धित निकाय तथा विद्युत प्राधिकरणसँग पैरवी गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. नवीकरणीय ऊर्जाको उत्पादन तथा उपभोगमा वृद्धि गर्ने । | १. दाउराको प्रयोगलाई कम गर्दै लैजान बायोग्यास तथा सुधारिएको चुलो, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जा प्रविधिहरूको प्रवर्द्धन एवम् विस्तार गरिनेछ ।<br>२. गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३. वैकल्पिक उर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ग र योजना तर्जुमा गरी कार्यान्यिन र नियमनको व्यवस्था गरी स्वच्छ उर्जामा गाउँपालिकाबासीको पहुँच बृद्धि गरिनेछ ।<br>४. राष्ट्रिय प्रसारण लाईनको विद्युत नपुगेका स्थानमा र विद्युत सेवा पुग्न प्राविधिक रुपमा कठिनाई हुने स्थानमा सोलार, वायोग्यास र सुधारिएको चुल्होको विस्तार गरिनेछ ।<br>५. अति विपन्न तथा एकल महिला, अपाङ्गता भएका व्यक्ति र असहाय ज्येष्ठ नागरिकका लागि वैकल्पिक उर्जा उपलब्ध गराउन थप प्रोत्साहन गरिनेछ । |
| ३. कार्यालय तथा सेवा केन्द्रमा वैकल्पिक ऊर्जाको व्यवस्थापन गर्ने | १. गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालयमा सोलार प्रणालीमा आधारित पावर व्याकअपको व्यवस्था सूचना प्रविधिको प्रयोगलाई सहज बनाइनेछ ।<br>२. स्वास्थ्य संस्था र माध्यामिक विद्यालयमा पावर व्याकअप र इन्टरनेटको व्यवस्था र सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाइने छ । |

## ७.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको विद्युत तथा उर्जा क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ/ संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

**तालिका ७.२ १०: ऊर्जा विकास क्षेत्रको रणनीतिक कार्यक्रम तथा आयोजना**

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| **प्रतिफल ३.४: विद्युत ऊर्जाको उपलब्धता र उपयोगमा विस्तार भएको हुनेछ। (विद्युत)** | | | | | |
| ३.१.१ थ्री फेजको लाइन विस्तार | कि.मी. | २५ | ४५ | ४५००० | सबै वडाहरूमा |
| ३.१.२ लघु जलविद्युत संम्भाव्यता अध्ययन | संख्या | ० | ५ | ५००० | स्थानीय नदि |
| ३.१.३ सालवसाली कार्यक्रम | पटक | ० | ५ | ५००० | नियमित कार्यहरू |
| **प्रतिफल ३.४: जम्मा** | | | | **५५०००** | |
| **प्रतिफल ३.५ वैकल्पिक उर्जाको प्रवर्धन र विस्तार भएको हुनेछ। (वैकल्पिक उर्जा)** | | | | | |
| ३.५.१ सुधारिएको चुलो वायोग्यास कार्यक्रम | घरपरिवार | ११६० | ५८१५ | १४००० | सबै वडामा |
| ३.५.२ वैकल्पिक उर्जा विस्तार | संख्या | १५ | ७५ | १०००० | सबै विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय |
| ३.५.३ साववसाली कार्यक्रम | पटक | १ | ५ | १००० | नियमित कार्यक्रम |
| **प्रतिफल ३.५ जम्मा** | | | | **२५०००** | |
| **ऊर्जा विकास जम्मा** | | | | **८००००** | |

परिच्छेद ८

# वन तथा वातावरण व्यवस्थापन योजना

## ८.१ वस्तुस्थिति विश्लेषण

### पृष्ठभूमि

नेपालको संविधानले स्वच्छ वातावरणको हक प्रदान गर्दै राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध प्राकृतिक श्रोत साधनको संरक्षण, सम्बर्द्धन र वातावरण अनुकूलको दिगो उपयोग गर्ने तथा वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने नीति अवलम्बन गरेको देखिन्छ। नेपालमा १८८ प्रकारका परिस्थितिकीय प्रणाली, ७५ प्रकारका वनस्पति वर्ग, ३५ प्रकारको बन जस्ता जैविक विविधताका दृष्टिले सम्पन्न मुलुकका रुपमा चिनाउने आधारहरू देख्न सकिन्छ। बन जंगल नेपालको कुल भूभागको ४४.७ प्रतिशत क्षेत्र ओगटेको महत्वपुर्ण प्राकृतिक सम्पदा हो।

शिवपुरी राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र समेत रहेको यस क्षेत्र परिस्थितिकीय प्रणाली, प्रजातिगत तथा अनुवांशिक विविधता हिसाबले महत्वपुर्ण मानिन्छ। शिवपुरी गाउँपालिकाका संभावना तथा अवसर र समस्या तथा चुनौती सहित विद्यमान अवस्था तथा रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरूलाई देहायका शिर्षकहरूमा प्रस्तुत गरिएको छ।

### ८.१.१ वन तथा जैविक विविधता

**संभावना, अवसर र विद्यमान अवस्था**

कुल ३१ वटा सामुदायिक वन र राष्ट्रिय वनले १७.४३ प्रतिशत भूमि ओगटेको छ भने ३२ वटा साना ठूला खोला नाला रहेको यस क्षेत्रमा समशितोष्ण क्षेत्रीय जैविक विविधता रहको छ। कुल क्षेत्रफलको १७.४३ प्रतिशत भूमि (१७.७४ व.कि.मी.) वनजंगलले ढाकेको छ। पानीको भाग ०.२३ प्रतिशत, चट्टानले ढाकिएको ०.१४ प्रतिशत, खेती गरिएको जमिन ६७.७७ प्रतिशत तथा अन्य जमिन १५.६३ प्रतिशत रहेको छ। शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको जलाधारको प्रभाव क्षेत्रभित्र पर्ने भएकाले गाउँपालिकाको दक्षिण भेगमा घना जंगल रहेको छ।सामुदायिक वनले ११२६.४९ हे. क्षेत्रफल ओगटेको छ भने सामुदायिक वनबाट बार्षिक रुपमा रु. ४ लाख भन्दा बढिको आम्दानी हने गरेको छ। काठ उत्पादनको रुपमा खासगरी उत्तिस, कटुस, चिलाउने, साल जस्ता रुखबाट वार्षिक करिव १० हजार क्युफिट काठ उत्पादन हुने गरेको छ। वनमा आधारित उद्यमका रुपमा ३ वटा व्यवसाय रहेका छन्। जैविक विविधतायुक्त क्षेत्रका रुपमा कुल वन क्षेत्रको ५० प्रतिशत रहेको छ। साल, सिसौ, सल्लो, चिलाउने, क्यामुनु, जामुनु, उत्तिस, सीमल, चाँप जस्ता वनस्पति निगाले बाघ, दुम्सी, मृग, कालिज, तित्रा, बँदेल, बाँदर, भालु, वन बिरालो, स्याल, हाप्सिलो जस्ता वन्यजन्तु र चिराइतो, रुदिलो, लालीगुराँस, कुकुर डाइनो, लप्सी, कुरिलो, सुगन्ध कोकिला, सर्पगन्धा,

अम्रिसो, निरमसी, चिराइतो, टिमुर, पानी अमला जस्ता जडीबुटीको उत्पादन हुने गरेका छन् । जैविक विविधता, घना जंगल तथा काठमाडौंसँग नजिकको दुरी भएको यहाँको वन सम्पदाले वातावरणीय महत्वका अतिरिक्त आयआर्जनको अवसर वृद्धिका दृष्टिकोणले समेत पर्याप्त सम्भावना बोकेको छ ।

**समस्या तथा चुनौती**

गाउँपालिकाको कूल भूभागको १७ प्रतिशत क्षेत्रमा मात्र वन क्षेत्र रहेको छ भने कतिपय पाखो क्षेत्र नाङ्गो रहेको छ । सबै राष्ट्रिय वन सा.व.मा हस्तान्तरण हुन सकेको छैन । वन क्षेत्र अतिक्रमण र वन सीमाना विवाद कायमै रहेको छ । घना वन (पञ्चकन्या सीमादेखि सिन्धुपाल्चोक सीमा र वडा नं. १ र ५ को माथिल्लो भाग) संरक्षण क्षेत्र गठनमा छुटेको छ । वर्षेनी डढेलोबाट वन र जैविक विविधताको क्षति हुने गरेको छ भने वन्यजन्तु चोरी निकासी नियन्त्रण हुन सकेको छैन । जडीबुटीको व्यवसायिक खेती प्रवर्द्धन हुन सकेको छैन भने बजार व्यवस्थापनको अभाव अभाव रहेको छ । वन डडेलो नियन्त्रण तथा जैविक विविधता संरक्षणमा आवश्यक जनचेतना र तालिमलगायत क्षमताअभिवृद्धि कार्यक्रमहरूको कमि रहेको छ । वन व्यवस्थापनमा वैज्ञानिकता नभएको हुँदा वन क्षेत्रको उत्पादन, उत्पादकत्व कम रहेको छ । परम्परागत घाँस दाउराबाहेक वन क्षेत्रबाट समुदाय अन्य आयआर्जनका क्रियाकलाप गरी लाभान्वित हुन सकेको छैन । जनचेतना तथा जिम्मेवारीबोधको कमी रहेको छ । चरिचरन क्षेत्र रहेको भए पनि वन क्षेत्रमा घरपालुवा जनावर चराउने चलन रहेको छ । सम्भाव्य अन्य सरकारी वनमा सामुदायिक वन गठन गरी समुदायलाई हस्तान्तरण गर्ने कार्य हुन नसकेको हुँदा यी क्षेत्र पनि अतिक्रमणको जोखिममा रहेका छन् । वन तथा जैविक विविधता संरक्षणसम्बन्धी स्पष्ट कार्य योजना रहेको छैन ।

### ८.२.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

**संभावना, अवसर र विद्यमान अवस्था**

यस क्षेत्रमा ३२ वटा साना ठूला खोला नाला रहेका छन् भने माथिल्लो क्षेत्रको केहीभागमा सिमसार क्षेत्र समेत रहेको छ । सडक निर्माणका क्रममा भुक्षय हुन नदिन आवश्यक पर्खाल र पूर्वाधार समेत तयार गरिएको छ । भूसंरक्षणका लागि भुसंरक्षण कार्यालय तथा गाउँपालिकाको तर्फबाट पहल भएको छ । नाङ्गा पाखा तथा खाली क्षेत्रमा वृक्षारोपण कार्य हुने गरेको छ भने भुसंरक्षणसम्बन्धी जनचेतनामा वृद्धि भएको छ । नदि कटान हुने र भुक्षय भइ रहने क्षेत्रमा समाधानका उपायहरू अवलम्बन भएका छन् । खोलाको पानीलाई सिंचाईमा र मुलको पानीलाई खानेपानीका रुपमा उपयोग हुने गरेको छ । हात्तीपाइले, बाँसलगायत बायोइञ्जिनियरिङका लागि प्रभावकारी वनस्पतिहरूको उपलब्धता रहेको छ ।

**समस्या तथा चुनौती**

गाउँपालिकाको छुट्टै जलाधार व्यवस्थापन योजना र कार्यक्रम रहेको छैन र जमिन र जलाधार

क्षेत्रको वैज्ञानिक तथा दीगो संरक्षण सुनिचित हुन सकेको छैन। भूसंरक्षणका लागि पर्याप्त बजेट आवश्यक पर्ने र सोअनुसार स्रोत उपलब्ध नभएको हुँदा आवश्यक सबै ठाउँमा भूसंरक्षणका कार्यक्रमहरू सञ्चालन गर्न सकिने अवस्था रहेको छैन। सीमसार क्षेत्र सीमित मात्रामा रहेका छन् भने यस क्षेत्रको महत्वका बारेमा समुचित ज्ञानको कमी रहेको छ। पछिल्ला दिनमा यस्ता क्षेत्र अतिक्रमणको चपेटामा परेका छन्।

### ८.२.३ वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलन

**संभावना, अवसर र विद्यमान अवस्था**

गाउँ कार्यपलिकाले वन, वातावरण तथा विपद् समिति गठन गर्नुका साथै वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनमा बजेट विनियोजन गर्ने गरेको छ। खुला दिशामुक्त क्षेत्रका रुपमा घोषणा भएको यस क्षेत्रमा फोहोरमैला व्यवस्थापनका लागि समुदायिकस्तरमा अभ्यासहरू भएका छन्। जलवायु परिवर्तन अनुकुलनका लागि संघीय सरकार तथा गैरसरकारी क्षेत्रबाट कार्यहरू हुँदै आएका छन्। जलवायु परिवर्तन तथा वातावरण संरक्षणको क्षेत्रमा जनचेतना वृद्धि हुँदै गएको छ। ग्याँसको प्रचलन बढ्दै गएको हुँदा वन क्षेत्रमाथिको चाप घट्दै गएको छ। मध्यवर्ती क्षेत्रको वन, सामुदायिक वन तथा राष्ट्रिय वनले यस क्षेत्रको वातावरण संरक्षणमा महत्वपुर्ण भूमिका खेलेको छ।

**समस्या तथा चुनौती**

प्लाष्टिक तथा शिसाजन्य फोहोरको निरन्तर वद्धिका कारण वस्ती तथा बाटोमा फोहोर बढ्दै गएको छ। जलवायु परिवर्तनको असरका कारण नयाँ प्रजातिका देखिने र मौलिक प्रजातिहरू हराउँदै जाने क्रम रहेको छ। दैनिक उत्पादन हुने फोहोर वर्गीकरण गर्ने तथा व्यवस्थापन गर्ने आनाबानीको कमी रहेको छ। गाउँमा सडक निर्माणमा असावधानीका कारण जल तथा वायु प्रदूषित हुनुका अतिरिक्त मानव स्वास्थ्यमा समेत असर पुग्ने गरेको छ। पशुपालनको कमी हुँदै जाँदा कृषि भूमिमा जैविक मलको प्रयोग घट्दै तथा रासायनिक मलको प्रयोग अनियन्त्रित रुपमा बढ्दै गएको छ। यसबाट कृषि भूमिको गुणस्तरमा ह्रास हुँदै गएको छ।  स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापनका लागि प्रभावकारी पद्धति नहुँदा प्रदूषण बढ्दै गएको छ।  खोला खोल्सामा जथाभावी फोहोर फाल्ने तथा फोहोर जम्मा गरेर नदी, खोलामा बगाउने चलन रहेको हुँदा प्रदूषित हुने क्रम बढ्दो छ।

## ८.२ लक्ष्य

यस गाउँपालिकाको वन तथा वातावरण व्यवस्थापन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- वातावरण संरक्षण तथा प्राकृतिक श्रोतको दीगो उपयोग गर्नु

## ८.३ उद्देश्य

गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

१. वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन र उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुनेछ।

२. भू तथा जलाधार क्षेत्रको संरक्षण र भूक्षयमा न्यूनीकरण भएको हुनेछ।

३. जलवायु परिवर्तनको प्रभाव न्यून भएको हुनेछ।

## ८.४ रणनीति तथा कार्यनीति

योजनाको वन तथा वातावरण व्यवस्थापन विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम र आयोजना संचालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ।

**तालिका ८.१ ११: वन तथा वातावरण व्यवस्थापन विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **क. वन तथा जैविक विविधता** | |
| १. वैज्ञानिक वन व्यवस्थापन मार्फत् वनको संरक्षण तथा गुणस्तर वृद्धि गर्दै आम्दानीको स्रोतका रुपमा समेत स्थापित गर्ने। | १. नमुनाका रुपमा सानो क्षेत्रबाट वैज्ञानिक वन व्यवस्थापनको काम सुरु गरिनेछ।<br>२. क्षेत्र पहिचान, कार्ययोजना निर्माण गरी सरोकारवाला निकाय/पक्षहरूसँगको समन्वयमा कार्य गरिनेछ।<br>३. नांगाडाँडा तथा बिग्रीएका वन क्षेत्रमा कबुलियती वनको विकासमार्फत् वन क्षेत्र, आयआर्जन तथा पर्यटन विकास गरिनेछ। |
| २. जडीबुटी खेतीलाई प्राथमिकताप्राप्त कार्यक्रमका रुपमा सञ्चालन गरी आयआर्जनसँग आबद्ध गर्ने। | १. क्षेत्र पहिचान, क्षमता अभिवृद्धि तालिम, संकलन केन्द्र, बजार पहुँच तथा व्यवस्थापन गरी जडीबुटी उत्पादन पकेट क्षेत्रहरू तयार गरी जडीबुटी खेतीको प्रवर्द्धन गरिनेछ।<br>२. युवा पिंढीलाई आकर्षित गरी आधुनिक, व्यवसायिकरुपमा जडीबुटी खेतीमा संलग्न गराइनेछ।<br>३. जडीबुटी खेतका लागि आयुर्वेद कार्यालय तथा अन्य सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. राष्ट्रिय तथा सामुदायिक वनको सीमाङ्कन, रेखाङ्कन गरी वन क्षेत्रको अतिक्रमण न्यूनीकरण गर्ने तथा मध्यवर्ती क्षेत्र कार्यक्रम गरी वन संरक्षण तथा आर्यआर्जनका कार्यक्रम समानान्तर रुपमा सञ्चालन गर्ने । | १. कागजमा मात्र सीमित भएको राष्ट्रिय तथा सामुदायिक वनको सीमालाई जमिनमा रेखांकित गरी वन क्षेत्रको सीमानासम्बन्धी विवाद अन्त्य गरिनेछ ।<br>२. सम्बन्धित निकायहरूसँग समन्वय गरी वन सीमाङ्कन, रेखाङ्कन गरिनेछ ।<br>३. राष्ट्रिय वनलाई सामुदायिक वनमा हस्तान्तरण गरी वन संरक्षणमा स्थानीय समुदायलाई जिम्मेवार बनाइनेछ ।<br>४. कृषि वनको प्रवर्द्धन गरी स्थानीय समुदायको आयआर्जनका अवसर वृद्धि गरिनेछ । |
| **ख. भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | |
| १. जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूक्षय नियन्त्रण गर्ने । | १. स्थानीयस्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी नाङ्गाडाँडाहरूमा हरियाली र समग्रमा वन क्षेत्रको गुणात्मक वृद्धि गरिनेछ ।<br>२. खोला खोल्साको किनारलगायत जोखिम क्षेत्रमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दीगोपन सुनिश्चित गर्ने प्रयास गरिनेछ । |
| २. सार्वजनिक पूर्वाधार निर्माण, भूमि व्यवस्थापन, खेती प्रणाली र वन व्यवस्थापनसँग एकीकृत गरी भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्य संचालन गर्ने | १. राष्ट्रिय भू उपयोग नीति अनुसार भूउपयोगको क्षेत्र निर्धारण गरी भूमि व्यवस्थापन, वस्ती विकास, भौतिक संरचना तथा पूर्वाधार निर्माणलाई व्यवस्थित र नियमित गरिनेछ ।<br>२. भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई विकासको साझा विषयको रुपमा एकीकृत गरी संचालन गरिनेछ ।<br>३. भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण तथा उत्पादन बृद्धिमा विशेष जोड दिइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| **ग. वातावरणीय संरक्षण तथा जलवायु परिवर्तन अनुकुलन** | |
| १. जनचेतना अभिवृद्धि गरी वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धित कार्यमा समुदायलाई अभ्यस्त गराउने। | १. वडास्तरीय विपद् व्यवस्थापन समितिहरूलाई परिचालन गरी समुदाय र टोल जलवायु परिवर्तन अनुकुलन कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ।<br>३. जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ।<br>४. गाउँपालिकाभित्र प्लाष्टिकका गिलास तथा प्लेटजस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ।<br>५. कोभन्दा को सफा वडास्तरीय प्रतिस्पर्धा कार्यक्रम सञ्चालन गरी समुदाय र घर सरसफाइको अभियान सञ्चालन गरिनेछ। |
| २. वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिबृद्धी गर्ने | १. गाउँपालिकाभित्र प्लाष्टिकका गिलास तथा प्लेटजस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ।<br>२. कुहिने र नकुहिने फोहोरमैला छुट्याई कुहिने फोहोरबाट कम्पोष्ट मल र नहुहिने फोहोरको पुनःप्रयोग, प्रशोधन र खाडलको व्यवस्थापन गरिनेछ।<br>३. सार्वजनिक स्थान र सडकको दायाबायाँ वरपिपल, समी, तुलसी, चाँप, लाकुरी, आँप, लिचि, सुन्तला, नास्पती र आरुवखडा जस्ता विरुवा रोपणलाई अभियानका रुपमा संचालन गरी वातावरण स्वस्छता कायम गरिनेछ।<br>४. विद्युत, वायोग्यास, सोलार, सुधारिएको चुल्लो जस्ता स्वच्छ उर्जाको प्रयोग, प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामाग्रीको प्रयोग, जलवायु परिवर्तन र विपद् उत्थानशिल प्रयासहरूलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने | १. जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ।<br>२. टोलस्तरीय प्रतिस्पर्धामूलक कार्यक्रम सञ्चालन गरी समुदाय र घर सरसफाइको अभियान सञ्चालन गरिनेछ।<br>३. टोलस्तरीय समिति तथा संस्थाहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाईका काम नियमित रुपमा सञ्चालन गरिनेछ। |

## ८.५ प्रमुख रणनीतिक कार्यक्रम-आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको वातावरण र विपद व्यवस्थापन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न स्थानीय वन समूह, संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ।

**तालिका ८.२ १२: वन तथा वातावरण व्यवस्थापन विकास क्षेत्रको रणनीतिक कार्यक्रम तथा आयोजना**

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| **प्रतिफल ४.१: वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन र उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुनेछ।** | | | | | |
| ४.१.१ वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम | समूह | ० | ५ | १५००० | वडा नं. १, ५, ६ ( साइने सा.व., महाकाली सा.व. र अन्य) |
| ४.१.२ राष्ट्रिय तथा सामुदायिक वनको सीमाङ्कन तथा वन संरक्षण | संख्या | ० | ३१ | १०००० | सबै वडा प्रदेशसँग साझेदारी (सीमाङ्कन, कृषि वन, नयाँ सा.व. गठन तथा हस्तान्तरण |
| ४.१.३ मध्यवर्ती वन क्षेत्रमा जैविक विविधता संरक्षण तथा प्रवर्द्धन | हेक्टर | ४०० | ५०० | १००० | मजुवामुमे, राम्चेभूमे, |
| ४.१.४ जडीबुटी खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | ० | १६ | २०००० | खेती क्षेत्र छनोट, क्षमता अभिवृद्धि तालिम, संकलन केन्द्र, बजार पहुँच तथा व्यवस्थापन |
| ४.१.५ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २००० | नियमित कार्यहरू |
| **प्रतिफल ४.१: जम्मा** | | | | ४८००० | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| **प्रतिफल ४.२ः भू तथा जलाधार क्षेत्रको संरक्षण र भूक्षयमा न्यूनीकरण भएको हुनेछ। (भू तथा जलाधार संरक्षण)** | | | | | |
| ४.२.१ सामुदायिक नर्सरी तथा वृक्षारोपण कार्यक्रम | हेक्टर | ६० हेक्टर | ५० | ४००० | वडा नं. १, ५ |
| ४.२.२ सार्वजनिक पूर्वाधार संरक्षण कार्यक्रम | कि.मी. | | १० | ४००० | वडा नं. ५, १, ६ मा विद्यालय, स्वास्थ्य चौकी, गाउँपालिका तथा वडा कार्यालयहरू, सामुदायिक भवन तथा अन्य सरकारी कार्यालय भवनहरू |
| ४.२.३ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २००० | नियमित कार्यक्रम |
| **प्रतिफल ४.२ः जम्मा** | | | | १०००० | |
| **प्रतिफल ४.३ः जलवायु परिवर्तनको प्रभाव न्यून भएको हुनेछ।** | | | | | |
| ४.३.१ वातावरणमैत्री स्थानीय शासन कार्यक्रम | संख्या | ० | १ | १२०० | सबै वडा(3R- Reduce, Resuse, Recycle अवधारणाबारे जनजागरण अभियान, कार्बन व्यापारबाट गाउँपालिकालाई लाभान्वित बनाउने) |
| ४.३.२ जलवायु परिवर्तन अनुकुलन सचेतना | संख्या | ० | १ | ५०० | सामुदायिक नेतृत्वमा गाउँपालिका भर |
| ४.३.३ सालवसाली कार्यक्रम | पटक | १ | ५ | ३०० | नियमित कार्यक्रम |
| **प्रतिफल ४.३ः जम्मा** | | | | २००० | |
| **वन तथा वातावरण व्यवस्थपन जम्मा** | | | | ६०००० | |

परिच्छेद ९

# विपद् व्यवस्थापन योजना

## ९.१ वस्तुस्थिति विश्लेषण

### पृष्ठभूमि

भौगर्भिक रुपमा कमजोर तथा गतिशीत पर्वत श्रृङ्खला, मौसमी विषमता, अस्थिर र भिरालो जमिन, असंवेदनशील विकास निर्माण कारण नेपाललाई भूकम्पीय जोखिमको दृष्टिले ११ औं तथा बाढी पहिलोको दृष्टिकोणबाट ३० औं अति जोखिम मुलुकको रुपमा चिनिने गरेको छ । नेपालको संविधानले विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको भने विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारीसम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयनमार्फत् प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको देखिन्छ ।

गाउँपालिकाले दीगो विकासको लक्ष्यसहितको दीर्घकालीन सोच कायम गरेर अगाडि बढिरहेको तथा संविधान तथा प्रचलित ऐन, कानुनले लिएका लक्ष्य तथा दीगो विकास लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्यहरूसमेत हासिल गर्न वर्तमान संघीय व्यवस्थामा स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा विपद् जोखिम व्यवस्थापन क्षेत्रका लागि आवधिक विकासको मार्गचित्र स्पष्ट गर्न आवधिक योजनाको विषय क्षेत्रगत योजनाका रुपमा यो योजना तर्जूमा गरिएको छ । यस योजनामा उल्लिखित क्षेत्रहरूमा यस शिवपुरी गाउँपालिकाका संभावना तथा अवसर र समस्या तथा चुनौती सहित विद्यमान अवस्था तथा रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरूसमेत संलग्न गरी यो योजना तर्जूमा गरिएको छ ।

### संभावना, अवसर र विद्यमान अवस्था

विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिमलगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि अन्य कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । गाउँपालिकाले विपद् व्यवस्थापन योजना तर्जूमा गरेको छ र विपद् व्यवस्थापन कोष रहेको छ । स्थानीय समुदायमा विपद् व्यवस्थापनका लागि परम्परागत ज्ञान, सीप रहेको छ । आपत् कालीन प्रतिकार्यको लागि सामुहिक आश्रयस्थल निर्माण गर्न पर्याप्त खाली जमिन रहेको छ । वर्षैभरि जलस्रोत उपलब्ध गराउने विभिन्न खोलाखोल्साहरू रहेका छन् । वि.सं. २०७२ को भूकम्पपछि भूकम्प प्रतिरोधी घर तथा सरकारी भनवहरूको निर्माण करिव ९० प्रतिशत सम्पन्न भइ सकेको छ भने बाँकी कार्य सम्पन्न हुने क्रममा रहेको छ । भूकम्पीय जोखिमका दृष्टिकोणले भुकम्प जानुभन्दा अगाडिको तुलनामा सुरक्षित अवस्थाको आँकलन गर्न सकिन्छ ।

### समस्या तथा चुनौती

भूमिको व्यवस्थित तथा वैज्ञानिक रुपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दीगो नहुने जोखिम

रहेको छ। विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि गाउँपालिकाको प्रमुख चुनौतिका रुपमा रहेको छ । गाउँपालिकामा भूकम्प, हावाहुरी, पहिरो, बाढी, खडेरी, महामारी, जनावर आतंकलगायत अन्य विभिन्न किसिमका प्रकोपहरू दोहोरिरहने गरेका छन् । विभिन्न स्थानमा नागाडाँडा रहेका हुँदा भूस्खलनको जोखिम रहेको छ। विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू रहेका छैनन् । जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन ।

## ९.२ लक्ष्य

यस गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- विपद् जोखिमलाई न्यूनीकृत तथा विकास प्रकृयालाई उत्थानशील र दीगो बनाउने

## ९.३ उद्देश्य

गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

१. विपद् जोखिम तथा विपदजन्य क्षती न्यूनीकरण भएको हुनेछ।

## ९.४ रणनीति तथा कार्यनीति

योजनाको विपद व्यवस्थापन सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा कार्यक्रम देहायअनुसार हुनेछः

**तालिका ९.१ १३ः विपद् व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. समुदाय तथा सरोकारवालाहरूसँगको साझेदारी तथा सहकार्यमा आधारित भई विपद् पूर्वतयारी, सचेतना तथा क्षमता अभिवृद्धिलाई केन्द्रीत गरी विपद् जोखिम न्यूनीकरण गर्ने । | १. वस्तीवस्तीमा विपद् व्यवस्थापन समिति तथा कार्यदलहरू गठन गरिनेछ।<br>२. समिति तथा कार्यदलहरूलाई तालिमलगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. प्रमुख वस्तीहरूमा उद्दार सामग्रहरू भण्डारण गरी नियमित अद्यावधिक गरिनेछ।<br>४. बायोइन्जिनिङ प्रविधि प्रवर्द्धन नदी तटबन्धन तथा पहिरो नियन्त्रणलाई दिगोपन दिइनेछ।<br>५. हरेक किसिमका विकासका गतिविधि सञ्चालन गर्दा विपद् जोखिमका अवधारणाहरूलाई सम्बोधन गरिनेछ।<br>६. आवश्यक पूर्वाधारसहितका सामुदायिक आश्रयस्थलहरू निर्माण गरी आपत् कालका लागि सामुहिक सुरक्षित आवासको प्रवन्ध गरिनेछ।<br>७. गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिको प्रतिनिधिलाई गाउँ, वडा तथा वस्तीस्तरीय कार्यक्रमहरूमा अनिवार्य रुपमा सहभागी गराई विपद् व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. विपद व्यवस्थापन कार्यलाई एकीकृत रुपमा संचालन गरिनेछ। | १. समुदाय तथा सरोकारवालासँगको साझेदारी तथा सहकार्यमा विपद् व्यवस्था कार्यहरू संचालन गरिनेछ।<br>२. विपद् व्यवस्थापन योजना कार्यान्वयनमा स्थानीय, राष्ट्रिय अन्तर्राष्ट्रिय विकास साझेदारहरूको सहयोग जुटाउन जुटाई नपुग रकम कम गरिनेछ।<br>३. आवश्यक पूर्वाधारसहितका सामुदायिक आश्रयस्थलहरू निर्माण गरी प्रभावकारी आपत्कालीन प्रतिकार्यलाई सुनिश्चित गरिनेछ। |

## ९.५ प्रमुख रणनीतिक कार्यक्रम/आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको विपद् व्यवस्थापन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

**तालिका ९.२ १४: विपद् व्यवस्थापन क्षेत्रको रणनीतिक कार्यक्रम**

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| **प्रतिफल ४.४: विपद् जोखिम तथा विपद्जन्य क्षति न्यूनीकरण भएको हुनेछ।** | | | | | |
| ४.४.१ विपद् व्यवस्थापन संस्थागत क्षमता विकास | वडा | ० | ८ | ८८० | • सबै वडा वडास्तरीय विपद् जोखिम व्यवस्थापन समिति तथा कार्यदलहरू गठन<br>• समिति तथा कार्यदलहरूलाई तालिम, कृत्रिम अभ्यासलगायत क्षमता अभिवृद्धिका कार्यक्रम |
| ४.४.२ आपत्कालीन उद्दार सामग्री व्यवस्थापन | स्थान | ० | ८ | ८०० | सबै वडा आपत्कालीन उद्दार सामग्री भण्डारण तथा नियमित अद्यावधिकरणको व्यवस्था |
| ४.४.३ सामुदायिक आश्रयस्थल निर्माण | स्थान | ० | ८ | १५००० | सबै वडा |
| ४.४.४ नदी तटबन्धन कार्यक्रम | मि. | ० | १५०० | १०००० | सबै वडा |
| ४.४.५ पहिरो नियन्त्रण कार्यक्रम | स्थान | ० | १० | १०००० | वार्षिक २ वटाका दरले |
| ४.४.६ सालवसाली कार्यक्रम | पटक | १ | ५ | ५००० | नियमित कार्यक्रम |
| **प्रतिफल ४.४: जम्मा** | | | | ४१६८० | |

# संस्थागत विकास तथा सुशासन योजना

## १०.१ वस्तुस्थिति विश्लेषण

### पृष्ठभूमि

संघीय व्यवस्था अनुसार सवैधानिक अधिकारबाट स्थापित स्थानीय सरकार जनताको घरदैलोको सरकारको रुपमा हेरिएको छ। नागरिकले स्थानीय सरकारबाट ठूलो अपेक्षा राखेका छन्। संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम दायित्व स्थानीय सरकारको हो। स्थानीय सरकारको फराकिलो अधिकार क्षेत्र, साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएकोछ। चुलिदै गएका जनआकांक्ष पुरा गर्न हिजोको तरिकाबाट सम्भव देखिदैन। बदलिँदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरू अबलम्बन गर्न जरुरी देखिएको छ। संस्थागत क्षमता विकास, कर्मचारी व्यवस्थापन र साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ स्थानीय सरकारले विशेष ध्यान दिन आवश्यक रहेको छ। यसलाई मध्यनजर गरी सेवा प्रवाह र विकास व्यवस्थापन प्रभावकारिता अभिबृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण गरिएको छ।

### विद्यमान स्थिति, संभावना तथा अवसर

गाउँसभा र कार्यपालिकाबाट शिक्षा, सहकारी ऐन लगायत एफएम रेडियो संचालन, ‘घ’ वर्गको निर्माण व्यवसाय दर्ता, र अपाङ्ग परिचय पत्र वितरण कार्यविधि लगायत कार्य सम्पादन र सेवा प्रवाहसम्बन्धी १६ वटा ऐन, नियम र कार्यविधि तर्जुमा भई कार्यान्वयनको अवस्थामा रहेका छन्। सहभागितामूलक योजना तर्जूमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जूमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटी, नागरिक वडा पत्र मार्फत सार्वजनिक गर्ने गरिएको छ।

सरकार संचालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिका र संघीय सरकारको लगानीमा गाउँ कार्यपालिका भवन निर्माणधिन रहेको छ। वडा नं. ४ र ८ को वडा कार्यालय, कृषि उपज केन्द्र, वडा नं. १ को वडा कार्यालय रहेको छ। वडा नं. ३, ५, ६ र ७ को वडा कार्यालयको नाममा जग्गा रहेको छ। कार्यालयमा २ वटा ४ पाङ्ग्रे सवारी साधन, २५ थान मोटरसाईकल, हाल भाडाको भवनमा आधारभूत भौतिक व्यवस्था सहितको कार्यालय व्यवस्थापन गरिएको छ। समायोजन प्रक्रियासँगै हाल गाउँपालिकमा समेत २५ जना कर्मचारी कार्यरत रहेका छन्।

स्थानीय तहको योजना तर्जूमा नमूना दिग्दर्शनको व्यवस्था अनुसार गाउँपालिकाको विषयगत वस्तुस्थिति झल्कने विवरण सहितको वस्तुस्थिति विवरण तयार भई गाउँपालिकाको समष्टिगत आर्थिक सामाजिक

विकासको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक कार्यक्रम कार्यक्रम सहितको आवधिक योजना तर्जूमासँगै अद्यावधिक गरिएको छ। बार्षिक बजेट तथा योजना तर्जूमा टोलवस्तीबाट शुरु गर्ने योजना तर्जूमाा प्रक्रियामा सेवाग्राही नागरिक र नागरिक समाजका प्रतिनिधिको समेत सहभागिताको व्यवस्था गरिएको छ। गाउँपालिकाको मुख्य लगानीको क्षेत्रको रुपमा रहेको सडक तथा यातायातलाई मापदण्ड सहित प्राथमिकता अनुसार व्यवस्थित रुपमा संचालन गर्न यातायात गुरुयोजना तर्जूमा र स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ। यसैगरी विकास लगानीको अर्को प्रमुख क्षेत्रको रुपमा रहेको खानेपानी तथा सरसफाई सम्बन्धी गुरुयोजना तर्जूमाको चरणमा रहेको छ। संचालित आयोजना तथा कार्यक्रमको प्रक्रिया अनुगमनको कार्य हुने गरेको छ।

गाउँपालिका कूल आय बजेटमा आन्तरिक श्रोतको योगदान मात्र ०.६६ प्रतिशत रहेकोमा आन्तरिक आयका क्षेत्रको संभाव्यता विश्लेषण गरी सुधारका कार्य संचालन गर्न आगामी ३ बर्षको प्रक्षेपणसहितको राजस्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयनको चरणमा रहेको छ।

**समस्या तथा चूनौति**

नेपालको संविधान, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन, संघीय कानून बमोजिम गाउँपालिकाले, कृषि प्रसार तथा व्यवसाय, आधारभूत स्वास्थ्य तथा सरसफाई, पूर्वाधार विकास, महिला, बालबालिका र सशक्तिकरण लगायतका विषयमा ऐन, नीति, नियम, कार्यविधि र मापदण्ड तर्जूमा हुन सकेको छैन। तर्जूमा भएका ऐन, नीति, नियम, कार्यविधिको कार्यान्वयन तथा पालनाको स्थिति कमजोर छ। विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित नभै पूर्वाधार विकास खास गरी सडक निर्माणमा बजेटको ठूलो अंश खर्च गर्ने गरिएको छ। रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजनामा लगानी कम रहेको छ। आ. व. २०७४/७५ मा वेरुजु अंक ४ करोड २२ लाख ५८ हजार रहेको देखिन्छ जुन कूल बजेटको १२ प्रतिशत हो।

कार्यापालिका कार्यालय, वडा कार्यालय र इकाईहरूमा आवश्यकता र दरबन्दी अनुसार कर्मचारीको पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाई देखिएको छ। वडा कार्यालय भवन निर्माण काम बाकी रहँदा सेवा प्रवाहमा असुविधा रहेको छ। नतिजामुखी योजना तर्जूमा अभ्यासको कमी, प्राथमिकता निर्धारण, मध्यकालिन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम धैरै संख्यामा रहेको कारण आयोजना तथा कार्यक्रमको गुणस्तर कायम गर्न सकिएको छैन। ज्ञान, सीप, ढाँचा तथा अनुभवको कमीको कारण आन्तरिक आयको शिर्षकगत अनुमान गरी राजस्व संकलन गर्न र सो अनुसारको अभिलेख राख्न नसकेको अवस्था छ। गाउँपालिकाको ध्यान राजस्व कसरी बृद्धी गर्ने भन्दा पनि खर्च गर्ने तिर बढी ध्यान गएको अवस्था विद्यमान छ।

सेवा प्रवाह र कार्यसम्पादनमा गैसस, नीजि क्षेत्र र समुदायको साझेदारी हुन सकेको छैन। गाउँपालिकामा स्थानीय गैसस, व्यावसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन। कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यावसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिविआर, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, भएका कार्यको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक नीजि र

गैसस लागयतका सेवा प्रदादक संस्था र निकायबाट सम्पादन गर्ने व्यवस्था सम्म मिलाउन नसकेको अवस्था छ। प्रचुर संभावनाका बाबजुद नीजि क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई परिचालन गर्न सकिएको छैन।

## १०.२ लक्ष्य

यस गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

१. गाउँपालिकाको सेवा प्रवाह, कार्यसम्पादन तथा जवाफदेहिताको स्तर वृद्धि गर्ने

## १०.३ उद्देश्य

गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

१. सेवा प्रवाह तथा कार्यसम्पादन प्रक्रिया स्पष्ट, सहज र पारदर्शी भएको हुनेछ।

२. गाउँ कार्यपालिका र सेवा प्रदायक निकायको संगठन विकास र व्यवस्थापन क्षमतामा अभिबृद्धि भएको हुनेछ।

३. राजस्व तथा आन्तरिक र वाह्य श्रोत परिचालन क्षमतामा अभिबृद्धि भएको हुनेछ।

४. योजना तर्जूमा, कार्यान्वयन तथा अनुगमन सहभागितामूलक, नतिजामुखी र प्रभावकारी भएको हुनेछ।

## १०.४ रणनीति तथा कार्यनीति

योजनाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ।

**तालिका १०.१ १५ः संस्थागत विकास तथा सुशासन क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **क. संगठन तथा क्षमता विकास** | |
| १. स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राही मैत्री बनाउने। | १. सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बाल, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक मैत्री रुपमा निर्माण गरिनेछ।<br>२. पेपरलेस सरकारको आधारणा क्रमशः लागु गरिनेछ।<br>३. सेवा प्रवाहको वैकल्पिक व्यवस्थाको लागि गैसस, नीजि क्षेत्र तथा सामुदायिक संस्थासँग साझेदारी गरिनेछ।<br>४. सरकारी जग्गा, भवन, संरचनाको अभिलेख तयार गरी संरक्षण र उपयोग गरिनेछ।<br>५. उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाई क्षेत्रमा शाखा वा केन्द्र स्थापना गरी सेवा संचालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **ख. कानून, नीति तथा सुशासन** | |
| १. स्थानीय कानून, नीति, नियम, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने । | १. संविधान, संघीय र प्रदेश कानूनको आधारमा स्थानीय तहको अधिकार क्षेत्रका विषयमा ऐन, नीति, नियम, कार्यविधि तथा मापदण्ड विकास तथा प्रवोधीकरण गरी परिपालना बृद्धि गरिनेछ ।<br>२. स्थानीय सरकारको जवाफदेहिता अभिबृद्धी सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ ।<br>३. गाउँपालिकाको नीति, निर्णय,, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण गरी यस सम्बन्धमा पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ । |
| २. स्थानीय नीति, कानून तथा निर्णय प्रक्रियामा लक्षित समुदाय तथा आम नागरिकको अपनत्व बृद्धि गर्ने | १. गाउँपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण गरी यस सम्बन्धमा पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ ।<br>२. स्थानीय तहको ऐन, नीति, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ । |
| **ग. श्रोत परिचालन तथा व्यवस्थापन** | |
| १. राजस्वको आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने । | १. राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन, नियम र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ । |
| २. आन्तरिक स्रोतको दायरा फराकिलो गराउँदै राजस्व बृद्धिमा जोड दिने । | १. कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, नियम तथा कार्यविधि बारे जनप्रतिनिधि, कर्मचारी र करदारताको क्षमता विकास गरिनेछ ।<br>२. स्थानीय आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन, विश्लेषण, तथा नियमित छलफल गरिनेछ ।<br>३. राजस्व परामर्श समितिको क्रियाशिलता बृद्धि गरिनेछ । |
| ३. गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग साझेदारी विकास गर्ने | १. निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग समन्वय र साझेदारी गरी स्रोत परिचालन गरिनेछ ।<br>२. गैसस, विकास साझेदार, प्रदेश र संघीय संरकारका निकायसँग नियमित वैठक, छलफल र संचार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| **घ. विकास व्वस्थापन** | |
| १. योजना तर्जूमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक तथा नतिजामूलक बनाउने। | १. पुर्वाधार विकास गर्दा अपाङ्क तथा वालमैत्री अवधारणा लागु गरिनेछ।<br>२. योजना संचालन गर्दा जनसहभागिता अभिवृद्धि गरिनेछ।<br>३. आयोजना कार्यान्वियनलाई व्यवस्थित, गुणात्मक र परिणाममुखी बनाइनेछ।<br>४. योजना तर्जूमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न कार्यविधि तर्जूमा गरिनेछ। |
| २. सडक तथा भवन निर्माण मापदण्ड तयार गर्ने | १. जमीनको भूबनौट, क्षमता, वर्तमान उपयोग तथा गाउँपालिकाको आवश्यकता अनुसार भूक्षेत्र निर्धारण गरी भुउपयोग नीति तर्जुमा गरी लागु गरिनेछ।<br>२. भूउपयोग योजना र निर्धारित क्षेत्र अनुसार पूर्वाधार विकास योजना तर्जुमा गरी कार्यान्वियन गरिनेछ। |

## १०.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वियन योजना)

आवधिक योजनाको संस्थागत विकास र सुशासन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ संस्था, समुदाय, नीजि क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा संस्थागत विकास तथा सुशासनको देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ।

**तालिका १०.२ १६: संस्थागत विकास तथा सुशासन क्षेत्रको प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना**

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| **प्रतिफल ५.१: सेवा प्रवाह तथा कार्यसम्पादन प्रक्रिया स्पष्ट, सहज र पारदर्शी भएको हुनेछ।** | | | | | |
| ५.१.१ सबै वडामा बाल तथा अपाङ्कमैत्री पक्की भवन निर्माण गर्ने | संख्या | २ | ६ | ६०००० | वडा न. १, २, ३, ५ र ७ मा कार्यालयको जग्गामा आ.व. ०७७/७८ भित्र |
| ५.१.२ गा.पा. तथा वडा कार्यालयको भौतिक पूर्वाधार विकास | संख्या | ० | | २०००० | गा. पा. भवन तथा वडा नं ४ र ८ को कार्यालय |
| **प्रतिफल ५.१: जम्मा** | | | | ८०००० | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | (रु. हजार) | |
| **प्रतिफल ५.२ः गाउँ कार्यपालिका र सेवा प्रदायक निकायको संगठन विकास र व्यवस्थापन क्षमतामा अभिबृद्धि भएको हुनेछ।** | | | | | |
| ५.२.१ संगठन विकास सर्भेक्षण गर्ने | पटक | ० | २ | १००० | गा. पा. |
| ५.२.२ क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने | पटक | ५ | ५० | १०००० | सालवसाली कार्यक्रम |
| ५.१.३ कार्यविधि निर्माण | वटा | १६ | १७ | १००० | स्थानीय खरीद नियमावली, अनूगमन तथा मूल्यांकन, गैसस समन्वय तथा परिचालन निर्देशिका, ब्यवसाय दर्ता कार्यविधि आन्तरिक नियन्त्रण कार्यविधि, न्यायीक समिति कार्यविधि लगायत तयार गर्ने |
| **प्रतिफल ५.२ः जम्मा** | | | | **१२०००** | |
| **प्रतिफल ५.३ः राजस्व तथा आन्तरिक र वाह्य श्रोत परिचालन क्षमतामा अभिबृद्धि भएको हुनेछ। (सुशासन)** | | | | | |
| ५.३.१ सार्वजनिक सुनुवाई | पटक | १ | ८ | ५०० | गापा स्तर |
| ५.३.२ सार्वजनिक लेखा परीक्षण | पटक | १ | ५ | ५०० | सालवसाली |
| ५.३.३ आन्तरिक नियन्त्रण प्रणली (आन्तरिक लेखा परीक्षणसमेत) | पटक | २ | १२ | ५०० | सालवसाली |
| ५.३.४ वित्तिय ब्यवस्थापन सुधार कार्यक्रम (राजश्व सुधार, खर्च ब्यवस्थापन सुधार) | पटक | १ | ४ | १००० | सालवसाली |
| **प्रतिफल ५.३ः जम्मा** | | | | **२५००** | |
| **प्रतिफल ५.४ः योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन सहभागितामूलक, नतिजामुखी र प्रभावकारी भएको हुनेछ।** | | | | | |
| ५.४.१ भुउपयोग योजना तयारी गर्ने | वटा | ० | १ | ४००० | गा. पा. |
| ५.४.२ आवधिक योजना, सडक गुरुयोजना, WASH गुरुयोजना, भुउपयोग योजनाको समीक्षा | वटा | ० | ४ | ४०० | गा. पा. |
| ५.४.३ नियमितयोजना तर्जुमा तथा समीक्षा | वटा | १ | ५ | ५०० | सालवसाली |
| ५.४.४ विद्युतिय सुशासन (E Paper Government) | | ० | १ | १००० | गापा |
| **प्रतिफल ५.४ः जम्मा** | | | | **५९००** | |
| **संस्थागत विकास तथा सुशासन कूल जम्मा** | | | | **१००४००** | |

# कार्यान्वयन व्यवस्था

## ११.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

प्रथम आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न वडा कार्यालय समेत गाउँ कार्यपालिकाबाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गर्नु पर्ने देखिन्छ। यस गाउँपालिकामा हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित नमूना संगठन संरचना तथा कर्मचारी दरबन्दीलाई समेत व्यवस्था हुन सकेको छैन।

हाल यस गाउँपालिकामा प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, प्राविधिक शाखा, स्वास्थ्य शाखा, शिक्षा शाखा, कृषि शाखा, पशु सेवा शाखा र स्वास्थ्य तथा सरसफाई शाखा गरी ८ वटा शाखाहरू सामान्य अवस्थामा संचालनमा रहेका छन् । उपरोक्त सबै शाखाहरू मध्ये शिक्षा शाखा, आर्थिक प्रशासन शाखाहरूमा शाखा प्रमुखको समेत पदपूर्ती हुन बाँकी रहेको छ। गाउँ वस्तुस्थिति विवरणअनुसार उपरोक्त शाखामा ८२ जना जनशक्ति मात्र रहेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित संगठन संरचना देहायअनुसार रहेको छ।



गाउँपालिकाको प्रथम आवधिक विकास योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्न नियमित प्रक्रिया, सेवा करार र सेवा खरिद गरी देहायअनुसार मानव संसाधनको आवश्यकता प्रस्ताव गरिएको छ।

**तालिका ११.१ १७: मानव संसाधन योजना**

| सेवा/शाखा वा पद | स्तर अनुसार आवश्यक मानव संशाधन (जना) | | | | | |
|---|---|---|---|---|---|---|
| | अधिकृत स्तर सातौ | अधिकृत स्तर छैटौ | सहायक स्तर पाँचौ | सहायक स्तर चौथो | श्रेणी विहिन वा अन्य | जम्मा |
| प्रशासन | ० | १ | ८ | १ | १२ | २२ |
| कृषि, पशु विकास तथा पर्यटन | ० | १ | ३ | ८ | ० | १२ |
| शिक्षा, युवा तथा खेलकुद विकास | १ | १ | २ | ० | ० | ४ |
| स्वास्थ्य, पोषण तथा सरसफाई | १ | १ | ८ | ३२ | ८ | ५० |
| महिला बालबालिका र समाज कल्याण | ० | ० | १ | १ | ० | २ |
| सामाजिक सुरक्षा तथा पञ्जिकरण | ० | ० | १ | ८ | ० | ९ |
| पूर्वाधार विकास, योजना तथा अनुगमन | ० | १ | २ | ८ | ० | ११ |
| वन, वातावरण तथा विपद व्यवस्थापन | ० | ० | १ | ० | ० | १ |
| आर्थिक प्रशासन तथा राजस्व | ० | १ | १ | १ | ० | ३ |
| **जम्मा** | २ | ६ | २७ | ५९ | २० | ११४ |

नोटः यस प्रस्तावमा विद्यालयमा अध्यापन गराउने शिक्षक संख्या समावेश गरिएको छैन।

## ११.२ स्रोत अनुमान तथा प्रक्षेपण

शिवपुरी गाउँपालिकाको नेतृत्वमा तुर्जमा भएको प्रथम आवधिक गाउँ विकास योजना गाउँ विकासका सबै सरोकारवालाहरूको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ। नतिजा तालिकामा उल्लेखित लक्ष्य प्राप्त गर्न तर्जूमाा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाले आन्तरिक र वाह्य श्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ। गत आ.व. २०७४।७५ को यथार्थ आय रु. ३४ करोड ३७ लाख ७२ हजार रहेको मा चालू आ.व. २०७५।७६ को अनुमानित आय रु. ४७ करोड २० लाख २७ हजार मात्र गरिएको छ। यसरी चालू आ.व.को अनुमानित आय र सो को कम्तिमा पनि वार्षिक १५ प्रतिशतका दरले आयवृद्धि हुनसक्ने आधारमा ५ वर्षको कुल अनुमानित आय गणना गर्दा गाउँपालिकाको कुल आय करिव रु. ४ अर्व १७ करोड ९१ लाख ५७ हजार हुने देखिन्छ। योजनाको संभाव्य श्रोत तथा सो को प्रक्षेपण देहायअनुसार प्रस्तुत गरिएको छ।

**तालिका ११.२ १८: प्रक्षेपण गरिएको आवधिक/बार्षिक बजेट**

| बजेटका श्रोतहरू | वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | कूल |
| आन्तरिक आय | १४,१२५ | १५,९४३ | १८,०११ | २१६१३ | २५,९३६ | ९५,६२८ |
| संघीय विभाव्य कोष राजश्व बाँडफाँड | ६०,९६६ | ६७,०६३ | ७३,७६९ | ८११४६ | ८९२६० | ३७२,२०४ |

| बजेटका श्रोतहरू | वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | कूल |
| प्रदेश विभाज्य कोष राजस्व बाँडफाड | १८,२८८ | २०,११६ | २२,१२८ | २४३४१ | २६७७५ | १११६४८ |
| संघीय सरकारको अनुदान | २८०,४७४ | ३०८,५२१ | ३३९,३७३ | ३७३३१० | ४१०६४१ | १७१२३२० |
| प्रदेश सरकारको अनुदान | ३४,७८२ | ४१,७३८ | ५०,०८६ | ६०,१०३ | ७२,१२४ | २५८,८३४ |
| संघीय सरकारको कार्यक्रम रकम | १३२,००० | १४५,२०० | १५९,७२० | १७५,६९२ | १९३,२६१ | ८०५,८७३ |
| प्रदेश सरकारको कार्यक्रम रकम | ४१,४०० | ४९,६८० | ५९,६१६ | ७१,५३९ | ८५,८४७ | ३०८,०८२ |
| संघ तथा प्रदेश विकास कोष | १६००० | १८४०० | २११६० | २४३३४ | २७९८४.१ | १०७८७८ |
| अ/गैसस र सहयोगी संस्था | १५,००० | १७,२५० | १९,८३८ | २२,८१३ | २६,२३५ | १०१,१३६ |
| समुदाय/जनसहभागिता | ५,००० | ६,२५० | ७,८१३ | ८,५९४ | ९,४५४ | ३७,१११ |
| निजी क्षेत्र | ४३,९७० | ४८,३६७ | ५३,२०४ | ५८,५२४ | ६४,३७७ | २६८,४४३ |
| **जम्मा** | **६६२,००५** | **७३८,५२८** | **८२४,७१८** | **९२२,००९** | **१,०३१,८९४** | **४,१७९,१५७** |

## ११.३ विषयक्षेत्र अनुसार प्रस्तावित बजेट

विषय क्षेत्रगत रुपमा वृहत कार्यशाला गोष्ठीको छलफल, प्रचलित अभ्यास, प्राविधिक विश्लेषण र प्रति इकाई लागतका आधारमा आवधिक विकास योजनामा ५ वर्षको कुल वजेट रु. ४ अर्व ३३ करोड ५८ लाख ०७ हजार अनुमान गरिएको छ। उक्त प्रति इकाई लागत अनुमानको विवरण बागमती प्रदेश को मध्यकालिन खर्च संरचनाबाट लिईएको हो, जसको विवरण **अनुसूची** २ मा प्रस्तुत गरिएको छ। यसर्थ आवधिक योजनाको प्राथमिकताका आधारमा प्रस्तावित क्रियाकलापहरूको कार्यान्वयनका लागि प्रभावकारी समन्वय एवं व्यवस्थापन गर्नुपर्ने देखिन्छ। आवधिक विकास योजनाअनुसार विषय क्षेत्रगत ५ बर्षको बजेट प्रक्षेपण देहाय अनुसार प्रस्तुत गरिएको छ।

**तालिका ११.३ १९: विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट**

| विषय क्षेत्र | कुल अनुमानित लागत (रु. हजार) | प्रतिशत |
|---|---|---|
| **१. आर्थिक विकास** | **३४५०००** | **७१९६** |
| प्रतिफल १.१ (कृषि विकास) जम्मा | १३२००० | ३.०४ |
| प्रतिफल १.२ (सिंचाई) जम्मा | ६०००० | १.३८ |
| प्रतिफल १.३ (पशु विकास) जम्मा | २९००० | ०.६७ |
| प्रतिफल १.४ (उद्योग तथा व्यापार) जम्मा | ११५००० | २.६५ |
| प्रतिफल १.५( श्रम, आय तथा रोजगारी र सहकारी तथा वित्तीय सेवा) जम्मा | ९००० | ०.२१ |
| **२. संस्कृति तथा पर्यटन** | **१३५५००** | **३१३** |
| प्रतिफल १.६ (संस्कृति तथा सम्पदा) जम्मा | ११५०० | ०.२७ |
| प्रतिफल १.७ (पर्यटन विकास) जम्मा | १२४००० | २.८६ |
| **३. सामाजिक विकास** | **७३३२००** | **१६१९१** |
| प्रतिफल २.१ (शिक्षा तथा सीप विकास) जम्मा | ३८३२०० | ८.८४ |

| विषय क्षेत्र | कुल अनुमानित लागत (रु. हजार) | प्रतिशत |
|---|---|---|
| प्रतिफल २.२ (स्वास्थ्य तथा पोषण) जम्मा | ८५००० | १.९६ |
| प्रतिफल २.३ (खानेपानी तथा सरसफाई) जम्मा | २४०००० | ५.५४ |
| प्रतिफल २.४ (लैंगिक समानता तथा सामाजिक समावेशीकरण) जम्मा | १०००० | ०.२३ |
| प्रतिफल २.५ (युवा तथा खेलकुद) जम्मा | १५००० | ०.३५ |
| **४. पुर्वाधार विकास** | **२८४००२७** | **६५।५०** |
| प्रतिफल ३.१ (सडक तथा यातायात) जम्मा | २७२४०७७ | ६२.८३ |
| प्रतिफल ३.२ (आवास भवन तथा शहरी विकास) जम्मा | ११४३५० | २.६४ |
| प्रतिफल ३.३ (सूचना तथा संचार) जम्मा | १६०० | ०.०४ |
| **५. ऊर्जा विकास** | **८००००** | **१।८५** |
| प्रतिफल ३.४ (विद्युत ऊर्जा) जम्मा | ५५००० | १.२७ |
| प्रतिफल ३.४ (वैकल्पिक ऊर्जा) जम्मा | २५००० | ०.५८ |
| **६. वन तथा वातावरण** | **६००००** | **१।३८** |
| प्रतिफल ४.१ः (वैज्ञानिक वन व्यवस्थापन) जम्मा | ४८००० | १.११ |
| प्रतिफल ४.२ः (भूसंरक्षण तथा जलाधार व्यवस्थापन) जम्मा | १०००० | ०.२३ |
| प्रतिफल ४.३ः (वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलन) जम्मा | २००० | ०.०५ |
| **७. विपद व्यवस्थापन** | **४१६८०** | **०।९६** |
| प्रतिफल ४.४ (विपद् जोखिम व्यवस्थापन) जम्मा | ४१६८० | ०.९६ |
| **८. सुशासन तथा संस्थागत विकास** | **१००४००** | **२।३२** |
| प्रतिफल ५.१ (संगठन तथा क्षमता विकास) जम्मा | ८०००० | १.८५ |
| प्रतिफल ५.२ (संस्थागत विकासा) जम्मा | १२००० | ०.२८ |
| प्रतिफल ५.३ (सुशासन) जम्मा | २५०० | ०.०६ |
| प्रतिफल ५.४ (विकास व्यवस्थापन ) जम्मा | ५९०० | ०.१४ |
| **कुल बजेट** | **४३३५८०७** | **१००।००** |

## ११.४ श्रोत परिचालन रणनीति

प्रथम आवधिक विकास योजनाको ५ बर्षको कुल वजेट रु ४ अर्व ३३ करोड ५८ लाख ७ हजार अनुमान गरिएको छ। गत आ.व. २०७४।७५ को यथार्थ र चालू आ.व.को अनुमानित सहित आगामी ५ वर्षको गाउँपालिकाको अनुमानित आय रु. ४ अर्व १७ करोड ९१ लाख ५७ हजार अनुमान गरिएकोमा अपुग रु. १५ करोड ६६ लाख ५० हजार रकम देखिएको छ। यस सम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ११.४ २०: विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट**

| क्र.सं. | अनुमानित श्रोत | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | आवधिक योजनाको लागि आवश्यक अनुमानित श्रोत | ४,१७९,१५७ | ९६.३९ |
| २ | आवधिक योजना अवधिमा उपलब्ध हुन सक्ने श्रोत | ४३३५८०७ | १००.०० |
| | **अपुग श्रोत** | **१५६,६५०** | **३।६१** |

श्रोत परिचालनका लागि देहाय अनुसारको रणनीति अख्तियार गरिने छ।

- आन्तरिक श्रोत (विद्युत उत्पादन, जडिबुटी, खनिज र कर तथा शुल्क) दायरा र दर बढाउने
- संघीय र प्रदेश सरकारसँग अनुदान रकम बढाउन पैरवी गर्ने
- गैसस तथा विकास साझेदारसँग साझेदारी र सहकार्य गर्ने
- स्वदेश तथा विदेशमा भएका संस्था तथा व्यक्तिबाट सहयोग जुटाउने
- जनश्रम, स्थानीय स्रोत र सामग्री योगदानमा बृद्धि गर्ने
- नीति क्षेत्रको लगानी र साझेदारी अभिवृद्धी गर्ने
- सामुदाय तथा नीजि क्षेत्रसँग लागत साझेदारीमा कार्यक्रम तथा आयोजना सञ्चालन गर्ने
- छिमेकी स्थानीय सरकारसँग संयुब्त लगानीका आयोजना छनौट गरी श्रोत परिचालन गर्ने
- संघ तथा प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट प्राप्त हुने सहयोगलाई बढाउन पैरवी गर्ने

## ११.५ आवधिक विकास योजना कार्यान्वयन

आवधिक योजनामा आधारित भई वार्षिक योजना तथा बजेट तर्जूमा गरी आवधिक योजनाको कार्यान्वयन गरिनेछ। यसरी वार्षिक योजना तथा वजेट तर्जूमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, नीति तथा कार्यनीति एवं कार्यक्रमलाई आधार लिईनेछ। वार्षिक रुपमा तर्जूमा गरिने कार्यक्रम तथा आयोजनाको एकीकृत योजना तथा बजेट तर्जूमाको ढाँचा अनुसूची ३ मा दिईएको छ।

## ११.६ अनुगमन तथा मूल्याङ्कन

### ११.६.१ अनुगमन तथा मूलायाङ्कनको आवश्यकता

अनुगमन तथा मूल्याङ्कन कार्यले निर्धारित लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफल अपेक्षित रुपमा हासिल भए नभएको र कार्यान्वयनको यथार्थ अवस्था जानकारी जानकारी लिई प्रभावकारी रुपमा कार्यान्वयन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। आवधिक विकास योजनाको कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी योजनाले निर्धारण गरेका लक्ष्य, असर र प्रतिफल हासिल गर्ने दिशातर्फ भएको प्रगति सुनिश्चित गर्नु पर्दछ। योजना कार्यान्वयनका क्रममा देखापर्ने समस्याहरूको पहिचान र समाधान गरी यथोचित रुपमा श्रोत साधनको परिचालनका लागि मार्ग दर्शक हुन्छ। तसर्थ गाउँपालिकाले यस प्रथम आवधिक विकास योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने र यस कार्यका लागि

वार्षिक योजना कार्यान्वयन तालिका समेत तयार गर्नु पर्नेछ । यसरी तयार भएको कार्यान्वयन तालिकामा अनुगमन तथा मूल्याङ्कनका कार्यहरूसमेत निर्दिष्ट गर्ने एवं सो अनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गर्नु आवश्यक देखिन्छ ।

### ११.६.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

आवधिक गाउँ विकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिने छ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गर्नेछ । गाउँपालिकाको आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेको छ ।

- गाउँ कार्यपालिका
- विषयगत समिति
- अनुगमन तथा सुपरीवेक्षण समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा, उपशाखा, इकाई, परियोजना, संघ, संस्था
- तेश्रो पक्ष तथा नागरिक समाज संस्था

### ११.६.३ अनुगमन तथा मूल्याङ्कन विधि तथा प्रक्रिया

आवधिक गाउँ विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका औजार तथा विधि देहायअनुसार रहनेछ ।

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचा अनुसार बार्षिक समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक मध्यावधि समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक तथा बार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा तथा प्रक्रिया देहायअनुसार प्रस्ताव गरिएको छ । यस बमोजिम नतिजामूलक अनुगमन तथा मूल्याङ्कन योजना तयारी गरी आवधिक विकास योजना समेत बार्षिक योजना अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

**तालिका ११.५ २१: आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया**

| नतिजा तह | पुष्टयाई को आधार | अनुगमन मूल्यांकन समय | अनुगमनको विधि तथा प्रकृया | जिम्मेवारी |
|---|---|---|---|---|
| प्रभाव तह अनुगमन तथा मूल्याङ्कन | - प्रभाव मूल्याङ्कन प्रतिवेदन<br>- प्रभाव अनुगमन प्रतिवेदन<br>- अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>- मध्यावधी समीक्षा<br>- वस्तुस्थिति विवरण<br>- आयोजना/कार्यक्रम प्रभाव मूल्याङ्कन प्रतिवेदन | - योजना अवधि समाप्त भएको २ वर्ष<br>- मध्यावधि (तेश्रो बर्षको अन्त्यमा)<br>- प्रभाव नजिता अनुगमन (अन्तिम बर्ष) | - नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>- सहभागितामूलक छलफल गर्ने<br>- अध्ययन तथा सर्वेक्षण गर्ने<br>- कार्यपालिका र सभाको वैठकमा समीक्षा गर्ने | - गाउँ कार्यपालिका, सरोकारवाला र तेश्रो पक्ष |
| असर तह अनुगमन तथा मूल्याङ्कन | - मद्यावधी समीक्षा प्रतिवेदन<br>- असर अनुगमन प्रतिवेदन<br>- बार्षिक समीक्षा प्रतिवेदन<br>- अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>- वस्तुस्थिति विवरण | - बार्षिक, मद्यावधि र अन्तिम बर्ष | - नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>- नमूना सर्वेक्षण गर्ने<br>- गाउँ कार्यपालिका वैठकमा समीक्षा गर्ने<br>- आयोजना कार्यक्रमको कार्य सम्पादन प्रतिवेदन विश्लेषण गर्ने<br>- आयोजना तथा कार्यक्रम सम्पन्न स्थिति र खर्च विवरण अध्ययन गर्ने<br>- सामाजिक परीक्षण र प्रतिवेदन विश्लेषण गर्ने<br>- सहभागितामूलक रुपमा समीक्षा गोष्ठी गन | - सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष |
| प्रतिफल अनुगमन तथा मूल्याङ्कन | - चौमासिक प्रगति प्रतिवेदन<br>- बार्षिक समीक्षा प्रतिवेदन<br>- वस्तुस्थिति विवरण | - चौमासिक, अर्धवार्षिक, बार्षिक र मद्यावधी | - स्थलगत अनुगमन गर्ने<br>- बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>- नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>- विषयगत समिति र कार्यपालिका वैठकमा समीक्षा गर्ने<br>- सामाजिक परीक्षण गर्ने तथा प्रतिवेदन विश्लेषण गर्ने | - गाउँ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति |

| नतिजा तह | पुष्टयाई को आधार | अनुगमन मूल्यांकन समय | अनुगमनको विधि तथा प्रकृया | जिम्मेवारी |
|---|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | - मासिक प्रगति प्रतिवेदन<br>- चौमासिक प्रगति प्रतिवेदन<br>- गुणस्तर अनुगमन प्रतिवेदन | - पटके, मासिक, चौमासिक र बार्षिक | - स्थलगत अनुगमन गर्ने<br>- चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>- विषयगत समिति र कार्यपालिका वैठकमा समीक्षा गर्ने | - अनुगमन तथा सुपरीवेक्षण समिति, वडा समिति, विषयगत शाखा, इकाई परियोजना तथा गैसस |

## अनूसूची १ : प्रथम आवधिक विकास योजनाको एकीकृत नतिजा तालिका

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **लक्ष्य** : हरित, विकसित र समृद्ध शिवपुरीको आधार तयार हुने । | मानव विकास सूचकांङ्क (Province 3 Report) | मान | ०.४३४ | ०.४९१ | ०.५५९ | ०.५९८ | –गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>–मूल्याङ्कन प्रतिवेदन<br>–प्रगति/अनुगमन प्रतिवेदन | |
| | प्रति व्यक्ति वार्षिक आय (NHDR २०१४) | डलर | १०८६ | १२०० | १७०० | २२०० | | |
| | दोश्र तेश्रो रोजगार | जना | ११७५ | १२२० | २००० | ३००० | | |
| | औषत आयु (NHDR २०१४) | वर्ष | ७०.८१ | ७२ | ७४ | ७६ | | |
| | वार्षिक आम्दानीको दुई तिहाईभन्दा बढी रकम खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ५० | ४८ | ४० | ३० | | |
| | बेरोजगार | जनसंख्या | ८७१७ | ८००० | ५००० | ३००० | | |
| | बार्षिक १ लाख भन्दा कम आम्दानी हुने घरपरिवार | प्रतिशत | १७ | १५ | ११ | ९ | | |
| | भुकम्प प्रतिरोधी घरमा वसोवास गर्ने जनसंख्या | प्रतिशत | ९० | ९२ | ९७ | ९९ | | |
| **असर** १ : उत्पादन, रोजगारी र आयमा दीगो वृद्धि हुने | कृषि, वन तथा पशुपालन क्षेत्रमा रोजगार | प्रतिशत | ४० | ५० | ६० | ७० | –गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>–सर्वेक्षण प्रतिवेदन<br>–प्रगति/अनुगमन प्रतिवेदन | – स्थानीय स्तरमा आर्थिक अवसरको सृजना भएको हुनेछ ।<br>– संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जूमा हुनेछ ।<br>– जलवायु परिवर्तन र विपदको असर न्युन भएको हुनेछ । |
| | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | जना | २२० | २७० | ३५० | ५०० | | |
| | पर्यटन तथा सेवा क्षेत्रमा रोजगार | जना | ४० | ५० | ७० | १०० | | |
| | प्रति परिवार वार्षिक आय | रु. हजारमा | १५९.०६ | १७० | १८५ | २०० | | |
| | बार्षिक ५०,००० भन्दा कम आम्दानी हुने परिवार | प्रतिशत | १५ | १४ | १० | ५ | | |
| | वैदेशिक रोजगारीमा गएका व्यक्ति | जना | ७७६ | ७२६ | ६०० | ५०० | | |
| | उन्नत विउ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ३ | ५ | १० | १५ | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल** १.१: कृषि व्यवसाय आधुनिक, व्यवसायिक, अर्गानिक एवं प्रतिस्पर्धी भएको हुनेछ। | आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ११.५४ | १३.५४ | १७.०४ | २७.०४ | –गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>–सर्वेक्षण प्रतिवेदन<br>–प्रगति/अनुगमन प्रतिवेदन | –कृषि विकास रणनीतिको कार्यान्वयन हुनेछ।<br>–सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ।<br>–कृषि सेवा तथा प्रविधी प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ।<br>–बजार अवधारणा अनुसार कृषकको नेतृत्वमा कृषी अनुसन्धान र प्रविधि हस्तान्तरण हुनेछ।<br>–जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ<br>–कृषि वातावरणीय ह्रास कम हुनेछ। |
| | कृषि तथा पशुपालन व्यवसायमा संलग्न परिवार | प्रतिशत | १८ | २३ | ३३ | ५८ | | |
| | साना किसान तथा उत्पादकको औषत वार्षिक आय (प्रति परिवार) | रु.हजारमा | १०० | १२५ | १५० | २०० | | |
| | जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | रु.हजारमा | १२० | १३० | १४० | १५० | | |
| | व्यवसायिक कृषि फार्म | संख्या | ११ | २५ | ३२ | ५० | | |
| | सक्रिय व्यवसायिक कृषक सूमह | संख्या | ६४ | ७० | ७५ | ८० | | |
| | व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | २४२ | ३०० | ४०० | ५०० | | |
| | तरकारी उत्पादन -वार्षिक) | क्विन्टल | २००० | २५०० | ३५०० | ५००० | | |
| | फलफुल उत्पादन | क्विन्टल | ३७५ | १००० | २००० | ५००० | | |
| | नगदे वाली उत्पादन | क्विन्टल | ४२३० | ५००० | ५५०० | ६००० | | |
| | तेलहन उत्पादन | क्विन्टल | १३२० | १५०० | १८०० | २००० | | |
| | मह उत्पादन | के.जि. | २५०० | ३००० | ३५०० | ४००० | | |
| | व्यवसायिक कृषि नर्सरी | संख्या | ३ | ८ | १६ | ३० | | |
| | कोल्ड स्टोर/रष्टिक स्टोर/सेलार स्टोर | संख्या | ० | २ | ४ | ८ | | |
| | प्रवर्द्धित कृषि उपज संकलन तथा बजार केन्द्र | संख्या | ० | ३ | ५ | १० | | |
| | कृषि संकलन केन्द्र | संख्या | २ | ५ | ८ | १२ | | |

